# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ३७ पूर्णाङ्क ८६ | २०७४ चैत ५ गते सोमबार | Monday, March 19, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## 'शुकदेव गुरुङ राष्ट्रको साझा सहिद'

बुटबल । नेपाल आदिवासी जनजाति महासंघका पूर्व महासचिव डा.ओम गुरुङले शहीद शुकदेव गुरुङ राष्ट्रको साझा शहीद भएकोमा जोड दिँदैं शहीद घोषणा गरेर सम्मान गर्न आग्रह गर्नुभएको छ । शुकदेवलाई शहीद घोषणा नगरे आन्दोलनको विकल्प नभएको डा.गुरुङले चेतावनी दिनुभयो । अग्रणी शहीद शुकदेव राष्ट्रिय कार्यदल संरक्षण समितिले आइतबार बुटवलमा गरेको एकल जातीय संघ-संगठनको बृहत् अन्तरक्रिया कार्यक्रममा बोल्दैं उहांले शुकदेवलाई शहीद घोषणा गर्नका लागि सबै एकजुट भएर लाग्न अनुरोध गर्नुभयो । दलगत स्वार्थ र व्यक्तिगत रिसिइबीमा मारिएकालाई राष्ट्रले तत्कालैं शहीद घोषणा गर्छ तर राणाको विरुद्ध शोषण र अन्यायको विरोधमा वलिदान गर्ने शुकदेवलाई शहीद घोषणा नगर्नु विभेद भएको बताउंनुभयो । आदिवासी जनजाति आन्दोलनका अगुवा समेत रहनुभएका उहांले राज्यले जनजातिसंग सहमति गर्छ, कार्यान्वयन...*बाँकी ६ पेजमा*

# जुझारु संगठन निर्माणमा क्रान्तिकारी माओवादीको जोड



● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेपालमा नयाँ जनवादी क्रान्तिको तयारी गरिरहेको नेकपा (क्रान्तिकारी माओवादी)ले जुझारु संगठन निर्माणमा जोड दिँदै आएको छ । पार्टीको राष्ट्रिय सम्मेलनपश्चात पौषममा सम्पन्न पार्टी केसको चितवन बैठकले 'संगठन, संगठन, संगठन' भन्दै संगठन निर्माण तथा सुदृढीकरणलाई मुख्य बनाएर अहिले क्रान्तिकारी माओवादी तीन महिने अभियानमा जुटिरहेको छ । निराशा, पलायनता र निस्क्रियतालाई तोड्दै क्रान्तिकारी आशावादले समृद्ध बनेर संगठन विस्तार र सुदृढीकरण अभियान तीव्र रूपमा अगाडि बढिरहेको छ ।

सात वटै प्रदेशका अधिकांश जिल्लामा अभियान प्रभावकारी रूपमा सञ्चालन भइरहेको क्रान्तिकारी माओवादीका प्रदेश सचिवहरूले बताउनु भएको छ । चौतर्फी अवसरवाद हावी रहेको समयमा क्रान्तिकारी माओवादीमा देखिएको जनताको आकर्षण र आमूल परिवर्तनका लागि जनताले क्रान्तिकारी माओवादीप्रति देखाएको आशा र विश्वासले नेता कार्यकर्तामा थप उत्साह र जिम्मेवारी बोध थपिरहेको नेताहरूले दावी गर्नुभएको छ । माघबाट सुरु भएको संगठन तथा जनपरिचालन अभियानका क्रममा देशैभर पार्टी, देशभक्त जनगणतान्त्रिक मोर्चा, जबस/मोर्चाका गरी सैयौं संगठनहरू निर्माण भएका छन् भने जनयुद्ध दिवस, सहिद सप्ताह, आठ मार्चलगायतमा कार्यक्रमहरूमा गरी हजारौं जनता परिचालित भएका छन् ।

संगठन निर्माणसँगै क्रान्तिकारी माओवादीले संगठन सुदृढीकरणलाई पनि जोड दिएको छ । खासगरी जुझारु तथा लडाकु संगठन निर्माणमा जोड दिएको छ । संगठन र संघर्षको द्वन्द्वात्मक सम्बन्धलाई ख्याल गर्दै जुझारु संगठन निर्माणमा जोड दिएको हो ।

पार्टीको ३ नं. प्रदेशले क्रान्तिकारी युवाहरूको वैचारिक, राजनीतिकसँगै शारीरिक प्रशिक्षण वा तालिमको पनि आयोजना गऱ्यो । २८ माघमा सुरु गरिएको उक्त तालिमको उद्घाटन क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले गर्नुभएको थियो । क्रान्तिकारी युवाहरूको यो तालिमलाई रोक्न प्रहरी प्रशासनले पटक पटक कोशिस गरेपनि युवाहरूको कडा प्रतिरोधका कारण प्रशासन पछि हट्न वाध्य भएको थियो । सान्दार रूपमा सम्पन्न क्रान्तिकारी युवाहरूको यो शारीरिक प्रशिक्षणले क्रान्तिकारी तप्कामा एउटा उत्साह पैदा गराइदिएको छ भने वर्गदुश्मनको कित्तामा सानै भएपनि आतंक पैदा गराइदिएको छ ।...*बाँकी ६ पेजमा*

## अनेकोटमा साँस्कृतिक प्रतिरोध दिवस




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेश र अखिल नेपाल जनसाँस्कृतिक महासंघको संयुक्त आयोजनामा २० औं साँस्कृतिक प्रतिरोध दिवस काभ्रेको अनेकोटमा मनाइदैछ । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य' किरण'को प्रमुख आतिथ्यतामा हुन लागेको उक्त कार्यक्रममा अनेकोटमा सहादत प्राप्त गर्ने साँस्कृतिक सहिदहरूका परिवारजनलाई सम्मान गर्ने कार्यक्रम पनि राखिएको छ । कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का पिविएम तथा ३ नं. प्रदेश सचिव दिनेश शर्मा'सागर', पार्टी केस तथा अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवाली, महासंघकी ३ नं. प्रदेश संयोजक गौरी दाहाल लगायतका नेताहरू कार्यक्रममा सहभागी हुने कार्यक्रम रहेको छ ।

२०५५ साल, चैत ५ गते तत्कालीन सत्ताले बर्बर र अमानवीय रूपमा काभ्रेको अनेकोटमा सशस्त्र घेरा हाली कुची, कलम र मादलका माध्यमबाट वर्गीय विचार र आस्थामा प्रतिवद्ध भएका कारण निःशस्त्र ७ जना जनकलाकारहरूलाई ज्यूँदै आगो लगाएर मारेको थियो । जनताको गीत गाउँदै हिँड्नेक्रममा अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सदस्य च्याङ्बा लामासहित ७ जना कलाकारहरूलाई २०५५ साल चैत ५ गते तत्कालीन राज्यपक्षले नियन्त्रणमा लिएर हत्या गरेको दिनलाई प्रतिनिधिमूलक दिनको रूपमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घले सांस्कृतिक प्रतिरोध दिवसको रूपमा हरेक वर्ष मनाउँदै आइरहेको छ । जनताका कलाकारहरू च्याङ्बा लामा, निर्मला...*बाँकी ६ पेजमा*


## 'उपत्यकाका आदिवासीलाई विस्थापित गर्न खोजियो' : *नेवाः मोर्चा*

काठमाडौं । सरकारले विकास निर्माणको नाममा ऐतिहासिक तथा पुरातात्विक महत्वको साँस्कृतिक सम्पदा र उपत्यकाका आदिवासी समुदायलाई विस्थापित गर्न खोजिएको नेकपा (क्रान्तिकारी माओवादी) निकट नेवाः राष्ट्रिय मुक्ति मोर्चाले आरोप लगाएको छ । मोर्चाका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठ र ३ नं. प्रदेश संयोजक गोर्की श्रेष्ठले संयुक्त रूपमा एक प्रेस वक्तव्य जारी गर्दैं यस्तो आरोप लगाउनु भएको हो ।

वक्तव्यमा राष्ट्रिय गौरवको योजनाका रूपमा फास्टट्र्याक बनाउने तथा यसको जेरो प्वाइन्ट ललितपुरको खोकनालाई बनाउने र यसको निर्माण कार्य सेनालाई जिम्मा दिने सरकारले निर्णय गरेको प्रसंग उल्लेख गर्दै परियोजनाको निर्माणका बारेमा व्यापक रूपमा विवाद र स्थानीय जनताको जनअसन्तोष छरपस्त भइरहेको जनाइएको छ । यसप्रति मोर्चाको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै वक्तव्यमा काठमाण्डौ उपत्यका पुरातात्विक महत्वको ऐतिहासिक साँस्कृतिक शहर रहेकोले 'यसको संरक्षण, संबर्द्धन र विकास साँस्कृतिक ढंगले गर्नु पर्दछ, यसो गर्न नसके कमसेकम ऐतिहासिक शहरलाई प्रतिकुल असर पर्ने गरी विकासको नाममा विभिन्न संरचना निर्माण गरिनु हुन्न । युनेस्कोको प्रावधान अनुसार पुरातात्विक तथा ऐतिहासिक शहर भएका ठाउँहरूमा विभिन्न संरचना निर्माण गर्दा पालना गर्नु पर्ने सर्तहरू पहिला कार्यान्वयन गरिनु पर्दछ ।' उल्लेख गरिएको छ ।

खोकनालाई फास्टट्र्याकको जेरो प्वाइन्ट बनाउँदा...*बाँकी ६ पेजमा*

## 'माके वाम खोल ओढेको दक्षिणपन्थी गद्दार समूह'



हेटौडा । नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिगको ३ नं. प्रदेशको युवा जागरण तथा प्रशिक्षण कार्यक्रमको सोमबार मकवानपुरमा उद्घाटन गर्दै क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य' किरण'ले माके कम्युनिष्ट र वामको खोल ओढेको अवसरवादी गद्दारहरूको समूह भएको बताउनु भएको भएको छ ।

नेपालमा कम्युनिष्ट तथा वाम जनमत ठूलो रहेकोले त्यसलाई भ्रमित तुल्याएर आफ्नो स्वार्थसिद्ध गर्न कम्युनिष्ट वा वाम भएको उनीहरूले नौटंकी गरिरहेको पनि बताउनु भयो . मुलुकमा नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्ने उद्घोषका भएको महान जनयुद्धमाथि गम्भीर धोका र गद्दारी गरेर भूतपूर्व कमरेडहरू पुरानै पश्चगामी संसदीय व्यवस्थाको मतियार बनेर जनयुद्धकालमा 'गद्दार संशोधनवादी, प्रतिक्रियावादी एमाले गुट' भन्ने प्रचण्डहरू अहिले...*बाँकी ६ पेजमा*

## क्रान्तिकारी युवाहरूको प्रशिक्षण भव्य रूपमा सम्पन्न



मकवानपुर । नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपाल ३ नम्बर प्रदेशले आयोजना गरेको युवा जागरण तथा राजनीतिक प्रशिक्षण कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ । फाल्गुन २८ गते पार्टी महासचिव मोहन वैद्य'किरण'ले उद्घाटन गर्नुभएको उक्त कार्यक्रम ५ दिनसम्म निरन्तर चलेको थियो । क्रान्तिकारी युवाहरूको...*बाँकी ६ पेजमा*

## सातवटा माओवादी समूहले निकाले संयुक्त वक्तव्य



एजेन्सी । मार्क्सको २००औं जन्म दिवसका सन्दर्भमा युरोप तथा ल्याटिन अमेरिकाका ७ वटा माओवादी समूहले हालै संयुक्त वक्तव्य प्रकाशित गर्दै आजको सन्दर्भमा मार्क्स र मार्क्सवादको पक्षमा उभिनु भनेको सबैखाले अवसरवादको विरुद्धमा र मार्क्सवाद-लेनिनवाद-माओवाद र जनयुद्धको पक्षमा दृढताका साथ उभिनु हो भनेका छन् । यसरी वक्तव्य प्रकाशित गर्नेहरूमा कम्युनिस्ट पार्टी अफ ब्राजिल (रेड प्रयाक्सन), पिपुल्स मुभमेन्ट पेरू (रिअर्गनाइजेसन कमिटी), कम्युनिस्ट पार्टी अफ इक्वेडर(रेडसन, रेड प्रयाक्सन अफ दि कम्युनिस्ट पार्टी अफ चिली, माओइस्ट अर्गनाइजेसन फर दि रिकंस्टिच्युसन अफ दि कम्युनिस्ट पार्टी अफ मेक्सिको र कम्युनिस्ट रेड फ्ल्याग-एफआरजी रहेका छन् ।

वक्तव्यमा मार्क्सले आफ्ना सहयोद्धा एङ्गेल्ससित मिलेर गरेका योगदानहरू, कम्युनिस्ट घोषणपत्रको विश्वव्यापी र सार्वभौम महत्वको चर्चाका साथै मार्क्स र मार्क्सवादका विरूद्ध प्रतिक्रियावादी, संशोधनवादी र विसर्जनवादी कोणबाट गरिएका कुतर्कहरूको खण्डन गरिएको छ । वक्तव्यमा, मार्क्सवादलाई महान् लेनिनले लेनिनवादका...*बाँकी ८ पेजमा*

## के यो व्यवस्थामा स्थीरता र समृद्धि सम्भव छ ?

लामो समयदेखि संक्रमणकालबाट गुज्रिरहेको नेपाली समाजमा 'शान्ति', 'स्थिरता', 'आर्थिक विकास' र 'समृद्धि'को खुबै चर्चा हुने गरेको छ । नयाँ शाषकहरूले यी विषयलाई नयाँ आविष्कार नै पो हो कि भन्ने ढंगले उठाउने गरेको पाइन्छ । तर, यी विषय पुरानै हुन् र शाषक वर्गले पहिलेदेखि नै उठाउने गरेका विषय हुन् । नेपालको इतिहासतिर फर्कने हो भने पनि यो विषय विशेष गरी पञ्चायती कालमा झन् बढी उठ्ने गरेको थियो । त्यसपछि पनि यी विषयहरू लगातार उठिरहेका छन् । नयाँ संविधानको घोषणा गर्ने सन्दर्भमा पनि यिनै विषयलाई बढी उठाउने गरिएको थियो । तीन तहका निर्वाचनमा त यसको बजार नै लागेको थियो । जुन व्यापारीले यसलाई बडो सज्धज् र आकर्षक ढंगले विज्ञापन र व्यवस्थित रूपमा प्रचार प्रसार गर्न सक्यो, उसैले बाजी मार्न सफल भयो । यसको साथसाथै चुनावकै समयमा पैसाको खोलो पनि बगाएपछि, हाताहाती नै पनि उपलब्ध गराएपछि यसले नेपाली मतदातालाई एक पटक त लट्ठै पारेजस्तो देखिन्थ्यो । (प्रतिक्रियावाद उन्मुख दक्षिणपन्थीहरूको) वामपन्थी गठबन्धनले केन्द्र र प्रदेश दुवैतिरको चुनावमा बाजी मारेपछि प्रदेश र केन्द्रमा उनीहरूकै सरकार बनेको केही समय बितेको छ । लामो समय पनि व्यतित भएको छैन, तर नेपाली समाजमा जे जस्ता घटना घटिरहेका छन्, त्यसले नेपाली जनता, विशेषतः ती पार्टीहरूलाई मतदिने मतदाता यतिखेर कुनै डरलाग्दो सपना देखेर निद्राबाट ब्युँझे जस्तो अवस्थामा पुगे जस्तो देखिएको छ । के यही व्यवस्थाअन्तर्गत यसै अवस्थामा उनीहरूले आश्वासन र प्रलोभन दिएको 'शान्ति', 'स्थिरता', 'आर्थिक विकास' र 'समृद्धि' संभव छ ? भन्ने प्रश्न गम्भीर रूपमा उठ्न थालेको छ । प्रस्तुत लेख मूलतः यसै विषयमा केन्द्रित रहने छ ।

> राष्ट्रिय पुँजीवादको विकास भयो भने दलाल र नोकरशाही पुँजीपति वर्गको मुनाफा र कमिसन समाप्त हुने भएको हुनाले, तिनीहरूको सत्तामा बोलवाला पनि कमजोर हुने भएकाले दलाल र नोकरशाही पुँजीपति वर्ग नै नेपालको आर्थिक विकास, समृद्धि हुन नदिने मुख्य शक्ति हो ।



● सी पी गजुरेल ●

**यो नयाँ होइन, पुरानै नारा**

स्थायित्व, स्थिरता, शान्ति, आर्थिक विकास र समृद्धिका नारालाई नयाँ शाषकहरूले नयाँ भन्ने गर्दछन् । तर यी विषय धेरै पहिलेदेखि नै अन्तर ाष्ट्रिय रूपमा व्यापक रूपमा उठाइने गरेका विषयहरू हुन् । खासगरी ८० र ९० को दशकदेखि यता यो ज्यादै व्यापक रूपमा उठ्ने गरेको पाइन्छ । संसारका समाजवादी...*बाँकी ७ पेजमा*

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# क्रान्तिको तयारी

नेपालमा नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गरी वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्ने संकल्पका साथ क्रान्तिको तयारीमा जुटिरहेको छ नेकपा (क्रान्तिकारी माओवादी) । क्रान्तिको चार तयारी र तीन जादुगरी हतियारको निर्माणमा जुटिरहेको क्रान्तिकारी माओवादीले वैचारिक, राजनीतिक, सांगठानिक र प्राविधिक तयारीको महत्वलाई गहिरोगरी बोध गरेको देखिन्छ । क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणको आवश्यकतालाई पनि त्यति नै महत्वका साथ यो पार्टीले बोध गरेको देखिन्छ । र, त्यसदिशातर्फ निरन्तर अगाडि बढिरहेको छ । समकालीन नेपाली कम्युनिष्ट आन्दोलनमा वास्तविक क्रान्तिकारी धाराको नेतृत्व अहिले यही पार्टीले नै गरिरहेको छ । र, यो पार्टीका महासचिव मोहन वैद्य' किरण'को वरिपरि छरिएर रहेका क्रान्तिकारीहरू एकीकृत र ध्रुवीकृत हुने क्रममा रहेका छन् । कम्युनिष्ट आन्दोलनका भीषण अन्तर्संघर्ष र वर्गसंघर्षबाट खारिएर आएको परिपक्व नेतृत्व, वैधानिक तथा अवैधानिक संघर्षको लामो अनुभव र ठोस परिस्थितिको ठोस विश्लेषणसहित नयाँ जनवादी क्रान्तिको तयारीमा जुटेको नेतृत्व भएकोले पनि सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू कमरेड किरणको वरिपरि गोलबन्द हुने क्रममा छन् । वर्तमान नेपाली कम्युनिष्ट आन्दोलनमा कमरेड किरण नै सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूका लागि, नेपाली समाजको आमूल परिवर्तनका पक्षधर जनताका लागि कमरेड किरण नै एक मात्र आशा र भरोसाका केन्द्र बन्नुभएको छ । यही तथ्यलाई मध्येनजर गर्दै कमरेड किरणले पार्टीको तर्फबाट छरिएर रहेका कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकता र ध्रुवीकरणका लगि पहल पनि गरिरहनु भएको छ । यसै क्रममा नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेकपा, मोहनविक्रम सिंह नेतृत्वको मसाल, ऋषि कट्टेल नेतृत्वको नेकपालगायतका पार्टीहरूसँग पटक पटक औपचारिक, अनौपचारिक रूपमा छलफलहरू भइरहेका छन् । ती सबै पार्टीका कार्यकर्ताहरूमा पनि एकताको लागि सम्बन्धित पार्टी नेतृत्वलाई चौतर्फी दबाब पनि परिरहेको छ ।

प्रतिक्रियावादी, दक्षिणपन्थी संशोधनवादी र अवसरवादीहरू सुदृढ हुँदै गएको अवस्था, चौतर्फी रूपमा क्रान्तिकारीहरूका विरुद्ध घेराबन्दी भइरहेको र क्रान्तिकारीहरूलाई छिन्नभिन्न पारेर कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारालाई नै समाप्त पार्ने पेचिलो खेल चलिरहेको यो बेला सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू एकताबद्ध हुनै पर्ने वाध्यता छ । अहिले कमरेड किरण बाहेक अरु कुनै नेतृत्वको वरिपरि क्रान्तिकारीहरू एकीकृत र ध्रुवीकृत हुने स्थिति पनि छैन ।

पछिल्लो पटक कमरेड किरण नेतृत्वको पार्टीले सिंगो पार्टी पंक्ति खासगरी युवापंक्तिलाई वैचारिक, राजनीतिक, सांगठानिक तथा प्राविधिक हिसाबले फौजीकृत गर्ने तयारीको कामलाई पनि अगाडि बढाएको छ । हालै पार्टीको ३ नं. प्रदेशले प्रदेश स्तरमा क्रान्तिकारी युवाहरूलाई वैचारिक-राजनीतिक सँगसँगै शारीरिक तालिम पनि दिएको छ । क्रान्तिकारी माओवादीको यो कदमबाट प्रतिक्रियावादी वर्ग, संशोधनवादी र अवसरवादी वृतमा ठूलै तरंग उत्पन्न भएको छ । युवाहरूको शारीरिक तालिम रोक्न प्रहरीले गरेको हस्तक्षेप आतंकित मानसिकताको उपज हो । युवाहरूको यो शारीरिक तालिमले आम क्रान्तिकारी पंक्तिमा एउटा आशा र उत्साह पैदा गराइदिएको छ । र अब हरेक प्रदेश र जिल्ला जिल्लामा युवाहरूलाई वैचारिक तथा राजनीतिक प्रशिक्षणका साथ साथै यस्ता शारीरिक प्रशिक्षणहरू पनि दिलाउनु पर्ने माग बढ्न थालेको छ ।

महान सम्भावनाहरू बोकेको गम्भीर चुनौतीहरूको मोडमा नेपाली क्रान्ति खडा छ यतिबेला । पटक पटक धोका र गद्दारी व्यहोर्दै आएको क्रान्तिले अब परिपक्व, भरोसायुक्त, दुरदृष्टि बोकेको एक आदर्शवान र क्रान्तिकारी नेतृत्वको माग गरेको छ । सहि विचार र नेतृत्वको दृष्टिबाट हेर्दा कमरेड किरणले अगाडि सारेको नयाँ जनवादी क्रान्तिको कार्यदिशा र उहाँको नेतृत्वले नै समयको त्यो मागलाई पूरा गर्न सक्छ । यसर्थ, वर्गमुक्ति क्रान्तिको पवित्र उद्देश्यमा आ-आफ्नो मोर्चामा डटिरहेका तर छरिएरको अवस्थामा रहेका क्रान्तिकारीहरू एकीकृत र ध्रुवीकृत भएर क्रान्तिको तयारीलाई तीव्रता प्रदान गर्न अव ढिलाई गर्नुहुन्न । आ-आफ्ना दम्भ र माइण्ड सेटहरू भत्काएर देश, जनता र क्रान्तिलाई केन्द्रमा राखेर एकपटक महान बहसको सिर्जना गर्दै क्रान्तिहरूको वृहत् एकता र ध्रुवीकरणका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका खेलौं ! यो नै अहिलेको समयको ऐतिहासिक माग हो ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# कम्युनिष्ट नेतृत्वको सवालमा

**• पर्जन्य •**

'जतिसुकै सिद्धान्त र दर्शनको विद्वता प्रदर्शन गरे पनि वा जस्तासुकै राम्रा नीति कार्यक्रम बनाए पनि ती कुरा भन्दा जनताले नेता वा नेतृत्वको छवि, नियत र चरित्रलाई बढी हेर्छन् अनि त्यसैको आधारमा सामर्थन वा विरोध गर्छन् । एक सर्वहाराकृत मजदुरले कुन नेता सच्चा कम्युनिष्ट हो वा होइन भन्ने कुरा त्यो नेताको ब्याख्या विश्लेषण र सैद्धान्तिक निपुर्णताको आधारमा भन्दा पनि उसको व्यबहार, नैतिकता र आचरणबाट पत्ता लगाइदिन्छ अनि यो कुरो उसले प्रथम भेटका पलभरको व्यवहारबाट थाहा पाइहाल्छ ।'

उपरोक्त धारणा यस पंक्तिकारको नभई विश्व कम्युनिष्ट आन्दोलनका महागुरु लेनिनको हो । उहाँका महान् पवित्र ग्रन्थहरू हेर्ने हो भने यस्ता अभिव्यक्तिहरू यत्रतत्र भेटिन्छ ।

'मार्क्सवादका दुई चार किताब पढेका भरमा कोही कम्युनिष्ट हुन सक्दैन, कम्युनिष्ट हुन त कम्युनिष्ट भाव चाहिन्छ, शोषित पीडित श्रमिक वर्गसँग एकाकार हुने, उनीहरूलाई आफूसँगै लिई हिँड्न सक्ने स्वभाव चहिन्छ । यस्तो भाव नभएको मान्छे सैद्धान्तिक रूपमा जतिसुकै अब्बल र पोख्त भए पनि त्यो कम्युनिष्ट होइन, अनि त्यस्तो नेतृत्वलाई सचेत सर्वहाराकृत मजदुर वर्गले कदापि मान्दैन ।' यो पनि महान लेनिनकै विचार हो । यहाँ सर्वहाराकृत भनेको मनोवैज्ञानिक रूपमा प्रष्ट्याउँदा सुपर इगोको तहमा पुगेको परमाथी चित्तको मान्छे भन्ने बुझिन्छ । ज्ञानोदय वा हृदयद्वार खुलेको वा अहमभाव नष्ट भएको अवस्थाको एक ब्यक्ति नै सही अर्थमा सर्वहाराकृत व्यक्ति हो । हो, यस्तो व्यक्तिले शुद्ध, पवित्र महान परमार्थी नेता को हो वा होइन भन्ने कुरा पलभरमा नै थाहा पाउँछ र त्यही अनुसार आफ्नो सोच बनाउँछ । यो स्वयंसिद्ध तथ्य हो ।

महात्मा बुद्धले पनि स्पष्ट रूपमा भनेका छन् संसारका सबै शास्त्र पढेर मात्र कसैले बुद्धत्व प्राप्त गर्न सक्दैनन्, यसका लागि प्रथम शर्त हो चित्तशुद्धि अर्थात् मनको शुद्धि यो विना बुद्धत्व (मुक्ति) शतप्रतिशत असम्भव छ । विश्व प्रशिद्ध आध्यात्मिक ग्रन्थहरू (जसमा केही वैज्ञानिक तथ्य पनि भेटिन्छ - द ल अफ स्पिरिट वा अन्तरष्करणका नियमको रूपमा) वाइवल, कुरान, त्रिपिटक, गीतामा पनि मोक्ष वा मुक्तिका लागि पण्डित्याँइ, विद्वता, शास्त्र निपूर्णता र कर्मकाण्ड, ढाँचा ढर्रा, पाखण्ड, देखावा, तामझाम भन्दा पनि बढी पवित्रता, निर्मलतालाई जोड दिएको छ । बाइवलको पवित्र समाज शब्दावलीबाटै प्रभावित भै सर्वहारावर्गका महान् गुरु कार्लमार्क्सले आफूबाट स्थापित प्रथम कम्युनिष्ट समूहको नाम पनि 'पवित्र परिवार' नै राख्नु भएको थियो ।

यी सब 'ल अफ स्पिरिट'सँग प्रत्यक्ष सम्बन्धित हुन्छन्, यी आदर्श, आस्था, निष्ठा र विश्वासका पाटाहरू हुन् । जननेता माओ, हो चि मिन्ह, चे समेतले यस बारेमा धेरै लेख्नु र बोल्नु भएको छ ।

बजारमा कतिपय यस्ता पुस्तक पसलहरू मैले भेटेको छु, जसका मालिक मार्क्सवादी होइनन् अझ कतिपय त मार्क्सवादका कट्टर विरोधी छन् तर हट केकका रूपमा बिक्री हुने मार्क्सवादी किताबहरू खोजी खोजी ल्याई बिक्री गर्छन् । त्यस्ता किताबले दोकान भर्छन् । यहाँ आस्था र निष्ठाको कुरा भन्दा पनि पेशा, नाफा, आम्दानी र ब्यापारको कुरा भयो । सिंगो विश्वमा मार्क्सवादी आन्दोलनभित्र यस्ता प्रकृति पनि देखिने गरेका छन् । यस्तो प्रकृति अरु राजनीतिमा पनि देखिन्छन् । नेपालमा पनि राणाशासन छोडी काँग्रेस पस्ने, काँग्रेस छोडी पञ्चायत पस्ने, बहुदलीय आन्दोलन पछि फेरि बहुदलमा लाग्ने, मधेश आन्दोलन जोडले मच्चिँदा त्यसको ठूलो स्कोप देखी अन्य राजनीतिक पार्टी छाडी त्यतैतिर लाग्ने तर पछि त्यो भविष्यविहीन देखिएपछि पुनः राजनैतिक दल (कम्युनिष्ट, काँग्रेस)मा फर्किने नेताहरू आज हाम्रा अगाडि थुप्रै छन् ।

> **महान् गुरू लेनिनकै बेलामा रूसमा लेनिन र उहाँका साथीहरू निरीह जस्तै भई थोरै संख्या रही क्रान्तिलाई जारी राखिरहेको बेलामा रूसी घनाजंगल दुन इलाका र पहाडी खोँच तथा गुफाहरूतिर आधार इलाका बनाई बस्ने डाँकाहरू पनि थिए, जसले रूसी केन्द्रीय सत्तालाई नै हल्लाईरहेका थिए ।**

आस्था निष्ठा भन्दा पनि अवसर र मौका खोजी आफ्नो निजी तुष्टि पुरा गर्न हातमा राजनीतिक विचारको जाल लिई नदीमा जताजता माछाहरू बढी प्रकट हुन्छन् त्यता त्यता छोप्न जाल हान्न पुग्ने नेताहरूबाट प्रजातान्त्रिक आन्दोलन त अग्रगामी हुन सक्दैन भने कम्युनिष्ट आन्दोलन जस्तो महान र पवित्र अभियान अघि बढ्न सक्ने कुरा नै भएन ।

भारतमा अहिले एउटा एकदम रमाइलो दृश्य जस्तै देखिन थालेको छ । डन भइ समाज र उद्योगधन्दाबाट हप्ता उठाई ऐश आरामको जीवन बाँच्ने, धनकै लागि मान्छे जीउज्यान लिने गुण्डा ज्यानमाराहरूले जब थाहा पाए कि धार्मिक पुजा, अर्चना, सभाबाट अत्याधिक आर्जन हुन्छ, तब ती रातारात साधु महात्मामा रूपान्तरित भए । मन्दिर, मठ, आश्रम बनाएर धर्मका नाममा ठूलो ब्यापार सञ्चालन गरे । यो ३/४ वर्षभित्र यस्ता थुप्रै साधुमहात्मालाई सरकारले मुद्दा चलाई जेलमा हाल्यो, जसमध्ये एक हुन ठूलो विद्वान ब्रम्हज्ञानी पण्डित आशाराम बापू । यो प्रकृतिका मान्छेहरू कम्युनिष्ट आन्दोलनमा पनि प्रवेश गरेका हुन्छन् । यी ग्राउण्ड लेभलमा छन् भने त त्यति फरक पार्दैन तर नेतृत्वमा पुगे भने यिनले क्रान्ति वा शान्ति, सम्झौता वा विग्रहको नाममा देश र जनतालाई तहसनहस पार्छन्, क्षतविक्षत पार्छन्, सार्‍है दुःख दिन्छन् । यी मान्छेका रणनीति, कार्यनीति, आम कार्यक्रम र ठोस कार्यक्रम आदि अनि त्यससम्बन्धी विवाद, बहस, वार्ता, बकम्फुसे कुरा मात्र हो । यस्ता नेताहरूले यी कुराको आवरण पहिरी हिँड्नु भनेको भारतमा हप्ता उठाउने खतरनाक डाँका, गुण्डा मवालीहरूले महात्माको आवरणको रूपमा लामो कपाल, दारी, गेरुवस्त्रले आफूलाई सजाएर महात्मा हिँड्नु जस्तै हो ।

राजनीतिक दलभित्र जम्मा भएको अथाहा धनराशी थाहा पाई त्यसलाई पजनी गर्ने हैसियत प्राप्त गर्न अनेक दाउपेच गर्ने र त्यसलाई छोप्न सैद्धान्तिक अवधारणा वा लाइन वा कार्यदिशा बनाई अघि बढ्ने अनि मौका परे छुट्टै दल समेत निमाण गर्ने प्रकृति पनि २१ औं शदीमा चारैतिर छ । यस प्रकृतिबाट वर्तमान विश्व कम्युनिष्ट आन्दोलन पनि मुक्त छैन भन्दा त्यति फरक नपर्ला ।

विश्वमा वैज्ञानिक समाजवादको व्यापक प्रभाव र चौतर्फी सफलता देखेपछि व्यक्तिगत फाइदाका लागि धेरै मान्छेहरू, जसमा समाजवादका कट्टर विरोधी पनि हुन्छन्, समाजवादको झण्डा बोकी दौडिन थाल्छन्, त्यतिखेर जनताले को सक्कली वा नक्कली समाजवादी हो भन्ने कुरा ती मान्छेको ब्यवहार हेरी पत्ता लगाउनु पर्ने हुन्छ भनी विश्वमानव लेनिनले आफ्ना लेखहरूमा प्रष्ट पार्नु भएको छ ।

जसको नियत नै धमिलो छ, जसको उद्देश्य नै व्यक्तिवादी छ, जो राजनीति समाजसेवा मात्र होइन क्रान्ति प्रक्रिया र शान्ति प्रक्रियालाई नै फगत एक पेशा वा निजी लालसा पूरा गर्ने घनघोर अवसर ठान्छ, अनि त्यसैका लागि अनेकौं तथाकथित अवधारणा कार्यदिशा बनाउँछ, अनेकौं लफ्फाजी तयार पार्छ र केही समयका लागि सारा दुनियाँलाई बेवकुफ बनाउँछ त्यस्ता राजनीतिज्ञ तथा नेताहरूलाई इतिहासका पानामा त कुनै स्थान हुँदैन हुँदैन तर समकालीन समाजमा पनि ती त्यस्ता आगे हुन्, जो पराल बाल्दा निस्किन्छ र एक छिन मै हराउँछ । यस्ता नेताहरूलाई सचेत, ज्ञानी, चिन्तन र पवित्र आत्मा भएका जनताले राम्ररी चिन्छन् र त्यही अनुसार व्यवहार गर्नेछन् । यो स्वयंसिद्ध तथ्य हो ।

पहिलो कुरो त क्रान्ति भिड वा रमितेहरूले गर्ने भन्दा पनि क्रान्तिकारी विचारबाट अनुप्रमाणित र द्वन्द्ववादी चेतबाट सञ्चालित नेतृत्वले बहुआयामिक दृष्टिका साथ गर्ने एक महान रूपान्तरण प्रक्रिया हो । द्वन्द्ववादी चेत भनेको जनता, समय, विश्वलहरको समसामयिकता र सान्दर्भिकतामा रही वामपन्थी र... *बाँकी ७ पेजमा*

## झर्रोटर्रो

कैलुब्राह

# भ्रष्टाचार मुक्त देश बनाइने

नेपाल मण्डलमा अब भ्रष्टाचार उन्मुलन हुने भएको छ । किनकि सरकारका पर्धानमन्त्री र सरकारी साझेदार पाटीका मुखिया मिस्टर सुप्रिमोले जोडदार रूपमा भ्रष्टाचार हटाउने र भ्रष्टाचारीहर्लाई पनि ठाउँका ठाउँ कारबाही गर्ने भनेका छन् । यसका लागि संविधान समेत संसोधन गरेर संविधानमा भ्रष्टाचार भन्ने शब्द नै नराख्ने भएका छन् । यतिखेरको सरकारलाई तीन चौथाई माननीयहर्ले समर्थन गरेको हुनाले सरकारले चाहेमा संविधान तुरुन्तको तु बदल्न सकिने सुविधा छ । त्यसैले भ्रष्टाचारका विषयमा शून्य सहनशीलता अपनाउने सरकारको प्रतिवद्धता भैसकेको हुनाले र सत्ताधारी दल नेकपा साठी-चालीसले पनि पाटीबाटै यस विषयमा कडा कदम चाल्न सरकारलाई निर्देशन दिएको हुनाले अब नेपाल मण्डलमा भ्रष्टाचार र भ्रष्टाचारीहर्को जरो किलो उखेलिने भएको हो । सरकार र सरकारवादी दलका लाउकेहरूबाटै यसप्रकारको कुरा आएपछि अहिले नेपाल मण्डलमा भ्रष्टाचार गर्ने, भ्रष्टाचार खाने, भ्रष्टाचार लाउने, भ्रष्टाचारमा सुत्ने र भ्रष्टाचारमै जीवनका तमाम कार्य गरेर गुजारा गर्नेहर्को सातोपुत्लो उडेर होस हवास गुम भएको खबर छ । अब उप्रान्त कहीँ कतै पनि र कसैले पनि भ्रष्टाचार गर्न, भ्रष्टाचार हुन लागेको देख्न, भ्रष्टाचारीलाई संरक्षण गर्न पाइने छैन ।

नेकपा सूर्यछाप र नेकपा गोलघेरेहर्ले विगतमा कहिल्यै पनि भ्रष्टाचार गरेनन् । गोलघेरे दलका मिस्टर सुप्रिमोलाई एकपटक जमुसे अर्थात् लालसेनाको अरबौं रूपपे भ्रष्टाचार गरेको भनेर भृकुटीमण्डपको मेलामा आरोप लागेको थियो र त्यसको छानविन गर्ने भनेर नुवाकोटे सन्तको नेतृत्वमा आयोग गठन भएको थियो । सो आयोगले पनि भ्रष्टाचार गरेको भन्न सकेन । बरू जनरल हेडक्वार्टरमा जमुसेबाट लेबीका रूपमा मात्रै रूपपे आएको भन्ने कुरा नै प्रमाणित भएपछि सो आयोग त्यसै ढिसमिस भएर हरायो । त्यस्तै चितौने थकाली सन्तको नेतृत्वमा बनेको आयोगले पनि भ्रष्टाचार भएको कहीँ कतै पनि सुइँको फेला पार्न नसकेपछि त्यो आयोग पनि त्यसै ढिसमिस भएको थियो ।

उता नेकपा सूर्यछापतिर पनि महाकाली सन्धीमा पनि भ्रष्टाचार नभइकन छिमेकी मुलुकलाई पानी दिने कुरोकानी टुङ्गिएको हो । एनजीओ आइएनजिओबाट पनि भ्रष्टाचार नगरिकन पाटीमा पैसा जम्मा हुने गरेको हो । उद्योगपतिहर्लाई माननीय कोटामा छिराउँदा पनि भ्रष्टाचार नभइकन छिराइएको हो । भ्रष्टाचार नभइकन छिराएको हुनाले गुल्मीकी झाँक्रीले गुनासो गरेर रोइकी थिइन् । अहिलेको चुनाउमा पुलिसका बडेहाकिमले पनि भ्रष्टाचार नगरेरै पाटीलाई सहयोग गरेको हुनाले माननीय हुने अवसर पाएका हुन् । आफैले पालन पोषण गरेर हुर्काएका ठेट्नाहर्ले पकड्न खोजेपछि केही दिन माओवादीझैं लुकेर बस्नु पर्दा उनलाई कम्ता गाह्रो भा'थ्यो । विचरा ठेट्नाहर्ले पछि बाल्वाटारमै सलोट हानेर भूमिगत माननीयलाई स्वागत गर्नु पर्‍यो ।

यस्ता यस्ता नाना प्रकारका रङबदल खेल गर्नुपर्ने समस्या पैदा भएकाले पनि अब देशमा भ्रष्टाचार पनि नगर्ने र कसैलाई गर्न पनि नदिने, कतै कसैले गरेको खण्डमा ठाउँका ठाउँ कारवाही गर्ने ठहर सरकार र सरकारवादी दलहर्ले गरेका छन् । बरू भ्रष्टाचार शब्दलाई संविधानबाटै खारेज गर्ने र त्यसका ठाउँमा कमिशन, उपहार, पुरस्कार, नजराना, भेटी, दक्षिणा जस्ता अति पवित्र शब्दहरू प्रयोग गर्ने र सो शब्दालाई पनि अक्षरस पालना गरि संविधानको कार्यान्वयन र संरक्षण गर्ने ठहर सरकारले गरेको छ । यसरी संविधान संसोधन गरि भ्रष्टाचारका ठाउँमा उपर्युल्लिखित शब्दहरू प्रयोग गर्ने र व्यवहारमा पनि तिनै शब्दहर्लाई लागू गर्नका लागि निर्देशन जारि गर्ने कुरा छ ।

अब उप्रान्त प्रदेश र थानीय सरकारले पनि सोही अन्सारका कानून बनाई लागू गर्न केन्द्र सरकारले निर्देशन पठाइसकेको छ । सिंहदरबारको अधिकार गाउँगाउँमा आएको हुनाले सिंहदरबारमा गरिने काम कार्य र तौरतरिका थानीय सरकारले पनि गर्नुपर्ने छ । त्यसैले नगर, महानगर र उप महानगरहरूमा हरेक वडाका वडा अध्यक्षले र गाउँपलिकामा प्रमुख उपप्रमुखहर्ले कम्तिमा एकेकवटा डोजर किन्ने र बाटाघाटा, पुलपुलेसा, कुलानाला आदि इत्यादि निर्माणमा आउने बजेटलाई आआफ्ना दलका कार्यकर्ताहर्को उपभोक्ता समिति बनाई डोजर प्रयोग गरेर विकास निर्माणमा लाग्न सरकार र सरकारवादी दलहर्ले निर्देशन दिएका हुन् । यसो गर्दा भ्रष्टाचार उन्मुलन हुँदै जानेछ र देश पूरैका पूरै भ्रष्टाचार मुक्त बन्ने छ । अब सडकपेटीमा पसल थाप्ने नाङ्ले व्यापारी, झोले व्यापारी, खुद्रा व्यापारी, खोला बगरमा गिट्टी कुट्ने मजदूर, ठेलागाडा गुडाउने, गाउँघरका मिलहरू, घरेलु उद्योगीहरू, भैँसी गाई पालेर दूध बेच्नेहरू आदि इत्यादि सबैलाई भ्रष्टाचार गर्न प्रतिवन्ध लगाइने छ र निषेध गरिनेछ ।

गोल्छा, दुगड, खेतान, चौधरी, साङ्घाइ, सुमार्गी, मित्तल, बंशल आदि अरब खरबपति उद्योगीहरूबाट मात्र सरकारका मन्त्रीहरू र सरकारवादी पाटीले सिधै कमिशन, उपहार, नजराना, भेटी आदि लिएर उनीहर्लाई समानुपातिक कोटामा माननीय बनाउने, मन्त्री बनाउने, व्यापार गर्ने, उद्योग खोल्ने अबसर प्रदान गरिने छ । त्यसो गर्दा भ्रष्टाचार निर्मुल भएर जाने छ । त्यैगरी पुलिस सेनाका बडेहाकिमहरू, कर्मचारीका बडेहाकिमहरू, न्यायक्षेत्रका मनुवाहरूबाट विगतमा सरुवा बढुवा आदि इत्यादि गर्दा र घरानीयाँ उद्योगीहरूका फाइल सदर गर्दा मन्त्री, माननीय, तिनका पिए, दलका लाउकेहरूबाट विगतमा भ्रष्टाचार हुने गरेको भन्ने व्यापक खबर छापिने गरेको हुनाले पनि अब उप्रान्त ती क्षेत्रबाट तिनका मालिकहर्लाई नै सिधै समानुपातिक कोटाबाट छिराएर माननीय बनाउने र मन्त्री पनि बनाएपछि उनीहर्का काम आफै गर्ने हुँदा पारदर्शी हुने भएकाले त्यही विधि लागू गर्ने ठेगान पनि सरकार र सरकारवादी दलहर्ले गरेका हुन् । सबैलाई चेतना हुन्या भए भया, नत्र काँसीको बाटो गया ।

*४ चैत २०७४*

kailubraha73@gmail.com

## माओवादसम्बन्धी रिमको ऐतिहासिक घोषणा-पत्र

# मार्क्सवाद–लेनिनवाद–माओवाद : जिन्दावाद

क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (रिम) विश्वभरिका माओवादी कम्युनिष्ट क्रान्तिकारीहरूको केन्द्रबिन्दुका रूपमा रहेको थियो र चौथो 'अन्तर्राष्ट्रिय' निर्माणको दिशामा गम्भीरतापूर्वक अग्रसर थियो । परन्तु पछिका दिनमा खास गरेर ' कोरिम' को महत्वपूर्ण सदस्य नेकपा (माओवादी) को मूल नेतृत्वले मालेमा र जनयुद्धप्रति गद्दारी गरेपछि र अर्को सदस्य आर सिपी, अमेरिकाले अभाकियनको विसर्जनवादी चिन्तनमा आधारित 'न्यु सिन्थेसिस'का आधारमा अबको नयाँ क्रान्तिकारी केन्द्र निर्माण हुनुपर्छ भनेर जिद्दी गरेपछि अहिले पहिलेको 'रिम' अघोषित रूपमा विघटन भएको छ र संसारभरिका माओवादी क्रान्तिकारीहरू अबका दिनमा अबको स्थितिअनुसारको क्रान्तिकारी केन्द्र निर्माणको अभियानमा जुट्नु आवश्यक छ भनेर लागेका छन् ।

अहिले जेजस्तो स्थितिमा रहे पनि 'रिम' को गठन महान् ऐतिहासिक कदम थियो । साम्राज्यवादीहरूले 'साम्यवादको अन्त्य' को होहल्ला गरिरहेको समयमा माओ शतवार्षिकीको सन्दर्भ पारेर 'रिम' ले सन् १९९३ मा माओवादको आवश्यकता र औचित्यमाथि प्रकाश पार्दै 'मार्क्सवाद-लेनिनवाद-माओवाद : जिन्दावाद !' शीर्षकमा एउटा दस्तावेज प्रकाशित गरेको थियो । यसै दस्तावेजमार्फत 'रिम' ले माओका योगदानहरूलाई माओवादका रूपमा संश्लेषण गरेको हो । प्रस्तुत छ ऋषिराज बरालले अङ्ग्रेजीबाट गर्नुभएको सो दस्तावेजको नेपाली अनुवाद ।- स.)

### प्राक्कथन

शोषण, उत्पीडन र साम्राज्यवादरहित विश्वका निम्ति, एउटा यस्तो संसार-जहाँ समाजका वर्गहरूको विभाजनको अन्त्य हुनेछ, त्यस्तो भावी साम्यवादी विश्वका निम्ति लडाइँलाई अघि बढाउन प्रतिबद्ध विश्वभरिका माओवादी क्रान्तिकारीहरूको सन् १९८४ मा भएको केन्द्रीय भेलाले 'क्रान्तिकारी अन्तर ाष्ट्रियतावादी आन्दोलन' (रिम)को स्थापना गरेको थियो । हाम्रो आन्दोलन गठन भएदेखि हामी निरन्तर अघि बढिरहेका छौँ र आज माओ शतवार्षिकीका उपलक्षमा आफ्नो जिम्मेवारीको गम्भीर अनुभूतिसहित हामी अन्तर ाष्ट्रिय सर्वहारा वर्ग तथा विश्वका उत्पीडित जनसमुदायसमक्ष हाम्रो पथप्रदर्शक विचारधारा मार्क्सवाद-लेनिनवाद-माओवाद हो भनेर घोषणा गर्दछौँ ।

हाम्रो आन्दोलन मार्क्सवादी-लेनिनवादी पार्टी तथा सङ्गठनहरूको सन् १९८४ मा सम्पन्न दोस्रो सम्मेलनद्वारा पारित ' क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन' को घोषणापत्रका आधारमा गठन भएको हो । घोषणापत्रले सर्वहारावादी क्रान्तिकारी विचारधारालाई आत्मसात गरेर तथा त्यसका आधारमा विश्वस्तरमै विभिन्न देशका क्रान्तिकारी कम्युनिष्टहरूको काम, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको इतिहास तथा अन्य थुप्रै महत्वपूर्ण प्रश्नहरूका सम्बन्धमा मूलतः सही धारणा प्रस्तुत गर्‍यो । आज हामी घोषणापत्रलाई हाम्रो आन्दोलनको ठोस जगका रूपमा पूर्ण सहमति व्यक्त गर्दछौँ- जसको आधारमा हामीले नयाँ स्पष्टता र आफ्नो विचारधाराको गहन बुझाइ तथा हाम्रो आन्दोलनको अझै ठोस एकताको निर्माण गरिरहेका छौँ ।

घोषणापत्रले 'मार्क्सवाद-लेनिनवादको विज्ञानलाई माओ-त्से तुङद्वारा गुणात्मक विकास गरिएको' तथा यसलाई 'एउटा नयाँ चरण' मा विकसित गर्नुभएको कुराप्रति सहमत भएर यसलाई ठीक ढङ्गले जोड दिएको छ । जे भए पनि, घोषणापत्रमा मार्क्सवाद-लेनिनवाद-माओ त्से तुङ विचारधारा पदावलीको प्रयोगले यो नयाँ चरणसम्बन्धमा हाम्रो अपर्याप्त बुझाइलाई प्रतिबिम्बित गरेकै हो । विगत ९ वर्षमा हाम्रो आन्दोलन माओ त्से तुङद्वारा गरिएको मार्क्सवादको विकासलाई अझै पूर्णरूपले आत्मसात गर्न लामो, समृद्ध तथा विस्तृत छलफल र सङ्घर्षमा लागि नै रह्यो । यही अवधिमा हाम्रो आन्दोलनका पार्टी तथा सङ्गठनहरू तथा समग्र क्रान्तिकारी अन्तर ाष्ट्रियतावादी आन्दोलन नै साम्राज्यवाद तथा प्रतिक्रियावादका विरुद्ध क्रान्तिकारी सङ्घर्षमा लागि नै रहे । पेरू कम्युनिष्ट पार्टीद्वारा नेतृत्व गरिएको जनयुद्ध, जसले लाखौँको सङ्ख्यामा जनतालाई परिचालन गर्दै, देशका धेरै भागमा पुरानो राज्यसत्तालाई विस्थापित गरेर ती गाउँहरूमा मजदुर तथा किसानहरूको सत्ता स्थापना गर्न सफल भइरहेको छ, यस सन्दर्भमा हाम्रो सबैभन्दा महत्वपूर्ण अनुभव रहेको छ । सिद्धान्त र व्यवहारका यी अग्रगतिहरूले हामीलाई सर्वहारावादी विचारधारालाई अझै गहिरो गरी आत्मसात गर्न तथा त्यसका







आधारमा मार्क्सवाद-लेनिनवाद-माओवादलाई मार्क्सवादको नयाँ, तेस्रो, र उच्च चरणका रूपमा ठम्याउने दूरगामी कदम चालन सक्षम बनायो ।

### मार्क्सवादको नयाँ, तेस्रो र उच्च चरण

माओ त्से तुङले क्रान्तिका महत्वपूर्ण प्रश्नहरूका सम्बन्धमा सम्पूर्ण शृङ्खलामा धेरै प्रस्थापनाहरूलाई विस्तार गर्नुभयो । तर माओवाद माओका महान् योगदानहरूको योगफल मात्र होइन । यो त मार्क्सवाद-लेनिनवादको नयाँ र उच्च चरणमा चौतर्फी एवम् समग्र विकास हो । मार्क्सवाद-लेनिनवाद-माओवाद अभिन्न समग्रता हो, यो सर्वहारा वर्ग एवम् मानव जातिकै वर्गसङ्घर्ष, उत्पादनका निम्ति सङ्घर्ष तथा वैज्ञानिक प्रयोगका अनुभवका आधारमा कार्लमार्क्स, भि.आइ. लेनिन र माओ त्से तुङद्वारा नयाँ चरणहरू मार्क्सवादबाट मार्क्सवाद-लेनिनवादमा र त्यसबाट मार्क्सवाद-लेनिनवाद-माओवादमा संश्लेषित र विकसित गरिएको सर्वहारा वर्गको विचारधारा हो । यो अपराजेय हतियार हो, जसले सर्वहारा वर्गलाई दुनियाँ बुझ्न र क्रान्तिद्वारा त्यसलाई बदल्न सक्षम बनाउँछ । मार्क्सवाद-लेनिनवाद-माओवाद निरन्तर विकासमान तथा क्रान्ति सम्पन्न गर्न लागू गर्ने सन्दर्भका साथसाथै मानवजातिको ज्ञानको सामान्य प्रगतिसँगसँगै अझै समृद्ध बन्दै जाने, सार्वभौम रूपले लागू हुने सजीव र वैज्ञानिक विचारधारा हो । मार्क्सवाद-लेनिनवाद-माओवाद सबै रूपका संशोधनवाद तथा जडसूत्रवादको दुस्मन हो । यो सम्पूर्णरूपले शक्तिशाली छ, किन भने यो सत्य छ ।

### कार्ल मार्क्स

कार्ल मार्क्सले करिब १५० वर्षपहिले सर्वप्रथम क्रान्तिकारी साम्यवादी विचारको विकास गर्नुभयो । आफ्ना घनिष्ठ सहयोद्धा फ्रेड्रिक एङ्गेल्सको सहयोगका साथ वहाँले द्वन्द्वात्मक भौतिकवादको समग्र दार्शनिक पद्धतिको विकास गर्नुभयो र मानव इतिहासको निर्धारण गर्ने आधारभूत नियमहरू पत्ता लगाउनुभयो ।

मार्क्सले राजनीतिक अर्थशास्त्रको विज्ञानको विकास गर्नुभयो, जसले सर्वहारा वर्गमाथि हुने शोषण र पुँजीवादी उत्पादन पद्धतिको अनुवांशिक अराजकता र अन्तर्विरोधको पर्दाफास गर्‍यो । अन्तर्राष्ट्रिय सर्वहारा वर्गको वर्गसङ्घर्षसितको घनिष्ठ सम्बन्ध र उसले गर्ने सेवाका सन्दर्भमा कार्ल मार्क्सले आफ्नो क्रान्तिकारी सिद्धान्तको विकास गर्नुभयो । वहाँले पहिलो 'अन्तर्राष्ट्रिय' को गठन गर्नुभयो र एङ्गेल्ससित मिलेर 'संसारका मजदुरहरू एक होऔँ' भन्ने महान् आह्वानसहितको कम्युनिष्ट घोषणापत्रको रचना गर्नुभयो । मार्क्सले राज्यसत्ता कब्जा गर्न सर्वहारा वर्गले गरेको पहिलो महान् प्रयत्न सन् १८७१ को पेरिस कम्युन र त्यसका शिक्षाहरूको सार खिच्ने कुरामा विशेष ध्यान दिनुभयो ।

वहाँले विश्वसर्वहारा वर्गलाई क्रान्तिद्वारा राजनीतिक सत्ता प्राप्त गर्ने र यो सत्ता सर्वहारा वर्गको अधिनायकत्वलाई समाजका विभिन्न वर्गहरूमा विभाजनको अन्त्य नहुँदासम्म सामाजिक अवस्थामा परिवर्तनका लागि प्रयोग गर्नुपर्ने ऐतिहासिक कर्तव्यबोधद्वारा सुसज्जित पार्नुभयो ।

मार्क्सले सर्वहारा आन्दोलनका अवसरवादीहरूका विरुद्धको सङ्घर्षको नेतृत्व गर्नुभयो, जसले मजदुरहरूको सङ्घर्षलाई विद्यमान दासतापूर्ण व्यवस्थालाई चुनौती नदिइकन मजदुरीको आधारमा मात्र कब्जा गर्न चाहन्थे ।

मार्क्सका अडान, धारणा र पद्धति मिलेर मार्क्सवाद बन्नपुग्यो र यसले सर्वहारा वर्गको विचारधाराको विकासमा पहिलो महान् चरणको प्रतिनिधित्व गर्छ ।

### भि.आइ. लेनिन

भि. आइ. लेनिनले रसियाली सर्वहारावादी क्रान्तिकारी आन्दोलन तथा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा संशोधनवादका विरुद्धको सङ्घर्षको नेतृत्व गर्ने सन्दर्भमा मार्क्सवादलाई सम्पूर्ण रूपले नयाँ चरणमा विकास गर्नुभयो ।

अन्य धेरै योगदानहरूसँगै लेनिनले पुँजीवादको उच्चतम र अन्तिम अवस्था साम्राज्यवादको विकासका रूपमा विश्लेषण गर्नुभयो । वहाँले विश्व साम्राज्यवादी शक्ति र उत्पीडित राष्ट्र र जनताको विशाल बहुमतमा विभाजित भएको कुरा देखाउनुभयो र साम्राज्यवादी शक्तिहरू संसारको आपसमा पुनर्विभाजनका निमित्त पटकपटक युद्धमा हाम फाल्न बाध्य हुने कुरा दर्शाउनुभयो । लेनिनले हामी बाँचिरहेको युगलाई साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगका रूपमा व्याख्या गर्नुभयो । लेनिनले सत्ता कब्जा गर्न क्रान्तिकारी जनसमुदायको नेतृत्व गर्ने सर्वहारा वर्गको अपरिहार्य साधनका रूपमा नयाँ ढङ्गको राजनीतिक पार्टी–कम्युनिष्ट पार्टीको विकास गर्नुभयो ।

सबैभन्दा प्रमुखरूपमा पहिलेको जारशाही रूसमाथि सन् १९१७ को अक्टोबर क्रान्तिको विजयका निम्ति पहिलो पटक राजनीतिक सत्ता कब्जा गर्न र त्यसलाई सुदृढ गर्न तथा क्रान्तिकारी अधिनायकत्व लागू गर्न सर्वहारा वर्गको नेतृत्वका क्रममा लेनिनले सर्वहारा क्रान्तिको सिद्धान्त र व्यवहारलाई सम्पूर्ण रूपले नयाँ स्तरमा उठाउनुभयो ।

सर्वहारा क्रान्तिप्रति गद्दारी गरेका र पहिलो विश्वयुद्धमा आफ्ना साम्राज्यवादी मालिकहरूको रक्षा गर्न मजदुरहरूलाई आह्वान गरेका आफ्नो समयका दोस्रो 'अन्तर्राष्ट्रिय' का संशोधनवादीहरूका विरुद्ध लेनिनले जीवनमरणको सङ्घर्ष चलाउनुभयो ।

'अक्टोबरका बन्दुक' र लेनिनको संशोधनवाद विरोधी सङ्घर्षले सर्वहारावादी क्रान्तिसँग उत्पीडित जनसमुदायको सङ्घर्षलाई एकीकृत पार्दै कम्युनिष्ट आन्दोलनलाई विश्वव्यापी रूपमा अझै फैलायो र तेस्रो (अथवा कम्युनिष्ट) 'अन्तर्राष्ट्रिय' गठन भयो ।

लेनिनद्वारा गरिएको मार्क्सवादको चौतर्फी र समग्र विकासले सर्वहारावादी विचारधाराको विकासको दोस्रो महान् फड्कोको प्रतिनिधित्व गर्छ ।

लेनिनको मृत्युपछि जोसेफ स्टालिनले भित्री दुस्मनका साथै दोस्रो विश्वयुद्धका क्रममा साम्राज्यवादी अतिक्रमणकारीका विरुद्ध सर्वहारा वर्गको अधिनायकत्वको रक्षा गर्नुभयो र सोभियत सङ्घमा समाजवादी निर्माण र रूपान्तरणको कामलाई अगाडि बढाउनुभयो । स्टालिन अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा मार्क्सवाद-लेनिनवादलाई सर्वहारावादी विचारधाराको विकासमा दोस्रो महान् चरणका रूपमा स्थापित गर्न लड्नुभयो ।

### माओ त्से तुङ

माओ त्से तुङले दशकौँसम्म चिनियाँ क्रान्तिको नेतृत्व गर्दा, आधुनिक संशोधनवादका विरुद्ध विश्वव्यापी सङ्घर्ष गर्दा र मुख्य रूपमा पुँजीवादको पुनर्स्थापना रोक्न र साम्यवादको दिशामा सर्वहारा वर्गको अधिनायकत्व निरन्तर अघि बढ्न मार्क्सवाद-लेनिनवादमा विकास गर्नुभयो । वहाँले मार्क्सवादका तीन सङ्घटक अङ्गहरू–दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादमा महत्वपूर्ण विकास गर्नुभयो ।

माओले भन्नुभयो, 'राजनीतिक सत्ताको जन्म बन्दुकको नालबाट हुन्छ ।' जनयुद्धको आफ्नो सिद्धान्त र व्यवहारका क्रममा माओ त्से तुङले सर्वहारा वर्गको सैन्य विज्ञानलाई समग्र अरूपमा विकास गर्नुभयो । माओले युद्धमा हतियार होइन,जनता निर्णायक हुन्छन्, भन्ने कुरा सिकाउनुभयो । वहाँले युद्धमा प्रत्येक वर्गको आफ्नो विशिष्ट चरित्र, लक्ष र साधनसहितका विशिष्ट रूप हुने कुरा औँल्याउनुभयो । वहाँले सम्पूर्ण सैन्य तर्कहरूलाई 'तिमी तिम्रो तरिकाले लड्छौ म मेरै तरिकाले लड्छु' भन्ने सिद्धान्तमा अभिव्यक्त गर्न सकिन्छ भनेर र सर्वहारा वर्गले क्रान्तिकारी जनसमुदायको पहलकदमी र उत्साह जगाउँने र त्यसमाथि भर पर्ने आफ्नो विशिष्ट सबल पक्षलाई उपयोग गर्न सक्ने सैनिक रणनीति र कार्यनीतिको विकास गर्नुपर्छ भनेर प्रस्ट पार्नुभयो ।

माओले आधारइलाका कब्जा गर्ने र क्रमिक रूपले राजनीतिक सत्ता कब्जा गर्ने नीति, जनसमुदायलाई जगाउने, जनताको सशस्त्र शक्तिको विकास गर्ने तथा उनीहरूको राजनीतिक छालझैँ विस्तार गर्ने कुराको पुँजी हो भन्ने कुरा स्थापित गर्नुभयो । वहाँले क्रान्तिकारी युद्धलाई अगाडि बढाउने कामको सेवाका लागि आधारइलाकाहरूमा क्रान्तिकारी रूपान्तरण गराउन र तिनीहरूलाई राजनीतिक, आर्थिक, सांस्कृतिक रूपले विकास गराउन जनसमुदायको नेतृत्व गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

माओले पार्टीले बन्दुकलाई नियन्त्रण गर्नुपर्दछ र बन्दुकलाई कहिल्यै पनि पार्टीमाथि नियन्त्रण गर्न दिनु हुँदैन भनेर सिकाउनुभयो । क्रान्तिकारी युद्ध सुरु गर्न र त्यसको नेतृत्व गर्न सक्षम साधनका रूपमा नै पार्टीको निर्माण गर्नुपर्छ । क्रान्तिकारी हिंसाद्वारा राजनीतिक सत्ता कब्जा गर्नु नै क्रान्तिको केन्द्रीय कार्य हो भनेर वहाँले जोड दिनुभयो । माओ त्से तुङको जनयुद्धको सिद्धान्त सार्वभौम रूपले सबै देशहरूमा लागु हुन्छ, यद्यपि यो प्रत्येक देशको ठोस परिस्थितिअनुसार नै लागू गर्नुपर्दछ र विशेषतः आजको संसारमा रहेका दुई आम प्रकारका देशहरू- साम्राज्यवादी देशहरू र उत्पीडित देशहरूका क्रान्तिकारी बाटोहरूलाई ध्यानमा राख्नुपर्छ ।

माओले साम्राज्यवादद्वारा उत्पीडित देशहरूमा क्रान्ति कसरी गर्ने भन्ने समस्याको समाधान गर्नुभयो । चिनियाँ क्रान्तिका निम्ति वहाँले देखाउनुभएको आधारभूत बाटोले क्रान्तिको सिद्धान्त र व्यवहारमा असीम योगदानको प्रतिनिधित्व गर्छ र साम्राज्यवादद्वारा उत्पीडित देशहरूको मुक्तिका निम्ति यो पथप्रदर्शक सिद्धान्त हो । यसको अर्थ हो– दीर्घकालीन जनयुद्ध, सङ्घर्षको मुख्य रूप सशस्त्र सङ्घर्ष र पार्टीको नेतृत्वमा जनताको सङ्गठनको मुख्य रूप सेनासहित गाउँबाट सहर घेर्नु, किसानहरूलाई मूलतः गरिब किसानलाई परिचालन गर्नु, कृषि क्रान्ति सम्पन्न गर्नु, कम्युनिष्ट पार्टीको नेतृत्वमा नयाँ जनवादी क्रान्ति पूरा गर्न साम्राज्यवाद,सामन्तवाद र नोकरसाही र पुँजीवादका विरुद्ध संयुक्त मोर्चा गठन गर्नु र सर्वहारा वर्गको नेतृत्वमा क्रान्तिकारी वर्गहरूको अधिनायकत्वको स्थापना क्रान्तिको पहिलो चरणको सफलता लगत्तैपछि समाजवादी क्रान्तिको आवश्यक तत्वका रूपमा गर्नु हो । माओले प्रत्येक देशको आ-आफ्नो विशिष्ट परिस्थिति र क्रान्तिको बाटोअनुसार क्रान्ति गर्न अपरिहार्य साधनका रूपमा पार्टी, सेना र संयुक्त मोर्चाका 'तीन जादुगरी हतियार' को प्रस्थापना अघि सार्नुभयो ।

माओ त्से तुङले सर्वहारावादी दर्शन द्वन्द्वात्मक भौतिकवादको व्यापक विकास गर्नुभयो । विशेषरूपले अन्तर्विरोधको नियम, विपरीतहरूबीचको एकता र सङ्घर्षको नियम नै प्रकृति र समाजलाई परिचालित गर्ने आधारभूत पक्ष हुने भन्ने कुरामा वहाँले जोड दिनुभयो । वहाँले देखाउनु भयो कि हरेक चिजमा एकता र एकरूपता अस्थायी र सापेक्षित हुन्छ, जब कि विपरीतहरूका बीचको सङ्घर्ष निरन्तर र निरपेक्ष हुन्छ र यसबाट व्यापक छलाङ र क्रान्तिकारी फड्को मार्ने स्थितिको विकास हुन्छ भनेर वहाँले प्रस्ट पार्नुभयो । वहाँले व्यवहारलाई सत्यको एक मात्र स्रोत र अन्तिम कसी दुवै हो भन्ने कुरामा र सिद्धान्तबाट क्रान्तिका व्यवहारमा फड्को मार्ने कुरामा जोड दिँदै, यो बुझाइलाई सिद्धान्त र व्यवहारका बीचको सम्बन्धको विश्लेषणमा दक्षतापूर्वक लागु गर्नुभयो ।

यस क्रममा माओले सर्वहारावादी सिद्धान्तको थप विकास गर्नुभयो । वहाँले उदाहरणका लागि 'दुईको एकमा संयोजन' को संशोधनवादी प्रस्थापनाका विरुद्ध 'एकको दुईमा विभाजन'मा जोड दिँदै दर्शनशास्त्रलाई लाखौँलाख जनसमुदायमा लैजाने कुराको नेतृत्व गर्नुभयो ।

माओ त्से तुङले, 'जनता र मात्र जनता विश्वइतिहास निर्माणका प्रेरक शक्ति हुन्' भन्ने बुझाइलाई थप विकास गर्नुभयो । वहाँले जननीतिसम्बन्धी मान्यतामा विकास गर्नुभयो : 'जनताका (छरिएका र अव्यवस्थित) विचारहरूलाई लिनु र तिनीहरूलाई केन्द्रीकृत (अध्ययनद्वारा केन्द्रित र व्यवस्थित विचारमा परिणत गरी) गरेर पुनः जनसमुदायमा जानु र ती विचारलाई जनताले आफ्नै नठान्दासम्म प्रचार र व्याख्या गर्नु र तिनलाई दरोसँग समात्नु, तिनलाई व्यवहारमा रूपान्तरण गर्नु र त्यस प्रकारका व्यवहारका सन्दर्भमा ती विचारको सहिपनाको परिक्षण गर्नु ।' माओले मानवीय गतिविधिका प्रत्येक क्षेत्रमा मानसिक संचेतना, गतिशील भूमिकासम्बन्धी बुझाइलाई थप विकास गर्दै यस किसिमको व्यापक सत्यमा जोड दिनुभयो– पदार्थ चेतनामा रूपान्तरण गर्न सकिन्छ र चेतनालाई पदार्थमा ।

माओ त्से तुङले ख्रुस्चेवी संशोधनवादद्वारा नेतृत्व गरिएको आधुनिक संशोधनवादका विरुद्धको अन्तर्राष्ट्रिय सङ्घर्षको नेतृत्व गर्नुभयो । वहाँले आधुनिक संशोधनवादीहरूका विरुद्ध साम्यवादी वैचारिक एवम् राजनीतिक कार्यदिशाको रक्षा गर्नुभयो र सच्चा सर्वहारावादी क्रान्तिकारीहरूलाई संशोधनवादीहरूसँग (संशोधनवादीहरूसँग : अनुवादक) सम्बन्ध विच्छेद गर्न तथा मार्क्सवादी-लेनिनवादी-माओवादी सिद्धान्तमा आधारित पार्टीहरूको विकास गर्न आह्वान गर्नुभयो ।

सोभियत रूसमा पुँजीवादको पुनर्स्थापना एवम् त्यहाँ समाजवादको निर्माणको क्रममा कमजोरी तथा सकारात्मक उपलब्धिका शिक्षाहरूको माओले गहन विश्लेषण गर्नुभयो । स्टालिनका महान् योगदानहरूको रक्षा गर्दै माओले स्टालिनका भूलहरूको पनि समीक्षा (?) गर्नुभयो । वहाँले चीनको समाजवादी क्रान्तिका अनुभवहरू तथा चिनियाँ कम्युनिष्ट पार्टीभित्र संशोधनवादी हेडक्वार्टरका विरुद्धको पटकपटकको दुई लाइन सङ्घर्षको समीक्षा गर्नुभयो । वहाँले समाजवादी समाजका अन्तर्विरोधहरू विश्लेषण गर्न भौतिकवादी द्वन्द्ववादलाई दक्षतापूर्वक लागु गर्नुभयो ।

माओले साम्यवादका निम्ति गरेको ऐतिहासिक सङ्घर्षमा सर्वहारा वर्गको नेतृत्व गर्न पार्टीले राजनीतिक सत्ता कब्जा गर्नु अनि त्यस क्रममा र पछि पनि अग्रदस्ताको भूमिका खेल्नुपर्छ भन्ने कुरा सिकाउनुभयो । वहाँले पार्टीले सर्वहारावादी क्रान्तिकारी चरित्रको रक्षा, यसअन्तर्गत पर्ने पुँजीवादी एवम् निम्न पुँजीवादी प्रभावका विरुद्ध ...बाँकी ६ पेजमा

# इतिहासमा क्रान्तिकारी हिंसाको भूमिका



● कृष्णदास श्रेष्ठ ●

**हिंसात्मक क्रान्तिको भूमिकासम्बन्धी मार्क्स र एन्जेल्सको ऐतिहासिक विश्लेषणबाट कुन कुरालाई बुझ्न सकिन्छ भने वर्ग-वैरभावहरू भएको कुनै पनि समाजमा, सशस्त्र क्रान्ति त्यस्तो सामान्य नियम रहन्छ जसद्वारा एउटा सामाजिक व्यवस्थाको ठाँउमा अर्को सामाजिक व्यवस्थाको स्थापना हुन्छ । इतिहास र अनुभवले कुन कुरालाई स्पष्टसित देखाएका छन् भने क्रान्तिकारी हिंसाको बाटो नै प्रतिक्रियावादी वर्गहरूको शासनको तख्ता पल्टाएर जनताको सत्ता कायम गर्ने, उक्त सत्तालाई जोगाउने र पुरानो सामाजिक संरचनालाई विनष्ट पारी नौलो सामाजिक संरचनाको निर्माण गर्ने एकमात्र सही बाटो हो । तसर्थ, वर्तमान परिस्थितिमा विद्यमान प्रतिक्रियावादी राज्य-सत्तालाई ध्वस्त पारेर क्रान्तिकारी राज्य-सत्ता स्थापनाको लागि क्रान्तिकारी हिंसाको प्रयोग एउटा सर्वव्यापी नियम नै रहेको छ ।**

मानवजातिको इतिहासको गति ठूल-ठूला संघर्ष, क्रान्ति, सत्ता-हस्तान्तरण, युद्ध, उथलपुथल, आदिबाट अघि बढेर आएको छ, र त्यसका पानाहरू असंख्य रक्तरंजित घटनाहरूले भरिएका छन् । जबसम्म समाज वैरभावयुक्त वर्गहरूमा विभाजित रहन्छ, जबसम्म मानवीय इतिहासले वर्ग-शोषणयुक्त समाजको सीमाभित्र रहेर आफ्नो अग्रगतिलाई हासिल गर्नुपर्ने हुन्छ, तबसम्म त्यसको विकास संघर्ष, लडाई, क्रान्तिहरूमार्फत सिद्ध गर्नुपर्ने र त्यसले प्रगतिको लागि चर्को मूल्य चुकाउनुपर्ने हुन्छ ।

इतिहासका विभिन्न अवधिहरूमा यस्ता दार्शनिक तथा विचारकहरू देखापर्ने गरेका छन्, जसले अन्याय-अत्याचारको विरुद्ध बल-प्रयोगको विरोध गर्दै अप्रतिरोध, शान्तिपूर्ण विरोध, मात्र आलोचना र भण्डाफोरको हतियारको प्रयोगको वकालत गरेका छन् । अहिंसा, शान्ति, शान्तिपूर्ण प्रतिरोध, शान्तिपूर्ण सत्याग्रह आदिको जतिसुकै प्रचार गरे पनि र त्यसको जतिसुकै जोडदार वकालत गरे पनि मानवजातिको सम्पूर्ण इतिहास र त्यस्तै वैयक्तिक मुलुकहरूको इतिहास ठूल-ठूला मुठभेड, संग्राम, संघर्ष र रक्तपातहरूबाट गुज्रेर आएको छ । इतिहासमा अहिलेसम्म जति पनि ठूल-ठूला सामाजिक हेरफेर तथा महान घटनाहरू, ठूल-ठूला फड्कोहरू भएका छन्, ती सब बल-प्रयोगद्वारा, हिंसात्मक साधनको प्रयोगद्वारा हासिल गरिएका छन् । वैरी वर्गहरूमा समाज विभाजित रहेसम्म इतिहासमा ठूल-ठूला घटना तथा परिवर्तनहरू तलवारकै मद्दतबाट, बल-प्रयोगबाट हासिल गर्नुपर्ने हुन्छ । इतिहासमा देखापरेका ठूल-ठूला सवालहरूको समाधान बल-प्रयोग गरेका छन् । जनवरी १९१८ मा सोभियतहरूको तेस्रो अखिल-रुसी महाधिवेशनमा लेनिनले भन्नुभयोः "मानौं समाजवादीहरूले खुब सिंगारपटार गरेर प्लेटमा राखेर हामीकहाँ पुऱ्यादेला झैं ठानेर हामीले समाजवादको चित्रण गर्नु हुँदैन । इतिहासमा वर्ग-संघर्षको एउटा पनि समस्या हिंसाबाट बाहेक अन्य उपायबाट कहिल्यै हल भएको छैन ।" (१५६) लेनिन शीर्षकको भ्यादिमिर सोस्यूराको कवितामा ऐतिहासिक प्रगतिको यस पक्षलाई यसरी व्यक्त गरिएको छ :

"गोलीद्वारा छिया छिया परेको भोटो लगाएर अगाडि लम्किरहेको इतिहास-यो तिम्रो चित्र !" (१५७)

क्रान्तिकारी हिंसा भनेको सामाजिक परिवर्तनका पक्षधर वर्ग वा वर्गहरूद्वारा त्यस्तो परिवर्तनका लागि गरिने बल-प्रयोगको एउटा रूप अर्थात् सशस्त्र संघर्ष हो । हामी जसलाई सशस्त्र संघर्ष, क्रान्तिकारी हिंसा भन्छौं, त्यो वर्ग-संघर्षभन्दा छुट्टैको कुरा होइन, बरु वर्गद्वन्द्वको एउटा रूप हो, वर्ग-संघर्षको उच्चतम रूप हो । क्रान्तिमा यस रूपको वर्ग-संघर्षको आफ्नो खास स्थान छ, र यो संघर्षका अन्य रूपहरूभन्दा भिन्न पनि छ । संघर्षमा यो एउटा यस्तो क्षण हो जसमा वर्गहरूमाझको संघर्ष चरम सीमामा पुगेको हुन्छ, जब वर्ग-विभक्त समाजमा आर्थिक, राजनैतिक तथा वैचारिक रूपमा चल्दै आएको संघर्ष व्यापक, विस्तृत र संगीन बनेर एक वर्गको विरुद्ध अर्को वर्गको सशस्त्र संग्राममा विकसित हुन्छ । यो वर्ग-संघर्षमा त्यस्तो बिन्दु हो, जब परस्पर-विरोधी वर्गहरूले, प्रतिगामी तथा क्रान्तिकारी वर्गहरूले शस्त्रास्त्रको प्रयोगद्वारा आफ्नो तागतको परीक्षा गर्छन् ।

माथि कुन कुरा बताइएको छ भने क्रान्तिको सबभन्दा आधारभूत सवाल राजनैतिक सत्ताको सवाल हो, र पुरानो समाजको ठाउँमा नयाँ समाजको निर्माणको लागि चाल्नुपर्ने पहिलो पाइलो राजनैतिक सत्ता कब्जा गर्नु हो । सत्ता हासिल गर्ने सम्बन्धमा एउटा स्पष्ट, इतिहाससिद्ध तथ्य के रहेको छ भने त्यसलाई क्रान्तिकारी हिंसाद्वारा, सशस्त्र संघर्षको उपायबाट मात्र हासिल गर्न सकिन्छ । आजसम्मको मानवजातिको इतिहासमा त्यस्तो एउटा घटना पनि घटेको देख्न पाइएको छैन, जसमा इतिहासद्वारा अवसानको लालमोहर लगाइएका वर्गहरू स्वेच्छाले कुनै संघर्षको इतिहासमा त्यस्तो एउटा पनि दृष्टान्त छैन, जसमा शोषितहरूले शान्तिपूर्ण ढंगले राजनैतिक सत्ता आफ्नो हातमा लिने गरेको होस् । जस्तो कि स्टालिन भन्नुहुन्छ : "इतिहासमा त्यस्ता कुनै मामिलाहरू रहेका छैनन्, जहाँ मरणशील वर्गहरूले स्वेच्छाले रंगमंच छाडेर गएका छन् । इतिहासमा त्यस्ता कुनै मामिलाहरू रहेका छैनन्, जहाँ मरणशील पूँजीपतिवर्गले आफ्नो अस्तित्व कायम गर्नका लागि आफूसित भएको सारा तागत नलगाएको होस् ।" (१५८) त्यसैले, अहिलेसम्म जनताले क्रान्तिकारी हिंसाको उपायबाट राजनैतिक सत्ता हासिल गर्ने गरेका छन् र गर्नुपरेका छन् ।

वास्तवमा जनताले हिंसात्मक क्रान्ति चाहेर गर्ने होइन । उनीहरू शान्तिपूर्ण ढंगबाट, संवैधानिक उपायबाट सत्ता लिन चाहन्छन्, शान्तिपूर्ण बाटोको अवलम्बन गर्न चाहन्छन् । यदि शान्तिपूर्ण ढंगबाट क्रान्ति संभव भएमा जनताले कहिले पनि हिंसात्मक बाटो समात्ने छैनन् । तर वास्तविक ऐतिहासिक सत्य के छ भने अहिलेसम्म शान्तिपूर्ण ढंगबाट क्रान्ति सम्पन्न भएको दृष्टान्त छैन, र शान्तिपूर्ण क्रान्ति गर्ने जनताको प्रत्येक प्रयासलाई शोषक-शासकवर्गहरूको षड्यन्त्र, जालसाजी तथा पाशविक बल-प्रयोगद्वारा, प्रतिक्रान्तिकारी हिंसाको प्रयोगद्वारा बेकम्मा पार्ने गरेका छन् र शान्तिपूर्ण परिवर्तनको जन-चाहनालाई सिद्ध हुन दिएका छैनन् । प्रतिक्रियावादी शासकहरूले जनताको विरुद्ध श्वेत आतंकको प्रयोग गरेर परिवर्तनकामी जनताको सामु क्रान्तिकारी आतंतको उपाय, सशस्त्र संघर्षको बाटो अपनाउनुपर्ने ऐतिहासिक बाध्यता राख्ने गरेका छन् । फेरि, जनताद्वारा नयाँ क्रान्तिकारी सत्ता स्थापना गरिएपछि शोषकवर्गहरू आफ्नो गुमेको "स्वर्ग" फिर्ता लिनका लागि दस-दोब्बर शक्तिका साथ भयंकर हिंसात्मक उपायहरूको साहारा लिने गर्छन् । त्यस स्थितिमा, क्रान्तिका उपलब्धिहरूलाई जोगाउनका लागि, क्रान्तिकारी सत्तालाई कायम राख्नका लागि, बाहिरी तथा भित्री क्रान्ति-विरोधी शक्तिहरूको प्रतिरोध तथा षड्यन्त्रलाई विफल पार्नका लागि क्रान्तिकारी वर्गहरूले बल-प्रयोगको उपाय अपनाउनै पर्छ, सशस्त्र प्रतिरक्षाको उपाय गर्नै पर्छ ।

तसर्थ, आम जनताले प्रतिक्रियावादी शासनको तख्ता पल्टाउन र आमूल पर्रिवर्तन ल्याउनका लागि क्रान्तिकारी हिंसा प्रयोग गर्नाको कारण उनीहरू हिंसाप्रिय भएर होइन, बरु त्यसको खास कारण के हो भने विद्यमान वस्तुगत स्थितिअन्तर्गत ऐतिहासिक खाँचोको रूपमा प्रस्तुत हुने गरेको सामाजिक क्रान्तिलाई हिंसात्मक ढंगबाट मात्र सम्पन्न गर्न सकिन्छ । यस दृष्टिबाट हामी के भन्न सक्छौं भने क्रान्तिकारी हिंसा इतिहासले शोषितहरूमाथि लादेको एउटा बाध्यता हो । प्लेखनोवले लेखेका छन् : "जबर्जस्त क्रान्तिहरू, 'रगतका धाराहरू', फाँसीका तख्ता र फाँसीहरू, बारुद र विस्फोटकहरू- यी कष्टदायी 'परिघटना' हुन् । तर, ती सब अनिवार्य हुनाले, तिनको सम्बन्धमा हामी के गर्न सक्छौं र ? बल-प्रयोग सँधैंभरी एउटा नयाँ समाजको जन्ममा सुँडिनी रहेको छ । मार्क्सले भन्नुभएको कुरा त्यही हो, र त्यस्तो सोचाइ राख्ने व्यक्ति उहाँ मात्र हुनुहुन्थ्यो । इतिहासविद् स्कलोसर कुन कुरामा विश्वस्त थिए भने मानवजातिको भाग्यमा ठूल-ठूला क्रान्तिहरू 'आगलागि र मारकाट'द्वारा मात्र सम्पन्न गरिन्छ ।" उपरोक्त भनाइको सिलसिलामा उनले तुर्गोटको सुधार-योजनाबारे स्कलोसरले व्यक्त गरेको निम्न भनाईलाई उद्धृत गरेका छन् : "उक्त योजनामा त्यस्ता सारा ठोस फाइदाहर रहेका छन्, जसलाई फ्रान्सले पछि क्रान्तिको उपायबाट प्राप्त गऱ्यो । तिनलाई क्रान्तिद्वारा मात्र हासिल गर्न सकिन्थ्यो, र आफ्नो अभिलाषामा तुर्गोटको मन्त्रालयले निकै आशावादी तथा दार्शनिक भावनाको प्रदर्शन गऱ्यो । अनुभव र इतिहासका विपरीत, त्यसले समयको क्रममा बनेको र दह्रो सम्बन्धहरूबाट सुदृढ रहेको सामाजिक संरचनालाई आफ्नो आदेशहरूद्वारा बदल्ने आशा गऱ्यो । प्रकृतिमा झैं इतिहासमा पनि, जबसम्म विद्यमान सारा कुरालाई आगलागी, मारकाट र विध्वंशद्वारा खतम पारेको हुँदैन, तबसम्म क्रान्तिकारी रूपान्तरणहरू असंभव छन् ।" (१५९)

आमूल सामाजिक परिवर्तनका लागि "आगलागि र मारकाट"को आवश्यकता र अनिवार्यता कुन कारणबाट उत्पन्न हुन्छ ? सत्य, विवेक र न्यायको बलमा मात्र सामाजिक संरचनालाई फेर्न नसक्नाको कारण के हो ? अनुभव र इतिहासले कुन कुरालाई अकाट्य रूपमा स्थापित गरेको छ भने सत्य र विवेकसम्मत तर्कको बलबाट केही साना-तिना सुधार ल्याउन सकिएला, तर समाजको ढाँचामूलक परिवर्तन ल्याउन सकिँदैन, र त्यसको लागि बल-प्रयोगको आवश्यकता पर्दछ । यसको आधारभूत कारण के हो भने जुन समाज वैरभावयुक्त वर्गहरूमा विभक्त रहेको हुन्छ, त्यसमा तिनका वर्गीय स्वार्थहरू भिन्ना-भिन्नै हुन्छन् । जुन वर्गको स्वार्थ पुरानो, समय नसुहाउँदो भएको सामाजिक संरचना कायम गर्नुमा रहेको हुन्छ र नयाँ सामाजिक संरचनासित मिल्दो हुँदैन, त्यसले पुरानो सामाजिक संरचनालाई कायमै राखिछाड्न आफ्नो सारा तागतको प्रयोग समेत गर्दछ । त्यस स्थितिमा सत्ता कब्जा गर्न, त्यसको रक्षा गर्न र त्यसको मदतबाट सामाजिक क्रान्तिलाई सम्पन्न गर्नका लागि प्रतिक्रान्तिकारी हिंसाको विरुद्ध क्रान्तिकारी हिंसाको प्रयोग गर्नु आवश्यक हुन्छ । संसारमा भएका ठूल-ठूला क्रान्तिहरूको अनुभवले उपरोक्त भनाईको औचित्यलाई पूरै सावित गरेका छन् । वर्तमान शताब्दीमा भएका महान अक्टोबर समाजवादी क्रान्ति, महान चिनियाँ जनक्रान्ति, भियतनामी क्रान्ति, क्युबाली क्रान्ति, कोरियाली क्रान्ति आदि सबै ठूला क्रान्तिहको अनुभवले पनि यही कुरालाई देखाएका छन् । ती सबै क्रान्तिहरूको अनुभवबाट हामी के देख्छौं भने वर्ग-विभक्त समाजमा क्रान्तिकारी हिंसा नै त्यस्तो उपाय हो जसको मद्दतबाट सामाजिक विकासको आफ्नो बाटोमा रहेका बाधाहरूलाई पन्छाएर नयाँ चरणमा फड्को मार्ने गर्दछ । त्यसैले, मार्क्स के ठान्नुहुन्छ भने बल-प्रयोग नयाँ समाजलाई जन्माउन लागेको पुरानो समाजको बच्चा-जन्माउने धाई हुन् । बल-प्रयोगको अहँ महत्व र भूमिकाबारे एन्जेल्स भन्नुहुन्छ :

"........तर, उक्त बल-प्रयोगले इतिहासमा (पिशाची शक्तिको भूमिकाका अतिरिक्त) अर्को भूमिका, एउटा क्रान्तिकारी भूमिका खेल्छ । मार्क्सको शब्दमा, त्यो नयाँ समाजको गर्भधारण गर्ने प्रत्येक पुरानो समाजको बच्चा-जन्माउने धाई हो । यो त्यस्तो औजार हो जसको मद्दतबाट सामाजिक गतिले बाटो बनाएर अघि बढ्छ र मृत, समय नसुहाउँदा राजनैतिक रूपहरूलाई विध्वस्त पार्छ........"(१६०)

बल-प्रयोगको ऐतिहासिक आवश्यकताको सम्बन्धमा मार्क्सको निम्न भनाइ बढो सारगर्भित छ :

"......सर्वहारावर्ग र पूँजिपतिवर्गमाझको वैरभाव वर्गको विरुद्ध वर्गको संघर्ष हो । यो त्यस्तो संघर्ष हो जुन आफ्नो उच्चतम अभिव्यक्तिमा पुग्दा एउटा पूर्ण क्रान्ति हुन्छ । वास्तवमा, वर्गहरूको विरोधमा आधारित समाज आफ्नो अन्तिम चरणको रूपमा पाशविक अन्तर्विरोधमा, अंगको विरुद्ध अंगको धक्कामा गएर टुंगिनु पर्छ भन्ने भनाइ के कुनै आश्चर्यको कुरा हो ?

"सामाजिक आन्दोलनले राजनैतिक आन्दोलनलाई बहिष्कार गर्छ भनी नभन्नु होला । त्यस्तो कुनै पनि राजनैतिक आन्दोलन छैन जो सामाजिक आन्दोलन पनि नभएको होस् । "लड या मर, रक्तपातपूर्ण संघर्ष या अस्तित्व-लोप । सवाल दह्रो रूपमा यसरी प्रस्तुत हुन्छ' (जार्ज सैण्ड) ।" (१६१)

हिंसात्मक क्रान्तिको भूमिकासम्बन्धी मार्क्स र एन्जेल्सको ऐतिहासिक विश्लेषणबाट कुन कुरालाई बुझ्न सकिन्छ भने वर्ग-वैरभावहरू भएको कुनै पनि समाजमा, सशस्त्र क्रान्ति त्यस्तो सामान्य नियम रहन्छ जसद्वारा एउटा सामाजिक व्यवस्थाको ठाँउमा अर्को सामाजिक व्यवस्थाको स्थापना हुन्छ । इतिहास र अनुभवले कुन कुरालाई स्पष्टसित देखाएका छन् भने क्रान्तिकारी हिंसाको बाटो नै प्रतिक्रियावादी वर्गहरूको शासनको तख्ता पल्टाएर जनताको सत्ता कायम गर्ने, उक्त सत्तालाई जोगाउने र पुरानो सामाजिक संरचनालाई विनष्ट पारी नौलो सामाजिक संरचनाको निर्माण गर्ने एकमात्र सही बाटो हो । तसर्थ, वर्तमान परिस्थितिमा विद्यमान प्रतिक्रियावादी राज्य-सत्तालाई ध्वस्त पारेर क्रान्तिकारी राज्य-सत्ता स्थापनाको लागि क्रान्तिकारी हिंसाको प्रयोग एउटा सर्वव्यापी नियम नै रहेको छ । नोवेम्बर १८४८ मा आफ्नो एउटा कृतिमा मार्क्सले लेख्नुभएको थियो : "......एउटा मात्र त्यस्तो उपाय छ, जसको मद्दतबाट पुरानो समाजका ज्यानमारा मरण-पीडाहरू र नयाँ समाजका रक्तपातपूर्ण जन्म-पीडाहरूलाई छोट्याउन, सरलीकृत पार्न र केन्द्रीकृत गर्न सकिन्छ - त्यो उपाय हो क्रान्तिकारी आतंक ।"(१६२) यो मार्क्स र एन्जेल्सको सिद्धान्तको एउटा अति महत्वपूर्ण प्रस्थापना हो । आफ्नो सुविख्यात कृति राज्य र क्रान्तिमा लेनिनले लेख्नुभयो : "हिंसात्मक क्रान्तिसम्बन्धी यही विचारबाट आम जनतालाई व्यवस्थित रूपले लैस पार्ने आवश्यकता मार्क्स र एन्जेल्सका सबै शिक्षाहरूको मूलमा रहेको छ ।" फेरि, "पूँजिवादी राज्यको ठाउँमा सर्वहारा राज्यको (सर्वहारावर्गको अधिनायकतन्त्रको) स्थापना पर्ने काम ओइलाएर जाने प्रक्रियाद्वारा हुन सक्दैन, यो काम हिंसात्मक क्रान्तिद्वारा मात्र हुन सक्दछ ।"(१६३)

ऐतिहासिक अनुभवको निचोडस्वरूप रहेको बल-प्रयोगसम्बन्धी उपरोक्त प्रस्थापना क्रान्तिसम्बन्धी मार्क्सवादी-लेनिनवादी सिद्धान्तको एउटा आधारभूत तत्व हो । त्यसैले, शोषकवर्गहरूको राज्य-यन्त्रलाई ध्वस्त पारेर जनवादी वा सर्वहारा अधिनायकतन्त्रको राज्य-सत्ताको स्थापनार्थ सशस्त्र संघर्षको उपायको उपयोगको पक्षमा छन् कि छैनन् भन्ने कुरा मार्क्सवादीहरूलाई अवसरवादीहरूबाट छुट्याउने एउटा आधारभूत कसी रहेको छ । कुनै पनि सच्चा मार्क्सवादी-लेनिनवादीको एउटा कर्तव्य के रहन्छ भने उसले बल-प्रयोगको आवश्यकता तथा अनिवार्यतासम्बन्धी विचारबाट आम श्रमिक जनतालाई अभिप्रेरित र आन्दोलित गर्नुपर्छ । यस कर्तव्यबाट विमुख हुनु वा त्यसलाई बेवस्ता गर्नु वास्तवमा उक्त सिद्धान्तप्रति विश्वासघात ठहरिन्छ ।

तर, क्रान्तिसम्बन्धी मार्क्सवादी सिद्धान्तले कुन सम्भावनालाई नकार्दैन भने कुनै खास अवस्थाहरू अन्तर्गत क्रान्तिको विकास शान्तिपूर्ण ढंगबाट हुन संभव छ, र क्रान्तिकारी हिंसाको प्रयोगविना, गृहयुद्धविना शोषितहरूले सत्ता हातमा लिन संभव छ । इतिहासका कुनै खास क्षणहरूमा यदाकदा त्यस्ता सम्भावनाका अवसरहरू उत्पन्न भएको पाइएका पनि छन् । आफ्नो समयमा मार्क्सले बेलायतको एक खास स्थितिमा शान्तिपूर्ण ढंगबाट सत्ता हस्तान्तरण हुनसक्ने सम्भावना रहेको कुराको उल्लेख गर्नुभएको थियो । रुसमा शान्तिपूर्ण विकासको सम्भावना अवसरहरू दुईपल्ट देखापरेका थिए- १९१७को मार्चदेखि जुलाईसम्म र १९१७ को सेप्टेम्बरमा । तर उक्त संभावनाहरू व्यवहारमा सिद्ध हुन सकेनन्, यथार्थतामा परिणत भएनन् । अर्थात्, शान्तिपूर्ण बाटोबाट क्रान्ति सम्पन्न गर्ने मार्क्सवादीहरूको त्यस बेलाको प्रयन्त सफलीभूत हुन सकेन । त्यस्तो अवसरको सम्बन्धमा लेनिन लेख्नुहुन्छ : "जुन देशमा पूँजिपतिवर्गले यस्तो भयानक प्रतिरोध गर्नेछैन, त्यस देशमा सोभियत सरकारका कामहरू अधिक सजिलो हुनेछन्, र त्यसले करेन्स्कीहरू र साम्राज्यवादीहरूद्वारा हामीमाथि लादिएको हिंसाविना नै, रक्तपातविना नै काम गर्न सक्नेछ ।" (१६४)

तर, त्यस प्रकारको सम्भावना यथार्थतामा परिणत भएको घटना इतिहासमा अहिलेसम्म एउटा पनि देख्नमा अएको छैन । अक्टोबर क्रान्तिअघि त्यस्तो घटना घट्नसक्ने सम्भावनाको एउटा पनि देख्नमा आएको छैन । अक्टोबर क्रान्तिअघि त्यस्तो घटना घट्नसक्ने सम्भावनाको उल्लेख गर्नुभएका लेनिनले १९१८ मा, जब पूँजिपतिवर्गले गृहयुद्ध शुरु गऱ्यो, तब कुन विचार व्यक्त गर्नुभयो भने कुनै समयमा सैद्धान्तिक रूपले अनुमान गरेको शान्तिपूर्ण परि स्थितिलाई इतिहासले प्रदान गरेको छैन । बरु, इतिहासमा त्यस्ता कैयन् दृष्टान्तहरू पाइएका छन्, जसमा शोषित-पीडित जनताले सत्ता कब्जा गरेका छन्, तर त्यसलाई कायम राख्न सकेका छैनन् । त्यस्ता दृष्टान्तहरू पनि अनेकौं छन्, जसमा हासिल गरिएका क्रान्तिका लाभहरू गुम्न गएका छन्, जसमा क्रान्तिले आफ्नो रक्षा गर्न नसक्नाको कारण पराजय भोग्नुपरेको छ ।

जहाँसम्म शान्तिपूर्ण ढंगले सत्ता कब्जा गर्ने कि हिंसात्मक उपायबाट गर्ने भन्ने सवाल छ, आम श्रमिक जनता निश्चय पनि हिंसात्मकभन्दा शान्तिपूर्ण उपायलाई मनपराउँछन् । तर, जस्तो कि माथि बताइएको छ, प्रतिक्रियावादीहरूले प्रयोग गर्ने श्वेत (क्रान्ति-विरोधी) आतंकको विरुद्ध जनताको सामु क्रान्तिकारी आतंकको सहारा लिनुबाहेक अर्को कुनै उपाय रहँदैन । शान्तिपूर्ण ढंगबाट सत्ता लिन सकिन्छ कि सकिँदैन भन्ने जहाँसम्म सवाल छ, लेनिनले, अपवाद स्वरूप, वैयक्तिक मामिलामा शान्तिपूर्ण तरिकाले क्रान्ति सम्पन्न हुनसक्ने संभावनाको उल्लेख गर्नुभएको थियो । उदाहरणका लागि, उहाँले त्यस्तो स्थितिको अनुमान गर्नुभयो, जसमा कुनै छिमेकको ठूलो मुलुकमा सामाजिक क्रान्ति सफलतापूर्वक सम्पन्न भइसकेपछि एउटा सानो मुलुकका प्रतिक्रियावादी शासकवर्गहरू यति प्रतिरोध गर्नु बिलकूल निरर्थक र निष्फलदायक छ र प्रतिरोध गर्दा भयानक अवसान बेहोर्नु पर्नेछ भन्ने कुरामा विश्वस्त रहेका हुन्छन् भने तिनीहरूले प्रतिक्रान्तिकारी हिंसाको सहारा नलिई शान्तिपूर्वक सत्ता हस्तान्तरण गर्न सक्छन् । तर संसारमा त्यस्तो स्थिति एउटा निकै विरल मामिला रहेको छ, र क्रान्तिको शान्तिपूर्ण विकासको घटना अहिलेसम्म देखिएको छैन । बरु, अहिलेसम्म क्रान्तिकारी हिंसा बनाम प्रतिक्रान्तिकारी हिंसा नै क्रान्तिको क्रमको सामान्य नियम रहेको छ । मानवजातिको इतिहासको प्रगति त्यस बिन्दुसम्म अहिले पुगेको छैन, जहाँ त्यसको अग्रगति शान्तिपूर्ण विकासको क्रम रहनेछ । त्यसैले, १९१८ मा, रुसमा समाजवादी क्रान्तिको विजयपछि लेनिनले अहिलेको युगलाई क्रान्तिकारी हिंसाको युग बताउनु भई भन्नुभयो :

"मार्क्सवादीहरूले कुन कुरालाई कहिल्यै बिर्सेका छैनन् भने समग्र रूपमा पूँजिवादको पतन र समाजवादी समाजको जन्ममा हिंसाले अनिवार्य रूपमा त्यसको साथ दिनै पर्छ । उक्त हिंसा विश्व इतिहासको एउटा अवधि रहनेछ, विभिन्न खालका युद्धहरू, साम्राज्यवादी युद्धहरू, मुलुकहरूभित्रका गृहयुद्धहरू, ती दुईको अन्तर्मिश्रण, साम्राज्यवादीहरूद्वारा र विशाल राजकीय-पूँजीवादी तथा सैनिक ट्रस्ट र सिन्डिकेटहरूको युगमा अनिवार्य रूपले विभिन्न मेलमा प्रवेश गर्ने साम्राज्यवादी शक्तिहरूका विभिन्न गठबन्धनहरूद्वारा थिचिएका जनजातिहरूको मुक्तिको लागि चल्ने राष्ट्रिय युद्धहरूको एउटा सिंगो युग रहनेछ । यो युग, ठूल-ठूला उथलपुथलहरूको, युद्धद्वारा जबर्जस्त लादिएका जन-निर्णयहरूको, संकटहरूको एउटा युग, शुरु भएको छ, जसलाई हामी स्पष्टसित देख्न सक्छौं, र यो शुरुआत मात्र हो ।" (१६५)

# मार्क्सवाद–लेनिनवाद–माओवादका सन्दर्भमा



● हस्तबहादुर के.सी ●

'मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ, मार्क्सवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात वर्ग संघर्षको सिद्धान्त, तर जग चाहिँ मार्क्सवादी दर्शन हो । यदि त्यसलाई मनन् गरिदैन भने हाम्रो एउटा साझा भाषा वा कुनै साझा तरिका हुनेछैन; हामी चीजहरूलाई स्पष्ट नगरिकन यताउताको कुरा उठाई तर्क मात्र गरिरहेका हुनेछौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन् गरी सकेपछि, थुप्रै दुःख कष्टबाट जोगिने छ र धेरै गल्तीहरू हट्ने छन् ।'

*(माओत्सेतुङ, चुनिएका रचनाहरू अंग्रेजी संस्करण भाग ५, पृष्ठ १६० ।)*

मार्क्सवाद-लेनिनवाद-माओवाद विश्वसर्वहारा वर्गको युक्तिको पथप्रदर्शक सिद्धान्त हो । मालेमावाद संसार बदल्ने बैचारिक हतियार हो । आज मालेमावादलाई आफ्नो जीवनपद्धतिका रूपमा ग्रहण नगरिकन कोही पनि सच्चा क्रान्तिकारी कम्युनिष्ट बन्न सक्दैन ।

मार्क्सवाद गतिशील सिद्धान्त हो । मार्क्सवाद विज्ञान भएका नाताले यो समय र परिस्थितिको गतिसँगै सिर्जनात्मक रूपमा विकसित हुँदै आएको छ ।

आज मार्क्सवाद एकलो छैन । आज मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरण हो भने मार्क्सवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरण माओवाद हो र यो निरन्तर सिर्जनात्मक रूपमा विकासको गतिमा छ ।


मालेमावादको रक्षा, प्रयोग र विकासको प्रश्न ज्यादै महत्वपूर्ण सवाल हो । यस विषयमा तल अलग्गै चर्चा गरिने छ । कार्ल मार्क्स (मे ५ सन् १८१८ - मार्च १४ सन् १८८३) र फ्रेडरिक एंगेल्स (नोभेम्बर २८ सन् १८२० - अगस्त ६ सन् १८९५) मार्क्सवादका प्रवर्तक हुनुहुन्छ । उहाँहरूले सन् १८४८ फेब्रुअरीमा विश्वविख्यात कम्युनिष्ट घोषणापत्र जारी गर्नु भयो । यो नै विश्वसर्वहारा वर्गको मुक्तिको सिद्धान्त बन्न पुग्यो ।

मार्क्सवाद एक वैज्ञानिक सिद्धान्त हो । मार्क्सवाद सर्वहारा श्रमजीवी वर्गको मुक्तिको सिद्धान्त र उसको विश्वदृष्टिकोण हो । मार्क्सवादले जीवन र जगत मार्क्सवादले जीवन र जगतलाई द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादीढंगले हेर्ने, बुझ्ने, व्याख्या गर्ने र संसारको परिवर्तनको निम्ति बाटो देखाउने काम गर्ने भएकाले यो सर्वहारा श्रमजीवी वर्गको मुक्तिको सिद्धान्त बन्न पुगेको हो । मार्क्सवादी जीवन र जगतको अध्ययन गर्ने एक वैज्ञानिक पद्धति पनि हो । यसले प्रकृति, जीवन, समाज र चिन्तनका चालक वा आम नियमहरूको अध्ययन गराउने र संसारलाई जस्तो छ त्यस्तै यथार्थरूपमा बुझ्ने, बुझाउने एवं संसारलाई परिवर्तन गर्ने तरीकाहरूको बोध गराउने काम गर्दछ ।

मार्क्सवादी दर्शन द्वन्द्वात्मक भौतिकवादी दर्शन हो । मार्क्सवाद द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणमा आधारित छ । मार्क्सवादी दर्शनका दुई भाग छन्- द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद । मार्क्सवादी दर्शनको विकास मानव चिन्तनको उज्ज्वल तथा प्रगतिशील परम्परालाई आत्मसात गरेर भएको हो । यस विषयमा भि.आई. लेनिनले भन्नुभएको छ- 'मार्क्सवादको जन्म विश्व सभ्यताको अनजान गल्तीबाट भएको होइन । मार्क्सवादी दर्शन अतीतकालमा सर्वाधिक प्रगतिशील मतहरू, सिद्धान्तहरू र विचारधाराहरूको प्रत्यक्ष सिलसिला हो ।'

*(लेनिन, संकलित रचनाहरू, भाग १९, पृ. २५)*

वर्गीय समाजमा प्रत्येक दर्शन वर्गदर्शन रहने कुरा मार्क्सवादी दर्शनको सम्बन्धमा पनि लागु हुन्छ । मार्क्सवादी दर्शन पनि एउटा वर्गदर्शन हो तर यो अन्य दर्शनहरूझैं अल्पसंख्यकहरूको, शोषणहरूको दर्शन नभएर बहुसंख्यक सर्वहाराहरूको दर्शन हो । यसलाई स्टालिनले मार्क्सवादी लेनिनवादी पार्टीको विश्वदृष्टिकोणको रूपमा परिभाषित गर्नुभएको छ । मार्क्सवादी दर्शनको उत्पत्ति ऐतिहासिक आवश्यकताबाट भएको हो । विश्व राजनीतिक रंगमञ्चमा एक स्वाधिन शक्तिको रूपमा देखापरेपछि सर्वहारावर्गको लागि एक साँच्चिकै वैज्ञानिक दर्शनको खाँचो पर्न गयो, त्यो एक प्रकारको ऐतिहासिक आवश्यकता थियो । जसको परिपूर्ति मार्क्सवादी दर्शन अर्थात् द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दर्शनले गऱ्यो । अतः एक पूरै वैज्ञानिक दर्शनको रूपमा मार्क्सवादी दर्शनले पुरानो पूँजीवादी विश्वको विनाश र नयाँ साम्यवादी विश्वको सिर्जनाको लागि अर्थात् विश्वको आमूल रूपान्तरणको लागि जब्बर सैद्धान्तिक जग प्रदान गरेको छ । अर्थात् विश्वको क्रान्तिकारी रूपान्तरण गर्ने ऐतिहासिक जिम्मेवारी बहन गरेको सर्वहारावर्गको प्रयासलाई



मार्क्सवादी दर्शनले सैद्धान्तिक, न्यायोचितता आधार र निर्देशन प्रदान गरेको छ । त्यसमा विश्वसर्वहारा वर्गले संसारलाई ठीकसित बुझ्ने र त्यसलाई फेर्ने एक अचूक बौद्धिक अस्त्र भेटाएको छ । यस विषयमा लेनिनले यसरी दर्शाउनुभएको छ- 'मार्क्सको दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानव जातिलाई र खासरूपले मजदूरवर्गलाई ज्ञानका शक्तिशाली औजारहरू प्रदान गरेको छ ।'

*(लेनिन, संकलित रचनाहरू, भाग १९, पृ. २५)*

जसले जीवन र जगतलाई फेर्न चाहन्छ, विद्यमान यथार्थतालाई फेरेर नयाँ यथार्थताको निर्माण गर्न चाहन्छ, त्यसले संसारलाई बुझ् नुपर्दछ । त्यसलाई फेर्ने तरीका जान्नुपर्दछ । यही सामर्थ्य मार्क्सवादी दर्शनले उसलाई दिन्छ । मानव समाजमा सर्वहारा वर्ग सबैभन्दा ठूलो शक्तिशाली वर्ग हो, यस वर्गको लागि दर्शनको कत्रो महत्व रहेको हुन्छ भन्ने कुरालाई स्वयं कार्ल मार्क्सले यसरी व्याख्या गर्नुभएको छ- 'जसरी दर्शनले सर्वहारा वर्गमा आफ्नो भौतिक हतियार भेटाउँछ, त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेटाउँछ ।'

*(मार्क्स-एङ्गेल्स, संकलित रचनाहरू, भाग ३, पृ. १८७)*

आज मार्क्सवादको मार्क्सवाद-लेनिनवाद-माओवादमा जुन विकास भएको छ, यस विषयमा यहाँ संक्षिप्त रूपमा चर्चा गर्ने कोसिस गरिएको छ ।

माथि पनि उल्लेख गरिएको छ, मार्क्सवाद सर्वहारावर्गको मुक्तिको सिद्धान्त हो । मार्क्सवादको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो । यस दर्शनको सिद्धान्त भौतिकवाद हो । यस दर्शनले पदार्थ, प्रकृति वा सामाजिक सत्तालाई पहिलो र चेतना, विचार वा सामाजिक चेतनालाई दोस्रो स्थानमा राख्द छ । मार्क्सवादी दर्शनले वस्तुगत जगतको आत्मिक प्रतिबिम्बन मान्दछ र विश्वलाई बोधगाम्य बताउँछ । यस दर्शनको पद्धति द्वन्दवाद हो ।

मार्क्सवादको बारेमा मोहन वैद्य किरण अगाडि लेख्नु हुन्छ - 'मार्क्सवाद सर्वहारा क्रान्तिको विज्ञान हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्ग संघर्ष तथा इतिहासमा बल प्रयोगको भूमिका र बैज्ञानिक समाजवाद तथा साम्यवाद यसका आधारभूत मान्यता हुन् ।' (मोहन वैद्य 'किरण', मार्क्सवादी दर्शन, पृ. ५६)

मार्क्सवादका आधारभूत मान्यता र सिद्धान्त तथा यसको विकासका बारेमा कमरेड मोहन बैध किरणले गरेको विश्लेषण सही छ ।

'ठोस परिस्थितिको ठोस विश्लेषण नै मार्क्सवादको आत्मा हो' भन्नु हुने भी.आर्क. लेनिनले मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरणमा लेनिनवादको प्रतिपादन गरेर मार्क्सवादको ज्ञानभण्डारमा थप योगदान पुऱ्याउनु भयो । यस विषयमा क. मोहन वैध किरण अगाडि लेख्नु हुन्छ - 'मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरण लेनिनवाद हो । पुँजीवादले सम्राज्यवादमा प्रवेश गर्नु, उत्पादक शक्ति, सर्वहारा आन्दोलन तथा ज्ञान विज्ञानका क्षेत्रमा थप प्रगति हुँदै जानु र यस प्रकारको नयाँ परिस्थिति अनुरूप मार्क्सवादलाई नयाँ उँचाइमा विकसित गर्नु पर्ने ऐतिहासिक आवश्यकताका बीचबाट लेनिनवाद जन्मियो ।' (मोहन वैद्य ' किरण', मार्क्सवादी दर्शन, पृ. ५७)

महान लेनिनद्वारा लेनिनवादको प्रतिपादनबारे क. मोहन वैध किरणले गर्नु भएको विश्लेषण सही छ ।

मार्क्सवाद-लेनिनवादको ऐतिहासिक विकासका क्रममा एक ऐतिहासिक आवश्यकताले क. माओ (२६ डिसेम्बर १८९३ - ९ सेप्टेम्बर १९७६) द्वारा मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरणमा माओवादको प्रतिपादन हुन पुग्यो र मालेमावाद विश्वसर्वहारा वर्गको मुक्तिको पथप्रदर्शक सिद्धान्त बन्न पुग्यो । यस विषयमा कमरेड मोहन बैध किरण पुनः अगाडि लेख्नु हुन्छ मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरण माओवाद हो । सामन्तवादी-साम्राज्यवादी शोषणको दोहोरो उत्पीडनबाट आक्रान्त अविकसित देशहरूका क्रान्तिका समस्याहरूको समाधान गर्नु पर्ने, स्टालिनको मृत्यु पश्चात रुस एवं पूर्वी युरोपका कैयौं देशहरूमा पुँजीवादको पुनस्थापनाका कारणहरूको खोज गरी त्यसबाट शिक्षा लिनु पर्ने तथा त्यसबाट उत्पन्न समाजवादी समाजका अन्तर्विरोधहरूको समाधान गर्नु पर्ने र आधुनिक संशोधनवादका विरुद्धको लडाई लड्नु पर्ने ऐतिहासिक आवश्यकताकाको पृष्ठभूमिमा मालोद्वारा मार्क्सवाद-लेनिनवादको पृष्टभूमिमा थप परिमार्जन तथा विकास गरि त्यसलाई मार्क्सवाद-लेनिनवाद-माओवादको तेस्रो, नयाँ र गुणात्मक उँचाइमा पुऱ्याउने काम भयो ।' (मोहन वैद्य 'किरण', मार्क्सवादी दर्शन, पृ. ५९)

माओवादको क.माओद्वारा प्रतिपादन गरिएको बारेमा क.मोहन वैद्य किरणले गर्नु भएको विश्लेषण बारेमा क. मोहन बैध किरणले गर्नु भएको विश्लेषण वस्तुवादी तथा वैज्ञानिक दुवै सावित हुन पुगेको छ ।

अतः यसरी आज अन्तर्राष्ट्रिय सर्वहारा वर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिंगो अभेद्य इकाइको रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहन पुगेको छ । साथै माओवादलाई आजको विश्वको मार्क्सवाद-लेनिनवादका ग्रहण नगरिकन कोही पनि, काही पनि सच्चा क्रान्तिकारी कम्युनिष्ट बन्न सक्तैनन् भन्ने व्यवहारमै पुष्टि हुन पुगेको छ । आज मार्क्सवाद-लेनिनवाद-माओवादमाथि दक्षिणपन्थी संशोधनवादीहरू, नवसंशोधनवादीहरू, उत्तर आधुनिकतावादीहरू र नवमार्क्सवादीहरूबाट भीषण आक्रमण भइरहेको छ । अर्थात् सबै प्रकारका रूप र रंगका संशोधनवादीहरूले मालेमावादमाथि भीषण आक्रमण गरेर मालेमावादलाई भ्रष्टिकरण गर्ने बहुत ठूलो कसरत भइरहेको छ । अतः मालेमावादको रक्षा, प्रयोग र विकासको प्रश्न शीर्षक अन्तर्गत रहेर यस विषयमा आवश्यक छलफल गर्ने प्रयत्न गरिएको छ ।

**मालेमावादको रक्षा, प्रयोग र विकासको प्रश्न**

मालेमावादको अध्ययन गर्ने नाममा विभिन्न रूपरंग धारण गरेका तमाम प्रकारका अवसरवादी, विसर्जनवादी तथा संशोधनवादीहरूले मालेमावादको अपव्याख्या गर्ने, मालेमावादको अन्तर्वस्तुको तोडमोड गर्दै आएका छन् । यस विषयमा सच्चा मालेमावादी क्रान्तिकारीहरूले सावधानी अपनाउन जसरी हुन्छ ।

मार्क्सवादको सिर्जनात्मक प्रयोगका नाममा तमामखाले अवसरवादी तथा विसर्जनवादीहरूले मालेमावादको अपव्याख्या गर्ने मालेमावादको अन्तरवस्तुहरूको तोडमोड गर्ने कार्य गर्दै आएका छन् । नेपालमा पनि मदन भण्डारीले मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने भन्दै नयाँ जनवादमा 'बहुलवाद' घुसाएर नयाँ जनवादी क्रान्तिको कार्यक्रमको ठाउँमा पूँजीवादी संसदवादी 'जनताको बहुदलीय जनवाद' पारित गराएका थिए । त्यस्तै मालेमावादको अध्ययन गर्ने नाममा डा. बाबुराम भट्टराईले 'आजको मार्क्सवाद र साम्राज्यवाद' भन्दै समग्र मालेमावादका अन्तर्वस्तुहरूको तोडमोड गर्दै आफैं मालेमावादबाट विसर्जित हुन पुगेका छन् ।

मार्क्सवादको अध्ययनका नाममा मालेमावादलाई नै तोडमरोड गर्ने अवसर बदीतथ सारा संशोधनवादीहरूबाट मालेमावादको रक्षा गर्न जरूरी हुन्छ । मालेमावादको रक्षा, विकास र प्रयोग त दुइलाइन संघर्ष र भीषण वर्ग संघर्षको माध्यमबाट मात्र गर्न सकिन्छ ।

सिद्धान्तको वास्तविक विकास त्यसको सिजनशील प्रयोगमा आधारित हुने कुरालाई भुल्नु हुदैन । सिद्धान्तको प्रयोग यान्त्रिक रूपमा होइन, हरेक देशको ठोस परिस्थिति, विशिष्टता र मौलिकतामा आधारित हुनु पर्दछ । अतः कुनै पनि मुलुकमा सिद्धान्तको प्रयोग गर्दा यान्त्रिकता र अध्यानुकरण नभई सिर्जनशीलता र सम्बन्धित देशको विशिष्टतामाथि ध्यान दिनु पर्ने हुन्छ । विदेशी प्रतिनिधिहरूसित कुराकानी गर्ने सिलसिलामा चिनी क्रान्तिका अनुभवहरूमाथि ध्यान दिँदै माओत्सेतुङले अगाडि भन्नु हुन्छ- ' चिनी क्रान्तिको अनुभव अर्थात् ग्रामीण आधार इलाकाहरूको निर्माण गाउँबाट सहरलाई घेर्ने र पूर्ण रूपमा शसहरूमाथि कब्जा गर्ने काम तपाईंहरूमध्ये धेरैजसो मुलुकहरूमा लागु नहुन सक्छ । यद्यपि यसले तपाईंहरूलाई सन्दर्भका रूपमा काम दिन सक्छ । म तपाईंहरूलाई चिनिया क्रान्तिका अनुभवहरूलाई यान्त्रिक रूपमा नक्कल नगर्न सल्लाह दिन चाहन्छु । कुनै विदेशी मुलुकको अनुभवको केवल सन्दर्भको रूपमा काम दिन सक्छ र त्यसलाई जडसूत्रका रूपमा ग्रहण गर्नु हुँदैन । मार्क्सवाद-लेखिनवादको सर्वाभौम सत्य र तपाईंहरूका आफ्नै देशहरूका ठोस परिस्थितिका बिचमा एकरूपमा कायम हुनुपर्दछ ।' (माओ त्सेतुङ, संकलित रचना, भाग ५, पृ. ३२६)

हाम्रो देशको लागि माओको यी भनाइहरू बढी मननयोग्य छन् । मार्क्सवादको सिर्जनात्मक प्रयोग र सैद्धान्तिक विकासका लागि द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई दृढतापूर्वक अवलम्बन गर्नु पर्दछ ।

हामीले अध्ययन गर्नु पर्ने कुन कुरा महत्वपूर्ण हो भन सिद्धान्तको संशोधन र परित्यागको परिघटनालाई (जस्तो बाबुराम भट्टराईले मार्क्सवादको परित्याग गरेको घटनालाई पनि उदाहरणमा लिन सकिन्छ । सामान्य अर्थमा होइन, संशोधनवादी परिघटनाका अर्थमा ग्रहण गर्नु पर्ने हुन्छ । यस प्रकारको संशोधनवाद दक्षिण, मध्य र उग्र जुनसुकै रूपमा पनि देखा पर्न सक्छ । यहाँनेर हामीले जान्ने पर्ने कुरा के हो भने आजको साम्राज्यवाद र सर्वहारावर्ग बिचको भीषण संघर्षको युगमा संशोधनवाद खुला रूपमा भन्दा छदम रूपमा प्रकट हुने गर्दछ । जस्तो एमाओवादी हुदैं माओवादी केन्द्रसम्म आइपुग्दा प्रचण्ड रूपी छदम संशोधनवादलाई उदाहरणको रूपमा लिन सकिन्छ । कुरा क्रान्ति गर्ने तर व्यवहार प्रतिक्रान्तिकारी गर्नेलाई छद्‌म संशोधनवादी भनिन्छ ।

अतः मार्क्सवादको विकास संघर्षका बिचबाट हुने गर्दछ । त्यसो भएर नै मार्क्सवादी दर्शनलाई संघर्षको दर्शन भनिन्छ । यी माथि उल्लेखित विषयवस्तुहरूको अध्ययन हामीले वैज्ञानिक (द्वन्द्वात्मक) पद्धतिको आधारमा अध्ययन गर्दै अगाडि बढ्यो भने हामीले यी चीजलाई सही ढंगले पकडन सक्छौँ र ठिक ठाउँमा पुग्न सक्छौं ।

दक्षिणपन्थी संशोधनवादीहरू नवसंशोनधनवादीहरू, उत्तर आधुनिकतावादी, नवमार्क्सवादीहरू र सबै रंग र रूपका संशोधनवादीहरूद्वारा मालेमावादमाथि भीषण आक्रमण र तोडफोड भइरहेको सन्दर्भमा मूलतः दक्षिणपन्थी संशोधनवाद नै महान नेपाली नयाँ जनवादी क्रान्तिका लागि मुख्य बाधक बनिरहेको वर्तमान परिस्थितिमा नेपालको सन्दर्भमा मालेमावादको कसरी प्रयोग, रक्षा र विकास गर्ने भन्ने सवाल ज्यादै जटिल बन्न पुगेको छ । यसलाई परास्त गर्न व्यापक रूपमा छलफल र बहस गर्न अनिवार्य आवश्यकता बन्न गएको छ ।

मार्क्सवादको अध्ययन गर्ने र समग्रमा मालेमावादको अध्ययन मात्रै होइन । त्यसलाई जीवन व्यवहारमा लागु गर्ने जो कोहीलाई पनि मालेमावादको आधारभूत सिद्धान्तको ज्ञान हुनै पर्दछ ।

मार्क्स-एंगेल्सले वैज्ञानिक अनुसन्धान गरेर मार्क्सवादको प्रतिपादन गर्नु भयो । लेनिन माओले मार्क्सवादलाई समृद्ध पार्न महत्वपूर्ण योगदान गर्नु भयो । अहिले सिंगो मालेमावाद माथि दक्षिणपन्थि संशोधनवादीहरू, नवसंशोधनवादीहरू उत्तर आधुनिकता वादी र नवमार्क्सवादीहरूबाट भीषण आक्रमण भइरहेको छ । यिनीहरूको आक्रमणले प्रतिक्रान्तिकारीहरूलाई बलियो तुल्याई रहेको छ भने क्रान्तिकारी मालेमावादीहरूलाई रक्षात्मक स्थितिमा पुऱ्याईदिएको विश्व कम्युनिष्ट आन्दोलन नै रक्षात्मक स्थितिमा पुगेको छ ।

आजको युग साम्राज्यवाद र सर्वहारा वर्गबीचको भीषण वर्गसंघर्षको युग हो विश्व साम्राज्यवादलाई परास्त गरि वैज्ञानिक समाजवादको स्थापनाको लाग सबै खाले रंग र रूपका संशोधनवादीहरूलाई वैचारिक रूपमा परास्त गर्ने जिम्मेवारी आज क्रान्तिकारी मालेमावादीहरूको काँधमा आएको छ ।

## सांगठानिक गतिविधि

### काठमाडौं ३ न. अभियानदलको अभियान डायरी

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को काठमाडौं जिल्लाको ३ नं. अभियान दलले पार्टीको जारी तीन महिने अभियान अन्तर्गत पहिलो चरणमा देजमो, नेपालको सदस्यता वितरण, देजमो नगर, वडा, गाउँभेला र नगरपालिकाहरूमा ज्ञापन पत्र, भित्ते लेखन तथा ब्यानरिङ्ग गरेको छ भने दोस्रो चरणमा जबस तथा मोर्चाहरूको सदस्यता बितरण नगर, वडा, गाउँ भेला सम्पन्न गरेको छ । तेस्रो चरणमा पार्टी सदस्यता नवीकरण, नयाँ आवेदन , पार्टीको गाउँ, वडा, नगर भेला तथा सम्मेलन सम्पन्न गर्ने योजना बनाएको उक्त अभियान दलका संयोजक खगेन्द्र छन्त्यालले बताउनु भएको छ। प्राप्त जानकारी अनुसार आइतबार विकास तामाङको अध्यक्षतामा ११ सदस्यीय तार्केश्वर नगर कमिटि गठन गरिएको छ। आइतबार नै अभियानदलले नगरकार्यालयमा ज्ञापनपत्र बुझाउने तथा ब्यानरिङ् गर्ने काम सम्पन्न गरेको छ ।

त्यसैगरी केही दिन पहिले गोपाल कार्कीको अध्यक्षतामा ९ सदस्यीय टोखा नगरकमिटि निर्माण गरिएको छ भने काठमाडौं महानगरपालिकाका ६, ७ र ८ वडा कार्यालयहरूमा ज्ञापन पत्र बुझाउने र व्यानर झुण्ड्याउने काम गरेको छ ।

### काठमाडौं महानगरपालिकाको ११ नं. वडामा देजमो गठन

काठमाडौं । काठमाडौं महानगरपालिका ११ नं वडामा देजमोको वडा भेला सम्पन्न भएको छ । सो भेलाले लक्ष्मी मास्केको अध्यक्षतामा ११ सदस्यीय वडा कमिटि निर्माण गरेको छ। भेलालाई अखिल क्रान्तिकारीका केन्द्रीय कोषाध्यक्ष शिलु न्यौपानेले शुभकामना दिनुभएको थियो ।

### नवलपुरमा कृष्णप्रसादको अध्यक्षतामा शिक्षक संगठन

नवलपुर । अखिल नेपाल शिक्षक संगठनको नवलपुर जिल्ला समितिको अध्यक्षमा कृष्ण प्रसाद सापकोटा चुनिनु भएको छ । सापकोटाको अध्यक्षतामा ११ सदस्यीय जिल्ला समिति गठन भएको हो । चैत्र १ गते जिल्लाको कावासोतीमा सम्पन्न भेलाले सापकोटा सहित उपाध्यक्षमा सरस्वती वाग्ले सचिवमा दिपक अर्याल कोषाध्यक्षमा टेक माया झा र सदस्यहरू सिता खनाल, लोकनाथ पंगेनी र देवी थालमगरलाई चयन गरेको छ । समितिमा ३ सदस्य पछि थपिने भएको छ । कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का जिल्ला इञ्चार्ज अनुकूल प्रमुख अतिथि र सेक्रेटरी न्यू जर्ज अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो ।

### बर्दियाको अभियान डायरी

**आयुस न्यौपाने**

बर्दिया । नेकपा (क्रान्तिकारी माओवादी) को जारी तीन महिने अभियान अन्तर्गत बर्दिया जिल्लामा संगठन निर्माण तीव्रताका साथ भइरहेको छ । प्राप्त समाचार अनुसार क्रान्तिकारी माओवादी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको बर्दियाको गुलरिया नपामा वडा कमिटि गठन भएको छ। २९ फागुनमा सम्पन्न एक भेलाले गुलरिया नगरपालिका वडा नं. ३ स्तरीय मोर्चाको कमिटि गठन गरिएको हो। क्रान्तिकारी माओवादीका केस भुपेन्द्र न्यौपाने, बर्दिया सचिव लोकराज जैसी लगायतको विशेष उपस्थितिमा सम्पन्न भेलाले मोर्चाको वडाको संयोजकमा बाठे गोडिया, सह-संयोजकमा मालति अर्जर र सदस्यहरूमा विजय गोडिया, बैजनाथ बन्जारा, चन्द्र बहादुर परियार, मुकेश गोडिया, राम चरण भौरी, तिलक राय गोडिया लगायतलाई चयन गरेको छ। कैलालीको धम्सीपुरमा-८ अन्तरगत श्रीलङ्कामा देजमो नेपालले नन्दु मल्लाहको संयोजकत्वमा १६ सदस्यीय गाउँ कमिटि गठन गरेको छ । भेलामा भेलामा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा बाँके-बर्दिया ईन्चार्ज भुपेन्द्र न्यौपाने, पार्टी सेक्रेटरी लोकेश लगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी राजापुरको रजपुरवामा पनि गाउँ स्तरीय देजमोको कमिटी गठन भएको छ । भेलाले मिना आचार्यको संयोजकत्वमा ८ सदस्यीय कमिटी गठन गरेको हो ।

### किरात राष्ट्रिय मुक्ति मोर्चाको सुनसरी जिल्ला कमिटी गठन

सुनसरी । सुनसरीको धरानमा हालै सम्पन्न एक भेलाले किरात राष्ट्रिय मुक्ति मोर्चाको सुनसरी जिल्ला कमिटि गठन गरेको छ । प्राप्त समाचार अनुसार भेलाले मणिकुमार राईको अध्यक्षतामा १३ सदस्यीय जिल्ला कमिटि गठन गरेको हो । उक्त कमिटिको सचिवमा चक्र राई, कोषाध्यक्षमा चन्द्रकला राई लगायत रहेका छन् ।

अखिल नेपाल आदिवासी जनजाति महासंघका महासचिव नगेन्द्र राईको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा पार्टी केन्द्रीय सदस्य तथा सुनसरी जिल्ला इन्चार्ज मनोज श्रेष्ठ, देजमो सुनसरी जिल्ला अध्यक्ष टिका राई, लिम्बूवान मुक्ति मोर्चाको सहसंयोजक पारस लिम्बू, टंक मणिराई, देमा तामाङ लगायतका नेताहरूले शुभकामना दिएको उक्त कार्यक्रमको सञ्चालन गौरब राईले गर्नु भएको थियो । मोर्चाले किरात, लिम्बूवान र कोचिलाको छुट्टाछुट्टै पहिचान कायम हुने गरी संघीयताको लागि संघर्ष गर्ने लगायतको निर्णय गरेको छ ।

## मार्क्सवाद...

सक्रिय विचारधारात्मक पुनसंस्कारद्वारा, आलोचना, आत्मालोचना तथा पार्टीमा अवसरवादी एवम् संशोधनवादी कार्यदिशाका विरुद्ध दुई लाइन सङ्घर्ष कसरी गर्ने भन्ने मान्यतालाई विकसित गर्नुभयो । माओले सिकाउनु भयो– एकपल्ट सर्वहारा वर्गले सत्ता कब्जा गरेर जब समाजवादी सत्ताको नेतृत्वदायी शक्ति बन्दछ, तब पार्टी र जनसमुदायका बीचको अन्तर्विरोध, पुँजीवाद र साम्यवादका बीचको सङ्क्रमणका रूपमा समाजवादी समाजका अन्तर्विरोधको केन्द्रीकृत अभिव्यक्ति हुनपुग्छ ।

माओ त्से तुङले सर्वहारा वर्गको राजनीतिक अर्थशास्त्रको, उत्पादन आफैँको अन्तर्विरोधी र बहुआयामिक भूमिकाको तथा समाजको राजनीतिक एवम् विचारधारात्मक संरचनासँग यसको अन्तरसम्बन्धबारेको बुझाइलाई विकसित गर्नुभयो । उत्पादन सम्बन्धमा स्वामित्वको पद्धति निर्णायक हो, तर समाजवादअन्तर्गत के कुरामा ध्यान दिनु आवश्यक पर्छ भने सार्वजनिक स्वामित्व-सारतत्वका साथै रूपमा पनि समाजवादी हुन्छ भन्ने कुरा माओले सिकाउनुभयो । वहाँले समाजवादी स्वामित्वको व्यवस्था र उत्पादन सम्बन्धमा अन्य दुई पक्ष- उत्पादन र वितरण व्यवस्थामा जनताका बीचको आपसी सम्बन्धका बीचको अन्तर्क्रियामा जोड दिनुभयो । समाजवादी समाजमा विचारधारात्मक र राजनीतिक कार्यदिशाको सहीपनाले उत्पादनका साधनमा सर्वहाराको वास्तविक स्वामित्व भए नभएको निर्धारण हुन्छ , भन्ने देखाएर माओले राजनीति नै अर्थशास्त्रको केन्द्रीकृत अभिव्यक्ति हो भन्ने लेनिनवादी प्रस्थापनालाई विकसित तुल्याउनुभयो । यस सन्दर्भमा संशोधनवादको उदय भनेको पुँजीवादकै उदय हो भन्ने कुरा प्रस्ट पार्दै वहाँले समाजवादी आर्थिक आधारको अन्तर्विरोधी प्रकृतिका कारण पुँजीवाद पन्थीहरू केही गरी सत्तामा आए भने उनीहरूलाई पुँजीवादी व्यवस्था कायम गर्न सजिलो हुनेछ भन्ने कुरा पनि वहाँले प्रस्ट पार्नुभयो ।

वहाँले उत्पादक शक्तिको संशोधनवादी सिद्धान्तको व्यापक आलोचना गर्नुभयो र उपरिसंरचना र चेतनाले आधारलाई रूपान्तरण गर्न सक्छ र राजनीतिक सत्तामार्फत उत्पादक शक्तिलाई विकसित तुल्याउँछ भन्ने निष्कर्ष निकाल्नुभयो । यी सबै माओको 'क्रान्तिलाई पक्र र उत्पादन बढाऊ' भन्ने नारामा अभिव्यक्ति भएका छन् ।

माओ त्से तुङले महान् सर्वहारावादी सांस्कृतिक क्रान्तिको पहल र नेतृत्व गर्नुभयो, जसले सर्वहारा वर्गको अधिनायकत्वसम्बन्धी अनुभवमा एउटा महान् अग्रगामी फड्कोको प्रतिनिधित्व गर्छ । समाजवादी समाजभित्रैबाट र विशेष गरेर पार्टीको नेतृत्वमा एकत्रित हुनआएका पुँजीवादपन्थीहरू, जस्तो कि लिउ साओ चि लिन प्याओ र तेङ सियाओ पेङलाई गलहत्याउन लाखौँलाख जनता जुर्मुराएर उठे । माओले समाजवादी समाजमा पनि शोषक वर्गहरूका निजी संचिति, सोचाइ, व्यवहारका रूपमा रहेका विद्यमान पुँजिवादपन्थीहरूलाई चुनौती दिन तथा सबै क्षेत्रमा विशाल बहुमतको स्वार्थ, दृष्टिकोण र इच्छा लागु गर्न सर्वहारा एवम् जनसमुदायको नेतृत्व गर्नुभयो ।

सांस्कृतिक क्रान्तिमा हासिल गरिएको महान् विजयले चीनमा पुँजीवादको पुनर्स्थापना हुनबाट एक दशकसम्म बचायो र आर्थिक आधारका साथै शिक्षा, साहित्यकला, वैज्ञानिक अनुसन्धान तथा उपरिसंरचनाका अन्य क्षेत्रहरूमा महान् समाजवादी रूपान्तरण गरायो । माओको नेतृत्वमा जनसमुदायले पुँजीवाद जन्माउने माटो–जस्तो कि पुँजीवादी अधिकार, सहर र गाउँका बीच, मजदुर र किसानका बीच र मानसिक र शारीरिक श्रमका बीचका तीन ठूला विभेदहरूलाई गतिलो गरी खलबल्याए ।

भीषण विचारधारात्मक एवम् राजनीतिक सङ्घर्षका क्रममा लाखौं मजदुर र अन्य क्रान्तिकारी जनसमुदायले आफ्नो वर्गचेतनालाई समृद्ध तुल्याए र मार्क्सवाद-लेनिनवाद-माओवादको दक्षताका साथ राजनीतिक सत्ता सञ्चालनको योग्यतामा वृद्धि गरे । सांस्कृतिक क्रान्ति सर्वहारा वर्गको अन्तर्राष्ट्रिय सङ्घर्षकै अङ्गका रूपमा सञ्चालन भएको थियो र यो सर्वहाचरा अन्तर्राष्ट्रियतावादको प्रशिक्षणको थलो थियो ।

माओले क्रान्तिकारी नेतृत्वको आवश्यकता तथा सर्वहारा अधिनायकत्व लागू गर्न क्रान्तिकारी जनसमुदायमा भर पर्ने तथा उनीहरूलाई जाग्रत गराउनुपर्ने आवश्यकताबीचको द्वन्द्वात्मक सम्बन्धलाई दरोसँग समात्नुभयो । यस तरिकाद्वारा सर्वहारा वर्गको अधिनायकत्वको सुदृढीकरण, सर्वहारा जनतन्त्रको संसारमा आजसम्म हासिल नगरिएको निकै व्यापक र सघन अभ्यास पनि थियो र यसले वीर क्रान्तिकारी नेताहरू जस्तो कि च्याङ चिङ र च्याङ चुन चियाओलाई अगाडि ल्यायो, जसले जनसमुदायका साथमा खडा भएर संशोधनवादीहरूका विरुद्धको लडाइँमा उनीहरूको नेतृत्व गरे तथा गम्भीर पराजयको अवस्थामा पनि मार्क्सवाद-लेनिनवाद-माओवादको झण्डालाई उँचो पारिराखे ।

लेनिनले भन्नुभएको छ, ' त्यो मात्रै मार्क्सवादी हो, जसले वर्गसङ्घर्षको स्वीकृतिलाई सर्वहारा वर्गको अधिनायकत्वको स्वीकृतिसम्म विस्तार गर्छ ।' माओ त्से तुङको नेतृत्वमा महान् सर्वहारा सांस्कृतिक क्रान्तिको सन्दर्भमा हासिल गरिएको अग्रगति तथा प्राप्त भएका अमूल्य शिक्षाहरूले यो विभाजनरेखा अझै गहिरो बनेको छ । अब के भन्न सकिन्छ भने, केवल त्यो मात्रै मार्क्सवादी हो, जसले वर्गसङ्घर्षको स्वीकृतिलाई सर्वहारा वर्गको अधिनायकत्वसम्म र साम्यवादसम्मको सम्पूर्ण समाजवादी कालभरि वर्गहरूको सत्रुतापूर्ण वर्गअन्तर्विरोधको, पार्टीभित्र बुर्जुवाहरूको अस्तित्व र सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत वर्गसङ्घर्षको निरन्तरताको स्वीकृतिसम्म विस्तार गर्दछ । जस्तो माओले जोडदाररूपमा भन्नुभएको छ–'यो प्रश्नमा स्पष्टताको अभावले संशोधनवादतिर डोऱ्याउँछ ।'

सन् १९७६ मा ह्वाको फेङ र तेङ सियाओ पेङको नेतृत्वमा भएको प्रतिक्रान्तिकारी षड्यन्त्रद्वारा पुँजीवादको पुनर्स्थापनाले माओवादलाई अथवा महान् सर्वहारा सांस्कृतिक क्रान्तिको विश्व-ऐतिहासिक उपलब्धि तथा त्यसका उच्च शिक्षालाई कुनै हालतमा पनि नकार्दैन, बरू यो पराजयले त समाजवादी समाजको प्रकृति तथा सर्वहारा वर्गको अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख्नेसम्बन्धी माओका प्रस्थापनाहरूको नै पुष्टि गर्छ ।

प्रस्टरूपमा नै महान् सर्वहारावादी सांस्कृतिक क्रान्तिले क्रान्तिको विश्व-ऐतिहासिक कालको विश्वभरिका कम्युनिष्ट र क्रान्तिकारीहरूको विजयी उच्च शिखरको, कहिल्यै ननासिने उपलब्धिको प्रतिनिधित्व गर्छ । यद्यपि हाम्रा सामु कामको सिङ्गो प्रक्रिया छ, यो क्रान्तिले छाडेका महान् शिक्षाहरू हामीले लागू गरि नै रहेका छौँ, जस्तो, उदाहरणका लागि भन्न सकिन्छ –सत्ता कब्जा गर्न हाम्रो वर्गका लागि विचारधारात्मक रूपान्तरण नै आधारभूत कुरा हो ।

**मार्क्सवाद-लेनिनवाद-माओवाद : तेस्रो महान् चरण**

चिनियाँ क्रान्तिको सन्दर्भमा माओले मार्क्सवाद-लेनिनवाद-माओवादलाई विकसित गर्नुभयो । तर यो महान् सर्वहारा सांस्कृतिक क्रान्तिको भट्टीमा नै हाम्रो विचारधाराले फड्को माऱ्यो र तेस्रो महान् चरण मार्क्सवाद-लेनिनवाद-माओवाद पूर्णरूपमा देखापऱ्यो । मार्क्सवाद-लेनिनवाद-माओवादको उच्च धरातलबाट क्रान्तिकारी कम्युनिष्टहरूले पहिलेका महान् नेताहरूका शिक्षाहरूलाई अझै व्यापकरूपमा आत्मसात गर्न सक्छन् र यथार्थमा स्वयम् माओ त्से तुङकै प्रारम्भिक कालका योगदानहरूलाई पनि गहन महत्वका साथ बुझ्न सकिन्छ । आज, माओवादबिनाको मार्क्सवाद-लेनिनवाद हुन सक्तैन । वास्तवमा माओवादको विरोध गर्नु स्वयम् मार्क्सवाद-लेनिनवादकै विरोध गर्नु हो ।

सर्वहारा वर्गको क्रान्तिकारी विचारधाराको विकासका हरेक महान् चरणहरूले गम्भीर प्रतिरोधको सामना गरेका छन् र ती सङ्घर्ष एवम् क्रान्तिकारी व्यवहारमा यसको प्रयोगद्वारा नै स्थापित हुनेगरेका छन् । मार्क्सवाद-लेनिनवाद-माओवाद विश्वक्रान्तिको कमान्डर र पथप्रदर्शक हुने छ भनेर आज क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (रिम) घोषणा गर्दछ ।

विश्वका सयौँ र लाखौँ सर्वहारावादीहरू तथा उत्पीडित जनसमुदायहरू विश्व साम्राज्यवादी व्यवस्था र सबैखाले प्रतिक्रियावादका विरुद्ध सङ्घर्षमा होमिएका छन् । दुस्मनका विरुद्धको रणभूमिमा उनीहरूले आफ्नै झण्डा खोजिरहेका छन् । क्रान्तिकारी कम्युनिष्टहरूले हाम्रो सार्वभौम विचारधारालाई दरोसँग समात्नै पर्छ र क्रान्तिकारी हिंसाद्वारा सत्ता कब्जा गर्नका लागि यसलाई जनसमुदायमा, उनीहरूलाई अझै जागरुक पार्न र उनीहरूको शक्तिलाई सङ्गठित पार्न फैलाउनु पर्छ । यो कार्य पूरा गर्न क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (रिम) मा एकत्रित भएका मार्क्सवादी-लेनिनवादी-माओवादी पार्टीहरूले यस्ता पार्टीहरू नभएका ठाउँमा पार्टीहरू निर्माण गर्ने र भएका ठाउँमा तिनलाई जनयुद्धको माध्यमबाट सर्वहारा वर्ग एवम् उत्पीडित जनताका लागि सत्ता कब्जा गर्ने तयारीका लागि जनयुद्धको सुरुवात गर्न मजबुत तुल्याउनु पर्छ । हामीले मार्क्सवाद-लेनिनवाद-माओवादको झण्डालाई दरिलो गरी समात्नु पर्छ, रक्षा गर्नुपर्छ र मुख्यरूपमा यसलाई व्यवहारमा लागू गर्नुपर्छ ।

हामीले हाम्रो सङ्घर्षलाई मार्क्सवाद-लेनिनवाद-माओवादमा आधारित, नयाँ ढङ्गको कम्युनिष्ट अन्तर्राष्ट्रियको गठनको दिशामा अघि बढाउनु पर्छ । विश्व सर्वहारा क्रान्ति यस प्रकारको हतियारको प्रयोबिना विजयसम्म पुग्न सक्तैन, किन भने, जस्तो माओ त्से तुङ्ले हामीलाई सिकाउनुभएको छ, या त हामी सबै साम्यवादमा पुग्छौँ, अथवा हामी कोही पनि पुग्दैनौँ ।

माओ त्से तुङले भन्नुभएको छ, ' मार्क्सवादमा हजारौँ सत्यहरू विद्यमान छन्, तर अन्तिम विश्लेषणमा ती सबै एउटैमा केन्द्रित हुन्छन्–विद्रोह गर्नु जायज छ ।' क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (रिम) जनसमुदायको विद्रोहलाई आफ्नो प्रस्थानबिन्दुका रूपमा लिन्छ र संसारभरिका सर्वहारा एवम् क्रान्तिकारीहरूसँग मार्क्सवाद-लेनिनवाद-माओवादलाई आत्मसात गर्न (दरोसँग पकड्न) आह्वान गर्छ । यो मुक्तिदायी र पार्टी पक्षधर विचारधारालाई सर्वहारा वर्ग एवम् सम्पूर्ण उत्पीडित जनसमुदायका घरमा पुऱ्याउनु पर्दछ, किन भने यसले मात्र जनसमुदायको विद्रोहलाई हजारौँ वर्षदेखिको वर्गीय शोषण समाप्त पार्न तथा साम्यवादी नयाँ विश्व जन्माउन सक्षम तुल्याउँछ ।

*मार्क्सवाद-लेनिनवाद-माओवादको रातो झण्डालाई माथि उठाऔँ !*

*डिसेम्बर २६, १९९३*

## शुकदेव...

गर्दैन भन्दैं मुलुकमा तानाशाही राजतन्त्रको अन्त्य भएपनि अरु राजा जन्मेको दावी गर्नुभयो । हालैं सम्पन्न निर्वाचनतर्फ इंगित गर्दैं उहांले हामीले आफ्नो अधिकार प्राप्तिका लागि नक्कली राजाको पछि लागेको टिप्पणी गर्नुभयो । उहांले शुकदेवलाई शहीद घोषणा र तमुवान स्वायत्त राज्य प्राप्तिको आन्दोलनलाई संगसंगैं लैजानुपर्नेमा जोड दिनुभयो ।

## जुझारु...

यस्तै तालिमको आयोजना प्रत्येक प्रदेश र जिल्लाहरूमा पनि गरिनुपर्ने माग बढ्न थालेको छ ।

क्रान्तिका लागि त्याग, तपस्या र बलिदानी भावले ओतप्रोत भएको जुझारु संगठनको आवश्यकता पर्दछ । त्यस्तो संगठन निर्माणविना क्रान्ति सम्भव छैन भन्ने कुरा क्रान्तिकारी माओवादीले गहिरो गरी बोध गरेको देखिन्छ । क्रान्तिका निम्ति तीन जादुगरी हतियार- क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना-को आवश्यता पर्ने बताउँदै आएको क्रान्तिकारी माओवादीले विस्तारै त्यसदिशामा कदम बढाउँदै लगेको छ ।

क्रान्तिकारी संयुक्त मोर्चाको रूपमा निर्माण गरिएको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले हालै नेपाल सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीलाई ९४ बुँदे ज्ञापन पत्र बुझाइ सकेको छ । नेपालमा कम्युनिष्ट पार्टी स्थापना भएदेखि अगाडि सारिएका मागहरूलाई समेटेर प्रस्तुत गरिएका माग वर्तमान ओली सरकारले पूरा गर्ने देखिन्न । प्रधानमन्त्री ओलीले देजमोका ९४ वटै माग जायज रहेको बताउँदै यस्तै माग पूरा गर्नुनै आफ्नो सरकारको कार्यसूचि भएको बताए पनि नवउदारवादी तथा खुल्ला बजारमुखी अर्थतन्त्र, साम्राज्यवादी तथा भारतीय विस्तारवादी दबदबाका बीच उनले चाहेर पनि मोर्चाले अगाडि सारेका मागहरू पूरा नगर्ने स्पष्ट नै छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित मोर्चाका ती मागहरू पूरा गराउन एउटा जुझारु र सशक्त संघर्षको आवश्यकता पर्दछ ।

अहिले दलाल पुँजीवादमा आधारित संसदीय व्यवस्थामा स्थानीयदेखि केन्द्रीय सरकारसम्म देजमोले जनतामा मागहरू समेटेर धमाधम मागहरू बुझाइरहेको छ र ती मागहरू पूरा गराउन संघर्षको तयारी पनि गरिरहेको छ ।

क्रान्तिकारी माओवादीले नयाँ जनवादी क्रान्तिलाई नै लक्षित गरी छरिएर रहेका कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकीकृत र ध्रुवीकृत गर्ने दिशामा पनि पहल गरिरहेको छ । विभिन्न कम्युनिष्ट घटकहरूसँग क्रान्तिकारी माओवादीको नेतृत्वले निरन्तर भेटघाट छलफल चलाइरहेको छ । र, सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूबीचको वृहत् एकता तथा ध्रुवीकरणको बातावरण निर्माण भइरहेको छ ।

## माके...

लाजै नमानी एमालेमा विलय हुन पुगेको पनि टिप्पणी गर्नुभयो । माकेको एमालेकरणलाई विडम्बनायुक्त परिघटना भन्दै महासचिव किरणले 'साम्राज्यवादको डलरमा बिकेका र विस्तारवादको चाकडी गर्नेहरूले, नवउदारवादलाई स्वीकार गर्नेवालाहरूले र देशभित्र दलाल पुँजीपति, नोकरशाह पुँजीपति र सामन्तवर्गको प्रतिनिधित्व गर्नेहरूले नेपाली समाजको आर्थिक सामाजिक रूपान्तरण गर्न सक्दैनन् ।' भन्नुभयो, ' अहिलको समय भनेको क्रान्तिको महान सम्भावना बोकेको समय हो । चुनौतीहरूको सामना गर्दै जनयुद्धको ओझ र गरिमालाई गहिरोगरी आत्मसात गर्न जरुरी छ र क्रान्तिको नयाँ शिराबाट तयारी थाल्नुपर्दछ ।'

पुरानो राज्यसत्तालाई ध्वंश गरेर नयाँ राज्यसत्ता स्थापना गर्नु नै क्रान्ति हो भन्दै उहाँले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू एमाले माकेहरूबाट समाधान हुन नसक्ने दावी गर्नुभयो । उहाँले प्रश्न गर्नुभयो, 'छपकैयालगायतका स्थानमा भारतीय विस्तारवादले सीमा मिच्दा चुइक्क नबोल्नेले राष्ट्रिय स्वाधीनताको रक्षा गर्छन् ? झण्डै एक करोड नेपाली विदेशिएका छन् । रोजगार दिन सक्छन् ? आयातलाई प्रतिस्थापन गर्न सक्छन् ? देशलाई आर्थिक रूपले आत्मनिर्भर बनाउन सक्छन् ? सक्दैनन् ? प्रधानमन्त्री नहुँदै मोदीसँगको मन्त्रणा, कानेसुखी, स्वराजसँग गरेको कुराहरू के हो ?'

देशमा आर्थिक समृद्धि र स्थायित्वको विकास गर्न महासचिव किरणले 'भारतसँग गरिएका सन् पचास लगायतका असमान सन्धिसम्झौताहरू खारेज गर्नुपर्छ । मिचिएका भूभागलाई फिर्ता गर्नुपर्छ । विशाल जलविद्युत आयोजनाहरू विदेशीहरूबाट फिर्ता गरेर स्वदेशी लगानीमा बनाइनु पर्दछ । किसानहरूलाई अनुदान दिनुपर्छ । देशमा स्वाधीन अर्थतन्त्रको विकास गर्नुपर्छ ।' भन्नुभयो, 'उनीहरूले यो सबै काम गर्न सक्दैनन्, गर्दैनन् । सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूले यो कुरा जनताको बीचमा पुऱ्याउनु पर्छ । र, जनतालाई संगठित रूपमा आन्दोलित तुल्याउनु पर्दछ ।'

एक अर्को प्रसंगमा महासचिव किरणले भन्नुभयो, 'संघर्षको प्रक्रियामा नै एकता र ध्रुवीकरण हुँदै जान्छ । विना संघर्ष एकता हुनेवाला छैन । अब हामीले जुझारु संघर्षको विकास गर्नुपर्दछ । नयाँ क्रान्तिको तयारी गर्न युवाहरूले भूमिका खेल्नुपर्छ । क्रान्तिका लागि सशस्त्र संघर्षको भूमिका आवश्यक पर्छ ।' उहाँले क्रान्तिकारी युवाहरूलाई क्रान्तिका निम्ति सिद्धान्त, संगठन, अनुशासन र जनतासँग एकाकार भएर अगाडि बढ्न पनि निर्देशन दिनुभयो, 'कम्युनिष्ट र वाम खोल ओढेका अवसरवादी गद्दारहरूलाई नाङ्गेझार पार्दै नयाँ क्रान्तिका लागि कस्सिनुस्' .

कार्यक्रमलाई पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीस, पिविएम तथा ३ नं. प्रदेश सचिव दिनेश शर्मा सागरलगायतका नेताहरूले सम्बोधन गर्नुभएको थियो । प्रशिक्षणका लागि ३ नं. प्रदेशका जिल्लाहरूबाट युवाहरूको सहभागिता रहेको थियो ।

## क्रान्तिकारी...

शारीरिक प्रशिक्षणमाथि स्थानीय प्रहरीले हस्तक्षेप गर्न खोजेपछि केही तनाव उत्पन्न हुन खोजेपनि क्रान्तिकारी युवाहरूले त्यसको सशक्त प्रतिकार गर्दै एक भव्य समारोहका बीच प्रशिक्षण कार्यक्रम सम्पन्न गरेका छन् ।

पार्टी पिबिएम तथा ३ नं. प्रदेश सेक्रेटरी सागरको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा पार्टी केस हस्तबहादुर केसी, पार्टी केस तथा क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष आकाश र पार्टी केस फुर्वा प्रशिक्षणबारे मन्तव्य राख्नुभएको थियो । पार्टी केस तथा क्रान्तिकारी युवा लिगका ३ नं. प्रदेश फ्र्याक्सन इन्चार्ज बसन्तको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि सागरले कार्यक्रमले युवाहरूको यो प्रशिक्षणले राजनीतिक रूपमा देशैभरि नयाँ तरङ्ग पैदा गरेको र वर्तमान दलाल प्रतिक्रियावादी सत्ताको केन्द्र हल्लिएको भन्दै अब इतिहासले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने मुख्य जिम्मेवारी युवाहरूलाई सुम्पिएको विचार व्यक्त गर्नुभयो । सम्पुर्ण क्रान्तिकारी युवाहरूलाई जिम्मेवारीबोधका साथ क्रान्तिको झन्डा उठाउन अपिल गर्दै नेता सागरले कार्यक्रमको ऐतिहासिक महत्वको विषयमा चर्चा गर्दै प्रशिक्षण कार्यक्रम भव्य र शानदार रूपमा सफल भएको पनि बताउनु भयो । पाँच दिने प्रशिक्षणको कुशल व्यवस्थापन गरेकोमा सिङ्गो मकवानपुर जिल्ला कमिटी र क्रान्तिकारी युवा लिग नेपाल ३ न प्रदेश कमिटीलाई पनि विशेष धन्यवाद दिनुभयो ।

पाँच दिनसम्म चलेको उक्त कार्यक्रममा पार्टी पिबिएम सिताराम तामाङ्गले राजनीतिक अर्थशास्त्र र पार्टी केस हस्तबहादुर केसिले मार्क्सवादी दर्शन र वैज्ञानिक समाजवादको विषयमा महत्वपूर्ण प्रशिक्षण दिनु भएको थियो । यसैगरी शारीरिक प्रशिक्षण आकश र सौरभ कायस्थले दिनुभएको थियो ।

## उपत्यकाका...

ऐतिहासिक तथा साँस्कृतिक सम्पदा नष्ट हुने टडकारो सम्भावना रहेको उल्लेख गर्दै फास्टट्र्याक बनाउने नाममा सैनिक क्याम्प खडा गरेर जब्बरजस्ती जनताको विरोध दबाउने मूर्खतापूर्ण हर्कत सरकारले नगरोस् भन्दै मोर्चाले चेतावनी दिएको छ । सरकारले कुनै पनि काम अगाडि बढाउँदा त्यस ठाउँका रैथाने जनतालाई सुविधा उपलब्ध हुनुपर्ने, ऐतिहासिक सम्पदाको संरक्षण र जनताको अधिकार स्थापित हुनुपर्ने र गर्नु पर्ने हुन्छ भन्दै तर विकासको नाममा भूमाफियाहरूबाट कमिशन प्राप्त गर्ने एक मात्र उद्देश्य बनाएर हाम्रो पुर्खाले संचित गरेका धरोहराहरूलाई नष्ट गर्न पछि नपर्ने द्रव्य पिचासहरू तथा अर्को जाति र उसको सभ्यतालाई निर्मूल पार्ने नियतका साम्प्रादायिक तत्वहरूले देशको बेहाल बनाएको दावी गरिएको छ ।

काठमाण्डौ उपत्यकामा अब फेरि कति मान्छेहरूलाई स्थायी बसोवासीका रूपमा भित्रयाउने ? भन्ने प्रश्न गर्दै वक्तव्यमा 'उपत्यकामा खुल्ला ठाउँको अभाव, पानी, बिजुलीको अभाव, फोहर मैलाको व्यवस्थापनको अभाव, भएका बाटाघाटाहरूको दर्दनाक अवस्था कसैबाट छिपेको छैन ।' भनिएको छ, 'के सत्तासीन वर्गको नियत र यहाँका आदिवासीहरूको नियति साँस्कृतिक शहरलाई दुर्गन्धित, अव्यवस्थित र अभावै अभावले ग्रष्ट बनाउने हो ? अझ आउटर रिङरोड, स्याटलाइट शहर केका लागि ? फेरि अरु लाखौ मानिसलाई उपत्यकामा बसाइसराइ गराउनका लागि र यहाँका आदिवासीहरूलाई विस्थापन गराउनका लागि हो ?'

आज काठमाण्डौ उपत्यकाको सवालमा यो सवाल जीवन मरणको विषय बनिरहेको उल्लेख गर्दै मोर्चाले 'सरकार यसमा गंभीर बनोस् । यसको हल प्रतिक्रियावादी सत्ता र यही व्यवस्थाले होइन, नेवाः स्वायत्त राज्य र उत्पीडनको पहिचानका आधारमा संघीयताले मात्र गर्न संभव छ । हाम्रो मोर्चा, नेवाः राष्टिय मुक्ति मोर्चा, नेपाल यसको लागि सम्पूर्ण जनतामा हार्दिक अपील गर्दछ ।' वक्तव्यमा भनेको छ ।

## अनेकोट...

देवकोटा, गुम्बासिं तामाङ, मञ्जु कुँवर, डम्बर श्रेष्ठ, सुभद्रा देवकोटा र चिनीमाया लामालाई जिउँदै जलाएर हत्या गरेका थिए ।

थाङ्का लेख्न छाडेर युद्धमा होमिएका च्याङ्बा लामा उक्त टिमका कमाण्डर थिए । टिममा सहभागि थिए, काभ्रेको होक्सेका चिनिमाया तामाङ, अनेकाटकै गुम्बा सिंह तामाङ, सिन्धुपाल्चोककी सुभद्रा सापकोटा, सिन्धुपाल्चोककै डम्बर श्रेष्ठ, सिन्धुलीकी निर्मला देबकोटा र सिन्धुलीकै मन्जु कुँवर ।

## के यो...

सत्ता ढाल्नका लागि पनि यी नाराहरूको भरपुर प्रयोग गरिएको थियो । यी सबै हासिल गर्नका लागि साम्राज्यवादी डाक्टरहरूले दिने गरेको औषधिको प्रेस्क्रिप्सन हो, 'नव उदारवाद', 'भूमण्डलिकरण' र 'निजीकरण' । यो प्रेस्क्रिप्सन अनुसारको औषधि, उपचार गरेकै कारण कैयौं उत्पीडित राष्ट्रहरू टाटपल्टिएको घोषित भएका छन्, कतिपय राष्ट्रहरूले आफ्नो अस्तित्व नै समाप्त पारेका छन् र कतिपय राष्ट्रका नागरिकका एक तिहाइ, आधा, हिस्सा नै आफ्नो देश छाडेर आफू र परिवारको ज्यान धान्नका लागि कौडीको मूल्यमा विदेशीहरूलाई श्रम विक्री गर्न बाध्य भएका छन् । नेपाल पनि यस्तै देशहरूको श्रेणी भित्र पर्दछ । अहिलेको नेपालको शाषक वर्ग र सत्तामा भएका पार्टीहरू पनि यही नव उदारवाद, भूमण्डलीकरण र निजीकरणका पुजारीहरू हुन् ।

नेपालकै इतिहासको प्रसंग उठाउने हो भने यी नाराहरू राजाहरूले विगतमा पर्याप्त मात्रामा प्रयोग गर्ने गरेका नाराहरू हुन् । राजा महेन्द्रले यो 'आर्थिक विकास र समृद्धि'को नारालाई, 'शान्ति र स्थिरता'को नारालाई भरपुर प्रयोग गरेका थिए । उनले बहुदलीय व्यवस्था समाप्त पारेर 'निर्दलीय पञ्चायती व्यवस्था' ल्याउनुको कारण पनि यिनै विषयलाई बनाएका थिए । उनले बहुदलीय व्यवस्थाले शान्ति र स्थिरता दिन नसक्ने, सँधै अशान्ति र अन्तर्विरोध मात्र भै रहने भएको हुनाले त्यस व्यवस्थाको अन्त गरी निर्दलीय पञ्चायती व्यवस्था ल्याएको बताएका थिए । उनले भूमिसुधार लागु गरेर कृषिको विकास, उद्योग धन्दाको विकास, शिक्षा र स्वास्थको विकास आदि कुराहरू खुब उठाउने गरेका थिए । उनीहरूले बहुदलीय व्यवस्थामा शान्ति र स्थिरता नहुने भएकाले आर्थिक विकास र समृद्धि पनि नहुने भन्दै निर्दलीय पञ्चायती व्यवस्थाको आवश्यकता भएको प्रचार खुब गर्ने गर्दथे ।

राजा वीरेन्द्रले त झन् यी नाराहरूलाई माथि मात्र उठाएनन्, अन्तर राष्ट्रियकरण समेत गरे । 'विकासको मुल फुटाउने' भन्ने नारालाई उनले पञ्चायती व्यवस्थाकै प्रमुख नारा बनाए । 'शान्ति'को नारालाई अन्तर्राष्ट्रियकरण गरेर 'शान्ति क्षेत्रको प्रस्ताव' नै अघि बढाए । खोइ त नेपालमा न शान्ति नै कायम भयो, ने विकासको मूल नै फुट्यो ।

त्यसकारण, वर्तमान शासकहरूले अतिशयोक्तिपूर्ण ढंगले उठाएका नाराहरू अरु देशमा पहिले उठाई सकिएका र नेपालमा पनि प्रतिक्रियावादी शासकहरूले उठाएर असफल भै सकेका नाराहरू हुन् । अहिले तिनै पुराना र असफल सावित भै सकेका नारालाई उठाएर यो नयाँ विषय हो भन्नु बेतुकको कुरा हो । एउटा प्रतिक्रियावादी व्यवस्था र सत्ताले यो नारा उठाउनुको कुनै औचित्य छैन ।

### प्रतिक्रियावादी शक्तिहरूको बलियो गठबन्धन

नेपालमा विगत केही दशकदेखि अघि बढेको दशबर्षे महान जनयुद्ध, दश दिने ऐतिहासिक राष्ट्रिय जनआन्दोलन, जनजाति, मधेसी, महिला, दलित आन्दोलनको राप र तापमा अघि बढेको क्रान्तिकारी परिस्थिति र माहौलले नेपालमा जुन क्रान्तिकारी आमुल परिवर्तनको अवस्था सिर्जना भयो, त्यसलाई समाप्त पार्न देशी, विदेशी, पुराना र नयाँ प्रतिक्रियावादीहरू (पहिले क्रान्ति कै नेतृत्व गर्नेहरू समेत) एकजुट भएर लागे । यी सबै प्रतिक्रियावादी र अवसरवादी शक्तिहरू एक जुट भएपछि शक्ति सन्तुलनको हिसाबले यो शक्ति तात्कालिक दृष्टिले बलियो देखियो र क्रान्तिकारी शक्ति कमजोर भयो । क्रान्तिले धक्का खायो, प्रतिक्रान्ति हावी भयो । क्रान्तिले धक्का खाएको हो, यो पूर्णरूपमा समाप्त भएको छैन । यसले फेरी माथि उठ्ने प्रयास गरिरहेको छ ।

ती सबैले गठबन्धन गरेर सर्वसम्मत रूपमा सम्पन्न गरिएको संविधान सभालाई विघटन गराएर कथित दोस्रो संविधान सभाको चुनावको नौटंकी गरे र प्रायोजित संविधान सभाबाट अहिलेको संविधान जारी गरे । यो संविधान बनाउने र जारी गर्ने पश्चगामी कामका बिरुद्ध नेपालका केही क्रान्तिकारी पार्टी र संगठनहरू उत्रिए । अन्य सबै प्रतिक्रियावादी र अवसरवादी शक्तिहरू एकजुट भए । उनीहरूका वीचमा अभुतपूर्व एकता कायम भयो । अहिलेको यो संविधान तिनै प्रतिक्रियावादी र अवसरवादीहरूको साझा दस्तावेज हो । नेकपा (क्रान्तिकारी माओवादी), यसद्वारा समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, अन्य जन र वर्गीय संगठनहरू, नेकपा जस्ता पार्टी र संगठनहरू यो संविधानलाई अस्वीकार गरेर यसलाई खारेज गराउने पक्षमा उभिएका छन् । त्यसका विरुद्ध संघर्ष गरिरहेका छन् । तर बाँकी सबै पार्टी, संगठन र शक्तिहरू यसको पक्षमा उभिएका छन् र सत्ता पक्ष, संसदको विपक्षी दल र अन्य सबै ससाना संसदीय गुटहरू सबै यो संविधानको पक्षमा एकजुट छन् । ती सबैले आत्मसमर्पण गरिसकेका छन् । ती मध्येको एउटा गुटको नेताले त नेपालमा दुईवटा पार्टी मात्र हुनु पर्ने र अरुलाई रहन दिनु नहुने जस्तो घृणास्पद अभिव्यक्ति पनि दिएका छन् । ती सबै जसरी भए पनि यसै संविधानलाई लागु गर्ने पक्षमा छन् । नेपालका राजनीतिक पार्टीको स्थिति यस्तो छ । नेपालको राजनीति यसरी दुई कित्तामा विभाजित भएको छ र परस्पर विरोधी दुई कित्तामा ध्रुवीकरण हुँदै गइरहेको छ ।

### यही अवस्थामा शान्ति र स्थिरता सम्भव छ ?

संसारमा कहिं पनि शान्ति र स्थिरता त्यही समाजमा कायम हुन सक्दछ, जुन समाजमा वर्गीय, जातीय, लिंगीय, क्षेत्रीय विभेद् र असमानताको खाडल आधारभूत रूपमा मेटिन्छ वा मेटिएको हुन्छ । नेपाल पनि त्यसको अपवाद हुन सक्दैन । जहाँ यी विभेद, असमानता र अन्तर्विरोध चर्को अवस्थामा विद्यमान हुन्छ, त्यहाँ अस्थिरता, अशान्ति, संघर्ष अनिवार्य रूपमा कायम रहन्छ । नेपाली समाजमा यी समस्या समाधान हुनेतिर होइन, झन् चर्किंदै गएका छन् । निर्वाचनका समयमा नेपाली मतदाताहरूलाई दिइएका भ्रमहरू, दिइएका आस्वाशन र प्रलोभनहरूबारे अब मतदाताहरूमा मोह भंग हुँदै गएको छ । नेपालमा विस्तारै जनअसन्तोष बढ्दै गएको छ । ती निश्चित रूपमा सुरुमा मात्रात्मक रूपमा अघि बढ्दछन् र निश्चित अवधिमा तिनले गुणात्मक रूप लिने छन् ।

अहिले नेपाली समाजमा देखा परेको दुरावस्थाको विस्तृत विवरण दिन यो सानो लेखमा सम्भव छैन । नेपाली समाजमा विद्यमान समस्याहरू र तिनीहरूलाई सम्बोधन गरी सरकारले पुरा नगरी नहुने मागको सूचि प्रस्तुत गर्न यो पंक्तिकारको नेतृत्वमा यही फागुन २५ गते गएको देशभक्त जनगणतान्त्रिक मोर्चाको प्रतिनिधिमण्डलले प्रधानमन्त्रीलाई एउटा ९४ बुँदे ज्ञापन पत्र बुझाएको थियो । ज्ञापन पत्र बुझ्दै प्रधानमन्त्रीले त्यसमा उल्लेख भएका समस्या नेपाली समाजमा विद्यमान रहेको स्वीकार गर्दै आफू यी समस्या समाधान गर्नकै लागि प्रधानमन्त्री बनेको पनि बताएका थिए । यी मागहरूलाई लिएर फेरी ज्ञापन पत्र दिनुपर्ने अवस्था नआउने प्रतिवद्धता समेत जाहेर गरेका थिए ।

तर, यही पश्चगामी संविधान, यही राज्यसत्ता र राज्य संयन्त्र रहँदासम्म, यो दलाल, नोकरशाही पुँजीपति र सामन्त वर्गको प्रतिनिधित्व गर्ने सत्ता कायम रहँदासम्म यसैलाई सुदृढ गरेर ती मागहरू पुरा गर्नु संभव होला त ? यो एउटा गम्भीर प्रश्न हो । तिनै तहका निर्वाचन भै सकेको, यो सरकार बन्दै गरेको बनिसकेपछिका घटनाहरूको मात्र अध्ययन गर्ने हो भने, यस प्रकारको चित्र देखिन्छ : नेपाली भूभाग माथिको हस्तक्षेप र अतिक्रमण बढेको, नेपालका नदीनालामाथि विदेशीहरूको नियन्त्रण झन् बढेको तिनीहरूको सहयोगका लागि सरकारी संयन्त्र नै लागि परेको, भ्रष्टाचार, तस्करी र कालो बजारी नियन्त्रण भन्दा बाहिर गएको,, महिला र बालिकाहरूको बलात्कार र हत्या झन् बढेको, महँगी चरम अवस्थामा पुगेको, शान्तिपूर्ण कार्यक्रमहरूमा सरकारी हस्तक्षेप बढेको, बेरोजगारी समस्यामा कमी आउन नसकेको र नेपाली युवाहरूको विदेश पलायनको स्थिति झन् बढ्दै गएको आदि । देशको अवस्था कतातिर जाँदैछ भन्ने बुझ्नका लागि यसै बीचमा घटेका तीनवटा घटनालाई मात्र लिँदा पनि पुग्दछ । पहिलो, सर्बोच्च अदालतमा प्रधानन्यायाधीश लगायतका अन्य न्यायाधीशहरू, न्यायिक समिति, सरकार र प्रमुख प्रतिपक्ष, बार एसोसिएसन आदिमा अवसरवादी गुटहरूका वीचको गूटस्वार्थका लागि टक्कर, निजी स्वार्थका लागि प्रतिस्पर्धा, अनुशासनहीनता, अराजकता, पुँजीवादी लोकतन्त्रका मान्यताका पनि विपरीत, कानुनी राज्य र न्यायका सिद्धान्त विपरीतका गतिविधिहरू भएका छन् । दोस्रो, गठबन्धन कै एउटा प्रमुख घटकका एउटा नेताबाट जनप्रतिनिधिहरू माथि भैरहेका आक्रमण विरुद्ध जाइलाग्नु पर्ने आवश्यकता माथि जोड दिनुको अर्थ अब सरकार ठुलो दमनको तयारी गर्दैछ भन्ने कुराको संकेत मिल्दछ । त्यसबाट यो सरकारले वस्तुतः सामाजिक फासिवाद लागु गर्दैछ भन्ने जुन आशंका भै रहेको छ, यसले त्यही कुराको पुष्टि गर्दछ । तेस्रो, सरकार र न्यायपालिकाको मान्यता प्राप्त संस्था न्याय परिषद्ले अवकाश दिइसकेका प्रधानन्यायाधीशबाट नवनिर्वाचित राष्ट्रपतिले लिएको शपथ ग्रहण । त्यो शपथ ग्रहणबारे उठेका नैतिक र संवैधानिक विवाद, महत्वपूर्ण छन् । जब राज्यको सर्बोच्च निकाय राष्ट्रपति कै नैतिकस्तर त्यहाँसम्मको छ भने अरुबाट के आशा गर्ने भन्ने प्रश्न सर्बत्र उब्जिएको छ ।

राष्ट्रिय पुँजीवादको विकास भयो भने दलाल र नोकरशाही पुँजीपति वर्गको मुनाफा र कमिसन समाप्त हुने भएको हुनाले, तिनीहरूको सत्तामा बोलवाला पनि कमजोर हुने भएकाले दलाल र नोकरशाही पुँजीपति वर्ग नै नेपालको आर्थिक विकास, समृद्धि हुन नदिने मुख्य शक्ति हो । अहिले सरकार बनाउन वा सामेल हुन पुगेका दलहरूलाई चुनाव जिताउन आर्थिक लगायतका सबै सहयोग उपलब्ध गराउने, आफ्नो सञ्चालनमा रहेका मिडियालाई उनीहरूको पक्षमा संचालन गर्ने, बिदेशी शक्तिहरूसँग उनीहरूको गठजोडका लबिङ गर्ने आदि सबै प्रकारका सहयोग गर्दै आएको, उनीहरूलाई संरक्षण दिँदै आएको दलाल र नोकरशाही पुँजीपति बर्गको हित विपरीत, राष्ट्रिय पुँजीको विकास गर्न यो सरकारले सक्ने संभावना नै रहँदैन । त्यो अवस्थामा यो सरकारले दलाल र नोकरशाही पुँजीपति बर्गको स्वार्थका बिरुद्ध नेपालमा आर्थिक विकास र समृद्धि ल्याउन सक्ने सम्भावना कसरी हुन सक्दछ ? त्यसैले देशलाई आर्थिक रूपमा समृद्ध गराउनका लागि त यो दलाल, नोकरशाही पुँजीपति र सामन्त वर्गको सत्तामा नै परिवर्तन र यो पश्चगामी संविधानलाई खारेज गर्नु आवश्यक हुन्छ । त्यसकारण, यो देशमा स्थिरता, स्थायित्व, आर्थिक विकास र समृद्धिको ग्यारेण्टी गर्नका लागि विद्यमान पश्चगामी संविधान, प्रतिक्रियावादी व्यवस्थाको अन्त्य गर्नु अनिवार्य छ । क्रान्तिकारी पार्टीको नेतृत्वमा संघर्ष गरेर मात्र यस प्रकारको परिवर्तन सम्भव छ । त्यसकारण, संघर्ष र जनआन्दोलन नै यतिखेर नेपालको प्रमुख एजेण्डा बन्न गएको छ । पूरा हुनै नसक्ने गुलिया नाराहरूको पछाडि नदगुरेर फेरि एकपटक संघर्षको एक धक्का दिएर नेपाली समाजमा आमूल परिवर्तन गरी देशमा शान्ति, स्थायित्व, आर्थिक विकास र समृद्धि ल्याउने काममा अघि बढौं ! *२ चैत ०७४*

## कम्युनिष्ट...

दक्षिणपन्थी विचलनबाट यथाशक्य मुक्त भई आवश्यकताअनुसार एकता, संघर्ष वैधानिक अवैधानिक माध्यम प्रयोग गरी अघि बढ्ने चेत हो । क्रान्ति सिर्फ बन्दुके क्रिया मात्र नभई समाज परिवर्तनको एक विहङ्गम वैज्ञानिक एवं प्राकृतिक प्रक्रिया पनि हो । बन्दुक लिएर नै कन्द्रीय राज्यसत्तालाई हल्लाएर आच्छु आच्छु पारेर नाम कीर्तिमान राख्नेहरू पनि देश दुनियाँमा खोज्ने हो भने प्रशस्त पाइन्छन् ।

महान् गुरु लेनिनकै बेलामा रुसमा लेनिन र उहाँका साथीहरू निरीह जस्तै भई थोरै संख्या रही क्रान्तिलाई जारी राखिरहेको बेलामा रुसी घनाजंगल दुन इलाका र पहाडी खोँच तथा गुफाहरूतिर आधार इलाका बनाई बस्ने डाँकाहरू पनि थिए, जसले रुसी केन्द्रीय सत्तालाई नै हल्लाईरहेका थिए । भारतका वीरप्पन, मलखान सिंह र फुलन देवी पनि एक समयमा भारतीय केन्द्रीय सत्तालाई हल्लाउने दस्यु राजहरू नै हुन् । यिनीहरू सबै एक प्रकारले सैनिक पोशाक पनि लगाउने, कुनै प्रतिक वा संकेत भएको टोपी ह्याट पनि लगाउँथे । बेलाबखत पत्रकार भेटघाट र सम्मेलन पनि गर्थे, अन्तर्वार्ता पनि दिन्थे । वीरप्पन त एक ब्यक्तिगत मनमौजी तस्कर भएपनि मलखान सिंह र फुलन देवीको त केही सामाजिक विश्लेषण पनि थियो । जनतामा प्रभाव पनि थियो । धनीमानीहरूसँग पैसा लिएर वा लुटेर ती सामाजिक रचनात्मक काम पनि गर्थे । पाटी पौवा, मन्दिर, घाट निर्माण पनि गरिहिँड्थे । मलखान त गणतन्त्र भारतीय स्वतन्त्रता दिवस पूर्ण तामझामका साथ इलाकीय जनताका साथ मनाउथे, आफ्ना डाँकु सदस्यहरूबाट सलामी ग्रहण गर्थे र त्यही दिने डाँकु सदस्यहरूलाई दर्ज्यानी ब्याच बिल्लाबाट सुशोभित गर्थे, बढुवा गर्थे जो मैदानमा सैनिक पोशाकमा लामबद्ध भै खडा रहेका हुन्थे । यिनीसँग एक लडाकु क्रान्तिकारी हुलमा हुने सबै कुरा थियो तर एक कुरा थिएन-दर्शन अर्थात् विचार निष्ठा, कार्यक्रम थिएन । गन्तव्य, स्थान थिएन, यो अराजक विद्रोहीहरूको एक भिड थियो, दर्शन विचारभन्दा पनि समाजका बहुचर्चित दस्युराजहरूका कथा, प्रसंग बालकदेखि सुन्दै आई त्यही अनुसार अवचेतन मन मनोवैज्ञानिक रूपमा निर्मित भएका व्यक्तिवादी मान्छेहरू थिए । यी दार्शनिक वा राजनीतिक भन्दा पनि स्वैरकल्पनावादी र रोमान्टिक बन्दुके थिए अनि त्यही तिलस्मी गतिविधिबाट युवा जमातलाई आफुतिर आकर्षित गर्थे । जनतामा राम्रो प्रभाव जमाएका थिए । यो अराजक विद्रोही प्रकृति विश्व कम्युनिष्ट आन्दोलनमा पनि यत्रतत्र देखिन्छन् । र, सबैभन्दा बढी तेश्रो विश्वका देशहरूमा देखिन्छ ।

निष्कर्षमा भन्दा कम्युनिष्ट नेता तथा सम्पूर्ण नेतृत्व वर्ग सबै दृष्टिबाट एक कम्युनिष्ट हुनुपर्छ । सादगीपन, आर्थिक इमान्दारिता, अध्ययन मनन्, चिन्नन, दुरदर्शी दृष्टि, संघर्ष र सम्झौतालाई ठीक समयमा ठीक ढंगले उपयोग गरी क्रान्तिलाई निरन्तरता दिन सक्ने नेता अहिलेको हाम्रो आवश्यकता हो । समुन्द्र जस्तो विशाल र गहिरो, नदी जस्तो कार्यशील गतिशील क.माओ जस्ता जोशिलो र शुरो अनि क.लेनिन झै होशिलो र तीक्ष्ण दृष्टिवान, महान गुरु मार्क्स झैं चिन्तक, त्यागी (पर्सिया को अर्थमन्त्री पाउँदा कार्लमार्क्सले अस्वीकार गर्नुभएको थियो) क. होचि मिन्ह झै सरल र समर्पित र उहाँको सार्वजनिक चौर, सडक चिया पसलमा पसी जस्तोसँग पनि मिलिरहन सक्ने स्वभाव थियो) अनि क.चे जस्तै अन्तर्राष्ट्रियतावादी र अटुल विश्वासको भण्डार नेता र नेतृत्व वर्ग हुनु पर्छ ।

केही मान्छे बटुली बीचमा केही तामझाम गरी अलिकति क्रान्तिकारी गतिविधि संचालन गरेर केन्द्रीय सत्तालाई झुकाई पावर सेयर हुने अवस्था बनाई निजी तृप्ति र तृष्णा पनि पूरा गर्ने इतिहासमा नाम र कीर्ति पनि राख्ने अनि ऐस आरामको सुखी जीवन पनि बिताउने नियत मात्र लिई त्यसैमा सीमित भै क्रान्ति वा शान्तिमा समोल हुने कि त घोर दक्षिणपन्थी हुने कि त घोर वामपन्थी हुने कहिले पनि एक सन्तुलित, सम्यक र सदावहार कम्युनिष्ट नेताको रूपमा बाँच्न नसक्ने काम गर्न नस्कने आदर्शविहीन नेताहरू सर्वहाराकृत महान् कम्युनिष्ट पथका मार्गदर्शक कदापि हुन सक्दैनन् ।

प्रतिक्रियावादीहरू धेरै किसिमका हुन्छन् । त्यसैगरी कम्युनिष्ट नेताहरू पनि चरित्र, प्रकृति र जीवन शैलीका हिसाबले धेरै किसिमका हुन्छन् भनी जनताले भित्रभित्रै विश्लेषण गर्दा रहेछन् । उनीहरूका अनुसारका कम्युनिष्ट नेताहरूमा भाङभुङ्गे, डाङडुङ्गे, समझदार, व्यवहारिक, हाउडे, हुल्लडवाज, छिपछिपे, बन्दुके, चिन्तनशील दार्शनिक, भोगविलासी, तामझामे, देखावा, अवसरवादी आदि नेताहरू हुँदा रहेछन् । उनीहरूको दृष्टि, विश्लेषण एक हदसम्म सही नै हो ।

सबै किसिमको अतिवादबाट मुक्त, जोश र होश दुवै भएको, आवश्यकता अनुसार नरम नीति र गरम नीति दुवै प्रयोग गरी क्रान्तिलाई बचाएर गन्तव्यसम्म पुऱ्याउने, देश र जनतालाई केन्द्रविन्दु बनाई राजनीति गर्ने, सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू, देश-परदेशका असल वा सत्यानुयायी तत्वहरू खोजी खोजी ती सँग एकता, मेल, सहकार्य गर्ने, अनि विशाल हृदय हुने निष्कपट, निश्छल, निर्मल जीवन भएका नेता तथा नेतृत्वले नै अन्ततः कम्युनिस्ट आन्दोलनलाई सही दिशा दिन सफल हुनेछन् । यस महान् सत्यलाई आत्मसाथ गरी निरन्तर आफ्नो महान् आदर्शप्रति कटिबद्ध भै अघि बढिरहनु नै आजका सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूको कर्तव्य हो भन्दा दुई मत नहोला ।

---

**फागुन २९ देखि चैत ५ गते सम्मको दुर्वाच्य** — रामचन्द्र हुमागाई

# गोपाल पराजुलीमञ्चन समाप्त !

**फागुन २९ गते ।** नयाँ नेपालको निर्माण कहाँबाट सुरु गर्ने ? सँघय संसदिय व्यबस्थाको निर्वाचन सँगै यो सवालले नेताहरूलाई सताएको छ । सबैभन्दा पहिले सडक सँजाललाई निर्माणको निरन्तरता दिनुपर्नेमा भ्रष्टाचार र कमिशनले दुःख दिएको छ । सडक निर्माण, खाने पानी व्यवस्थापन, स्वाथ्य र शिक्षा जस्ता महत्वपूर्ण विषयबाट नयाँ नेपालको निर्माण शूरु नगर्ने हो भने नेपाली जनतालाई गणतन्त्र काउसो सावित हुन वेर छैन ।

**फागुन ३० गते ।** 'एमाले पार्टी भनेको भीरमा झुण्डिएको तरुल हो' । भनेर भाषण गर्ने माओवादी केन्द्रका नेता मातृकाप्रसाल यादव अहिले त्यही पार्टीमा विलय भएर मन्त्री बनेका छन् । मन्त्रीबनेपछि वजारमा पसेको चोर समाउँन आफैं वजारमा पुगेछन् तर उल्टै चोरले समाएर पाता मात्रै फर्काउन वाँकी राखेछ । बिचरा मन्त्री ! यो भन्दा अगाडि मन्त्री बन्दा सहसचिवलाई ट्वाइलेटमा थुनिदिने तागत राखेका थिए तर अहिले चोरले नै ट्वाइलेटमा थुन्ला भन्ने डर । परेन फसाद ! अब झोक्किएर आफैं अनुगमनमा नजाने बरु अनुगमन गर्नेको पनि अनुगमन गर्ने सोच बनाएछन् । कुरा त ठिकै हो, चोरहरू मन्त्रीभन्दा पनि बलिया भएकाछन्, होस चाँही पुऱ्याउँनै पर्ला है ।

**चैत १ गते ।** यो हप्ता नेपालमा विभत्स दुर्घटना भयो । बँगलादेशबाट काठमाडौंका लागि उडान भरेको यु.एस.बँगलादेश विमानमा हाम्रा मित्र डा. बालकृष्ण थापा लगायत थुप्रै युवा बिद्यार्थीले प्रकृति बरण गर्नुभयो । शूरुवाती समाचारले मानवत्रुटिबाट यो दुर्घटना भएको भनिएता पनि आश्वस्त हुन कोही सकेको छैन । जे हास् यसबाट ठूलो मनव क्षति भएको छ । आइन्दा यस्ता दुर्घटनाहरू नदोहोरिउन भन्दै मृतआत्माको शान्तिका लागि कामना गर्द छु ।

**चैत २ गते ।** कसले ल्यायो यो श्वैच्छिक अबकास ? यो प्रश्न उठाउनु पर्ने बेला भएको छ । एकातिर कामचोर कर्मचारीहरू खटाएको ठाउँमा नजाने, अर्कातिर कुस्त भ्रष्टाचार गरेर अप्ठ्यारो परेपछि स्वैच्छिक अबकाश लिएर आरामले घर बस्ने काइते परम्परा बसाल्ने सूर्यबहादुर थापाले शूरु गरेको काइते नजिरलाई निरन्तरता दिएर राष्ट्रलाई दोहन गरिरहनुलाई लोकतान्त्रिक गणतन्त्रको परम्परा मान्न सकिदैन ।

**चैत ३ गते ।** नेता राम्रा र कूसल भएभने देशको विकास गर्न र सत्तामा रहिरहन अनेक तिकडम गरिरहनु नपर्ने रहेछ, यसको उधाहरण चीनलाई लिन सकिन्छ । के नै गरेका थिए र चीनका वर्तमान राष्ट्रपतिले । चीनको सर्वोच्च निकाय काँग्रेसले सी जिनपिङलाई आजिवन राष्ट्रपति वनिसहन पाउँने बाटो खोलिदिएको छ, त्यो पनि अत्यधिक बहुमतले । उनी यस्तो सौभाग्य पाउँने नेतामा तेश्रो नेता बनेका छन्, जो माओत्सेतुङ पछिका मात्रै हुन ।

**चैत ४ गते ।** प्रधान न्यायाधिश गोपाल पराजुलीले नौटँकी नै देखाए । यो हप्ताभरि उनको नाटक मञ्चन भैनै रह्यो । शूरुमा लागेको थियो, 'अदालतले मानहानी मुद्दामा राम्रै गर्न लाग्यो' तर जव न्यायपरिषदबाट उमेर ढाटेको कुरा सार्वजनिक भयो, तव नेपालमा कस्ताकस्ता मानिसले शासन गरेका रहेछन् भन्ने लाग्यो । के अब पछि सर्वोच्चमा न्यायाधिश हुनेहरू पनि चोखै होलान ? कि अव गंभीर भएर शूरुमै छानविन होला ? भएन भने गाणतन्त्रको केहाला ?

**चैत ५ गते ।** यो बोक्सीको आरोप लगाउँन कति सजिलो छ । जसलाई जे मनलाग्यो उसैलाई बोक्सी भन्ने ? हुदाहुदा छोरीलाई आमाले नै बोक्सी भनेर कुटपिट गरेको समाचार आएको छ, त्यो पनि गोर्खामा । हाम्रा जन प्रतिनिधि, निजामती कर्मचारी, महिला अधिकार कर्मी र एन. जि.ओ आइएनजिओहरू के गर्न गाउँ पसेका छन् ? यसको अनुगमन गर्नु पर्दैन ? कि भोट र नोटले मात्रै नयाँ नेपालको मार्ग खुल्छ ?


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
हेटौडा सम्पर्क : डिल्लाराम रेग्मी (९८५२०५०२५४)
फोन नं. : ०५६-४६०२५४
बुकिङ, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रौतहट
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२११४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिजर्भ गाडिका सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३१२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
०१-४१००४९४
९८४११०६९६७
९८४४४०३५५९
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चावहिलसम्मको टिकट पाइन्छ ।
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०५५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# देङ सियाओ पिङगको विरालो सिद्धान्त र सि जिनपिङ विचार



● हुकुमबहादुर सिंह

सन् १९६१ मा चीनको ग्वाङचाओ सम्मेलनमा देङ सियाओ पिङगले आफ्नो प्रशिद्ध भनाई 'मलाई कालो बिरालो वा सेतो बिरालो जे भए पनि फरक पर्दैन । त्यो असल विरालो हो जबसम्म यसले मुसा समात्छ ।' भनेका थिए । देङ सियाओ पिङगको त्यो विरालो सिद्धान्त ( अबत तजभयचथ) पहिलो पटक जुलाई ७, १९६२ मा देङको पहिलो संकलित रचनाहरूको सङ्गालोमा प्रकाशन गरिएको छ । देङ सियाओ पिङगले आफ्नो त्यो पुँजीवादी अवधारणाको 'विरालो सिद्धान्त'लाई 'कसरी कृषि उत्पादनमा बृद्धि गर्ने' भन्ने सवालमा भनेका थिए र खासगरी यसलाई उनले माओको अवधारणामा आधारित जनकम्युन प्रणालीलाई निस्तेज पार्ने रणनीतिमा गरेका थिए ।

देङ सियाओ पिङगले चीनको सन्दर्भमा ल्याएको त्यो पुँजीवादी अवधारणामा आधारित 'विरालो सिद्धान्त' अहिले चीनभित्र र बाहिरी देशहरूमा विकासवादी सिद्धान्तका रूपमा अपनाउन थालिएको छ । चीनको सिंचुवानमा जो देङ सियाओ पिङगको गृह जिल्ला हो, यो भनाई अहिले पनि लोकपृय छ । यसको मौलिक अंश, जसलाई ल्युश्याओचीले यसरी भनेका थिए 'यसमा मतलब छैन् बिरोलो पहेंलो होस अथवा कालो, जबसम्म यसले मुसा समात्छ, त्यो असल बिरालो हो ।' यसलाई ल्युश्याओचीले युद्ध लड्नेबारे भनेका थिए । 'हामीहरूले च्याङकाइसेकलाई हराउन सफल भयौ किनभने हामीले पुरानो नियमले लडाई गरेनौ अथवा पुरानो तरिकाले काम गरेनौ । लडाइको परिस्थिति जे जस्तो भएता पनि त्यसमा गणना आखिर जितकै हुन्छ । अहिले हामीले कृषि उत्पादनमा वृद्धिको आवश्यकता छ, हामीले हाम्रा अगाडिका समस्यालाई नजरअन्दाज गर्न हुँदैन् । उत्पादनका समवन्धहरूलाई ध्यान दिंदा, हामीले कुनै निस्चित अपरिवर्तन तरिकामा भर पर्न सक्दैनौ । हामीले त्यस्तो तरिका पत्ता लगाउनु पर्छ जसले जनसमुहलाई कठिन काम गर्न तयार बनाउछ र त्यस्तो तरिका छान्न उत्प्रेरित गर्छ ।' यहि पछि गएर देङको विरालो सिद्धान्त ( अबत तजभयचथ) बन्यो र यसलाई देङले 'मलाई कालो बिरालो वा सेतो बिरालो जे भए पनि फरक पर्दैन । त्यो असल विरालो हो जवसम्म यसले मुसा समात्छ ।' भनेर व्याख्या गरे । यद्धपि उनले त्यस्को रङमा परिवर्तन गरे(पहेलोलाई कालोमा) तर त्यो भनाइको मर्ममा चाही फरक थिएन् ।

सांस्कृतिक क्रान्तिको समयमा देङको यो भनाइलाई 'प्रतिक्रियावादी' भनेर आलोचना गरियो र भनियो कि यो पश्चिमी उपयोगितावादको एउटा भद्दा चिनियाँ संस्करण हो अथवा सत्यको सिद्धान्त' जसले काम गर्छ, त्यो सत्य हो ।' भन्ने मान्दछ, त्यसको विरोध गरियो । तर देङको यो भनाई चीनमा जंगलमा लागेको आगोजस्तै फैलियो र सम्पुर्ण चिनियाँहरूमा परिचित बन्यो । यो 'बिरालो सिद्धान्त'को मुल अर्थ एउटा बिरालो जसले मुसा मार्छ, एउटा असल बिरालो भन्ने हो । उनले यसलाई पार्टीको आधारभुत चाहनाको सेवागर्ने, हाम्रो देशको र आम जनताको सेवागर्ने अमुल्य काम हो भनेर व्याख्या गरे । यसलाई उनले 'सत्य के हो निस्चितगर्न अभ्यास नै एक मात्र क्राइटेरिया' भन्नु सधैभरी सही होइन भनेर माओको प्रसिद्ध कृति 'व्यवहारबारे'को आलोचना गरे र त्यसका विरूद्ध उभिए । पहिलो दोस्रोको मुल्यमा बनेको हुन्छ तर दोस्रो ज्ञानको सिद्धान्त हो तर पहिलो मुल्यको सिद्धान्तमा एउटा वर्गिकरण हो । 'बिरालो सिद्धान्त' बैज्ञानिक वर्गिकरणमा कहाँ मिलाउन सकिन्छ भनेर निस्चितगर्नलाई कठिन छ । अहिले चीनमा वर्तमान चीनीया नेतृत्वले आफ्नो नीतिलाई यसरी सुत्रवद्ध गरेको छ–मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधारा-देङ सियाओ पिङग सिद्धान्त-सि जिनपिंग विचार । र माओको निधनपछि देङ सियाओ पिङगको 'बिरालो सिद्धान्त'लाई प्रयोगमा ल्याउन थालेका छन् ।

चीनमा देङ सियाओ पिङगको 'कालो विरोलो र सेतो विरालो' को बहसलाई चीनको विशेषतामा आधारित समाजवादी अर्थतन्त्रको उन्नतिको लागि प्रयोग गर्दै चीनलाई आजको एउटा सम्मुन्नत राष्ट्रको स्तरमा उभ्याउन चीनीयाँनेतृत्व अहिले सफल भएको दावी गरिरहेको छ । माओको विचार, सिद्धान्त र मार्गदर्शनलाई आफ्नो नीतिलाई सुत्रवद्ध गर्नका लागि उपयोग त गरेको छ तर यसलाई चीनबाट निमिटयान्न पार्ने प्रक्रियामा छ । देङ सियाओ पिङगको 'कालो विरोलो र सेतो विरालो' को बहसलाई वर्तमान चीनीया नेतृत्वले व्यवहारमा बलियो गरी पक्डेर त्यसलाई भविश्यमा सि जिनपिंग विचारमा विकसित गर्दै त्यसद्धारा माओत्सेतुङ्ग विचारधारा-देङ सियाओ पिङग सिद्धान्त दुवैलाई विस्थापित गर्ने सम्भावना देखिएको छ । चीनमा देङ सियाओ पिङगको 'कालो विरोलो र सेतो विरालोमा खासै फरक छैन् यदि ती दुबैले मुसा मार्ने काम प्रभावकारी तरिकाले गर्दछन् भने' भन्ने भनाइलाई चीनको आर्थिक फड्कोमा प्रमाणित गरेर देखाएपछि त्यो क्रमसः देङ सियाओ पिङग सिद्धान्त-सि जिनपिंग विचारका रूपमा फड्को मार्न सम्भव छ तर अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा बलियो गरी स्थापित भएको मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधारालाई तत्काल हटाउन भने सि जिनपिंगलाई त्यति सजिलो भने छैन । मार्क्सवाद-लेनिनवादसित माओत्सेतुङ्ग विचारधारालाई हटाएको देख्न आम चिनियाँ जनता पनि चाहँदैनन् ।*hukumsingh2012@yahoo.com*

## सातवटा...

रूपमा विकास गर्नुभएको र माओले मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा विकास गर्नुभएको कुराको उल्लेख गर्दै आजको सन्दर्भमा मार्क्सवादी हुनु भनेको माओवादी हुनु हो, भनिएको छ । वक्तव्यमा मार्क्सका बारेमा बब अभाकियनले गरेको कुतर्कको खण्डन गर्नुको साथै प्रचण्डले मार्क्सवादप्रति गरेको गद्दारीको पनि चर्चा गरिएको छ ।

'मार्क्स र मार्क्सवादसँगै मानवजीवनको इतिहासको महान् अध्यायको आरम्भ भयो, जसमा मान्छे सर्वहारा विचारधाराले सुसज्जित भयो, समाजका बारेमा बुझ्न वैज्ञानिक बाटो पायो, वर्गसमाजमा वर्गसङ्घर्षको आवश्यकता र क्रान्तिको दिशाबारे जानकारी पायो र कसरी शोषणबाट मुक्त भएर गौरवशाली साम्यवादक पुग्न सकिन्छ भन्ने कुरा बुझ्न सक्षम भयो ।'

"मार्क्सले आफ्ना मित्र एङ्गेल्ससित मिलेर पहिलोपल्ट नारा अघि सार्नुभयो - विश्वका सर्वहाराहरू एकजुट होऔं । यो यस्तो नारा हो, जसअन्तर्गत विश्वका लाखौं श्रमजीवीले आफूलाई क्रान्तिकारी सङ्घर्षमा होमेका छन् र साम्यवादको झण्डालाई माथि झन् माथि उचाइमा उठाएका छन् । रूसमा अक्टोबर क्रान्तिको विजयसँगै मानवजीवनको नयाँ युगको उद्घाटन भयो, महान् चिनियाँ सांस्कृतिक क्रान्ति हुँदै अघि बढ्दा दर्जनौं राष्ट्रिय मुक्ति आन्दोलनहरूले साकार रूप लिए र यो आन्दोलन महान् सर्वहारा सांस्कृतिक क्रान्तिको बाटो भएर अघि बढ्ने क्रममा पेरू, भारत, फिलिपिन्स र टर्कीमा अहिले जनयुद्ध चलिरहेका छन् । मार्क्सवादलाई व्यवहारमा लागू गर्ने क्रममा भीषण सङ्घर्षका बीचबाट मार्क्सवाद-लेनिनवाद-माओवादको विकास भएर अहिले माओवाद मार्क्सवादको तेस्रो र उच्च चरणका रूपमा स्थापित भएको छ । यसक्रममा कमरेड गोन्जालोले माओवादको झण्डालाई माथि उचाल्नु भएको यथार्थ पनि प्रस्ट छ ।"

वक्तव्यमा कम्युनिस्ट घोषणा पत्रको महत्वमाथि प्रकाश पार्दै भनिएको छ, 'यो वर्ष मार्क्स-एङ्गेल्स प्रतिपादित कम्युनिस्ट मेनिफेस्टोको १७० वर्ष पुगेको अवसर पनि हो, जसले सर्वहाराको मुक्तिको नीति, कार्यक्रम र भविष्यसम्बन्धी मान्यतालाई अगाडि ल्याएको थियो । यो घोषणापत्र आजको सन्दर्भमा पनि त्यत्तिकै सान्दर्भिक छ । जस्तो यसमा प्रस्टताका साथ भनिएको छ ।'' साम्यवादीहरू आफ्ना विचार र उद्देश्यहरू लुकाउनु आफ्नो सानको विपरित ठान्दछन् । सम्पूर्ण विद्यमान सामाजिक व्यवस्थालाई बलपूर्वक ढालेर मात्र आफ्नो उद्देश्य पूरा गर्न सकिन्छ भनेर उनीहरू खुल्लमखुला घोषणा गर्दछन् । साम्यवादी क्रान्तिद्वारा शासक वर्गलाई त्राहीमाम हुनदेऊ । सर्वहारावर्गसँग गुमाउनको लागि हत्कडी बाहेक अरू केही छैन, जित्नका लागि संसार छ ।'

वक्तव्यको अन्त्यमा आजको सन्दर्भमा मार्क्सको जन्मदिवस मनाउनुको अर्थ मार्क्सवाद-लेनिनवाद-माओवाद मूलतः माओवादलाई दह्रोसित समातेर जनयुद्धको तयारीमा लाग्नु र सबै खाले अवसरवाद, हिजो बर्नस्टिनलगायतकाहरूसित लडेझैं आज बब अभाकियन र प्रचण्ड माकार्का संशोधनवादीहरूको विरुद्ध दृढताका साथ उभिनु हो भनिएको छ ।

*जनमेल डटकमबाट*

# ओलीको सरकार र विद्याको ज्वाइँ

● ऋषि कट्टेल

आइतबारको एउटा पत्रिकामा पवित्रा मुडवरीको नामवाट एउटा समाचार मुलक विश्लेषण छापिएको रहेछ । जसमा राष्ट्पति बनाइएकी विद्या भण्डारी को थापाथर भएका ज्वाईको स्कुल त्रियोगले केजीको विद्यार्थीको भर्ना शुल्क ७५०००। हजार तोकेको कुरा उल्लेख छ र निजले विगत एक डेड वर्षमा गरेको लगानीको विबरण समेत दिइएकोछ । ट्रिनिटि कलेजका संचालक ज्वाईले त्रियोग ६८ करोड, किस्ट ३२ करोड र एन आईसी इन्जिनियरिंग कलेज कलेज २८ करोडमा किने छन् । अख्तियार फाइल बोकेर चुपचाप बसेको छ अरे । दुई तिहाईको वहुमतको वलि सरकार,वलिको भरपर्दो राष्ट्पति र राष्ट्पतिको ज्वाई थापा अव कस्ले कार्वाही गर्ने ? अव छिटै अख्तियार ले सफाई दिइहाल्ने छ ।अन्यथा जागिर चट । यहीहो नेपाली जनताले ओलीको राजमा पाउने शुसाशन ।

नेपालका अधिकांस निजी शिक्षण संस्था, स्वास्थ संस्था, रियल स्टेट, म्यानपावर कम्पनिहरू, सहकारीको नाममा खोलीएका सुदखोर वित्तिय संस्थाहरू, आदी आदी सवै माफिया एजेन्सीका अधिकांस मालिकहरू एमाले ,काँग्रेस र माओवादी केन्द्रका छन । अधिकांस तस्कर हरू, कालोवजारियाहरू , ठेकेदार हरू र भ्रष्ट कर्मचारीहरू यिनै संग जोडिएका छन वा संरक्षित छन । चरि , घैटे ,वाघे ,वस्नेत, लामा , सिलवाल, मनागे,कालु, वाहुन जस्ताहस्तिहरूको लगन गाँठो यिनै संग जोडिएको छ । लामा समातिय काग्रेस जुलुस निकाल्छ, चरिजस्ता लाइ केही भए एमाले संसद घेर्छ । सुमार्गिको कालोधन वारे कुराउठे माके उधुम मच्चाउछ । के यो मनगढन्ते आरोप होर ?

कुरा त्रियोग वाट उठेको थियो । शैक्षिक क्षेत्रको विषयमा वोल्नु पर्ने विद्यार्थी संगठनहरू , शिक्षक संघ संगठनहरू ,अभिवाभक संघहरू यिनकै कव्जामा छन । नागरिक समाज, मानवअधिकारवादीहरू ,कथित वुद्धिजिवीहरू आआफ्रनाका लागि मात्र वोल्छन । संचार जगत आम रूपमा उनकै भजन गाउनमानै व्यस्त छन । यदा कदा कुरा उठेपनि पक्ष धरताको निम्ति उठछ । सारतः देश सत्ताको यातनागृहमा परिणत भएकोछ र जनता यसको बन्दी बनेका छन् । यसको विरुद्ध आवाज उठाउनेहरू माथि यातः दमन गरिएको छ या उनका आवाजहरू थुन्न सवै हतकण्डाहरू प्रयोग गरिएकोछ । अनि हामी नेपाली जनता भने यिनकै शुसाशन र सम्बृद्धिको हावादारी कुरामा मख्ख छौ । - *कट्टेलको फेसबुक पेजबाट*


नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु क्वारेन्टाइन कार्यालय
गड्डाचौकी, कञ्चनपुरको

सूचना

१. बाह्य मुलुकबाट पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री पैठारी गर्दा नाकामा रहेका पशु क्वारेन्टाइन चेकपोष्टमा परीक्षण गराइ क्वारेन्टाइन प्रमाणपत्र लिएर मात्र पैठारी गरौं ।
२. पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री निकासी पैठारी गर्दा पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ र सो को नियमावली २०५६ तथा पशु सेवा विभागले तोकेको मापदण्डअनुसार मात्र गरौं ।
३. भारतबाट नेपालमा अण्डा, कुखुरा तथा कुखुराजन्य पदार्थ हाल पूर्णरूपमा रोक लगाइएकोले पैठारी नगर्न नगराउन हुन सबै वर्गमा अनुरोध गरिन्छ ।



स्वास्थ्यसम्बन्धी सन्देशहरू

राष्ट्रिय खोप तालिका

| खोप कहिले दिने | खोपको नाम | कुन रोगबाट बचाउन ? |
|---|---|---|
| जन्मने बित्तिकै | बि.सि.जी. | क्षयरोग |
| ९ हप्तामा | डि.पि.टि.-हेप. बी-हिव, पोलिया, पि.सि.भि. (पहिलो मात्रा) | भ्यागुतेरोग, लहरेखोकी, धनुष्टंकार, हेपाटाइटिस-बी, हेमोफिलस, इन्फ्लुइञ्जा-बी, पोलियो र निमोनिया |
| १० हप्तामा | डि.पि.टि.-हेप. बी-हिव, पोलिया, पि.सि.भि. (दोस्रो मात्रा) | भ्यागुतेरोग, लहरेखोकी, धनुष्टंकार, हेपाटाइटिस-बी, हेमोफिलस, इन्फ्लुइञ्जा-बी, पोलियो र निमोनिया |
| १४ हप्तामा | डि.पि.टि.-हेप. बी-हिव, पोलिया, पि.सि.भि. (तेस्रो मात्रा) | आई.पि.भि.भ्यागुतेरोग, लहरेखोकी, धनुष्टंकार, हेपाटाइटिस-बी, हेमोफिलस, इन्फ्लुइञ्जा-बी, पोलियो |
| ९ महिनामा | पि.सि.भि. (तेस्रो मात्रा), दादुरा- रुबेला (पहिलो मात्रा) | निमोनिया, दादुरा र रुबेला |
| १२ महिनामा | जापानिज इन्सेफालाइटिस | जापानिज इन्सेफालाइटिस |
| १५ महिनामा | दादुरा- रुबेला (दोस्रो मात्रा) | दादुरा र रुबेला |

● खोपले जीवन रक्षा गर्छ, खोप सुरक्षित हुन्छ ।
● खोप केन्द्र तथा सरकारी स्वास्थ्य संस्थमा खोप निःशुल्क पाइन्छ ।

जिल्ला स्वास्थ्य कार्यालय, रामेछाप







**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।